# परिच्छेद एक : परीचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा सम्पूर्ण मानव विकासका लागि महत्त्वपूर्ण आधार हो । यो संसारलाई हेर्ने बुझ्ने र बदल्ने चेतनाको सशक्त माध्यम तथा मानव विकासको अमूल्य रत्न हो । त्यसकारण शिक्षा प्रत्येक व्यक्तिको मानव अधिकारको विषय हो । जुन तथ्यलाई संयुक्त राष्ट्रसंघद्वारा पारित बडापत्रमा समेत उल्लेख भइसकेको ६ दशक वितिसकेको छ । आधारभूत शिक्षामा सम्पूर्ण नागरिकको सहभागिता कसरी र कहिले सम्ममा पुऱ्याउन सकिन्छ भन्ने विषयमा विश्वमा २ ओटा शिखर सम्मेलन भइसकेका छन्, (सन् १९९० को थाइल्याण्डको जोमटिन र सन् २००० को सेनेगलको  डकार सम्मेलन) । यो सम्मेलनलमा विश्वका हरेक राष्ट्रले सन् २०१५ सम्ममा निःशुल्क तथा अनिवार्य प्राथमिक शिक्षा हरेक नागरिकको पहुँचमा पुऱ्याउने अन्तर्राष्ट्रिय प्रतिबद्धता जाहेर गरिएको छ , (शर्मा एण्ड शर्मा,२०६६) ।

यसरी अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार राष्ट्रले शिक्षामा गरेको लगानीको सार्थक प्रतिफलको लेखाजोखा गर्ने बेला हो यो । देशमा पिछाडिएका जातिजनजाति र वर्गको पहुँच प्राथमिक शिक्षामा छ छैन ? देशका कति प्रतिशत नागरिक शिक्षाजस्तो मानवअधिकार पाउनबाट बञ्चित छन् ? शिक्षामा सहभागिता हुनलाई के कस्ता तत्वले प्रभाव पारेको छ ? यी सोधखोजका विषय हुन् ।

“शिक्षाका लागि समान अवसर” यो शिक्षाक्षेत्रमा प्रचलित विश्वव्यापी नारा हो । यस सिद्धान्तले सामान्य अर्थमा सम्पूर्ण बालबालिबालाई शिक्षाप्रदान गर्ने मान्यता बोकेको पाइन्छ । तर देशका विविध कारणले गर्दा सम्पूर्ण बालबालिबालाई समानरुपबाट शिक्षा प्राप्तगर्ने मौका प्रदान गरिएको हुँदैन । यसलाई प्रष्टरुपमा भन्ने हो भने विकसित र विकासन्मुख मुलुकहरूका विपन्न वर्ग झनझन विपन्न बन्दै जाने र सामाजिक परिवर्तनको आशागर्न नसकिने स्थिति देखापर्दछ । यसका लागि शिक्षालाई व्यापक वनाइनु पर्दछ । देशको भू-संरचना कस्तो छ ? शिक्षामा अवसर दिँदा छनोट गर्ने प्रक्रियाहरू कस्ता छन् ? सामाजिक वातावरण कस्तो छ ? जस्ता कुराहरूले शिक्षाको समान अवसर प्रदानगर्नमा असरपार्नु अस्वभाविक होइन, (शर्मा एण्ड शर्मा, २०६३) ।

नेपाल सांस्कृतिक विविधताले भरिएको देश हो । यहाँ विभिन्न जातजाति, भेषभूषा, भएका मानिसको वसोवास भएको स्थल हो । जसले नेपालको संस्कृति, गौरव र पहिचान बोकेको छ । तर विडम्वनाको रुपमा यो जातीय विविधता नेपाल र नेपालीको पहिचान र गौरवको विषय भन्दा पनि पर यो सामाजिक विभेदीकरणको सुत्रपात बन्यो । एक्काइसौं शताब्दीको प्रजातान्त्रिक युगमा पनि मानव मानव बीच भेदभाव र जातीय पर्खाल खडाभएको पाइन्छ । जसले गर्दा राज्यद्धारा प्रदत्त सुविधा एवं सेवामा समेत क्षमता राख्छ । औकातमा नभएर

जातीयता र वर्गीयताको आधारमा सहभागिताहुने गरेको तीतो यथार्थता सबै सामू छर्लङ्ग भएको छ ।

१०४ वर्षे राणाशासन, ३० वर्षे पञ्चायती व्यवस्था अन्त्य गरी २०४६ सालको जनआन्दोलनले नेपालको संविधान २०४७ निर्माण गरेको थियो, जनताको जीउधन र स्वतन्त्रताको सम्बर्द्धन र संरक्षण गरी आर्थिक, सामाजिक, एवं शैक्षिक क्षेत्रलगायत राष्ट्रिय जीवनका सबैजसो क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी खुल्ला समाजमा आधारित लोककल्याणकारी व्यवस्थाको अभिबृद्धि गरी लोककल्यणकारी राज्यको स्थापना गर्नु राज्यको प्रमुख दायीत्वको रुपमा प्रत्याभूत गरेको थियो । त्यसैगरी जनआन्दोलन दुईको उपलब्धी स्वरूप निर्मित नेपालको अन्तरिम संविधान २०६३ ले पनि यही कुरा प्रत्याभूत गरेको कुरा हामी सबै सामू  छर्लङ्ग छ, (अन्तरिम संविधान २०६३) ।

निर्मित संविधान अनुरुपको उद्देश्यहरु  परिपूर्ति गर्नु राज्यको उत्तरदायित्व हुन जान्छ । राज्यले आर्थिक उपलब्धीको समान र न्यायोचितरुपले वितरणगर्नु पर्दछ । कुनै व्यक्ति वा वर्गप्रति आर्थिक शोषण हुन दिनु हुँदैन । सबै प्रकारका आर्थिक तथा सामाजिक असमानता हटाई विभिन्न जातजाति, धर्मभाषा, पेसा, बर्ग र सम्प्रदाय बीच समाञ्जस्यता कायम गरी न्याय र नैतिकतामा आधारित स्वच्छ, स्वस्थ्य र सामाजिक जीवनको परिकल्पना गर्नु राज्यको उद्देश्यहरू हुन जान्छन् ।

संविधानले उपर्युक्त उद्देश्यहरू परिपूर्ति गर्नका लागि राज्यले अनेकन नीति नियमहरूको तर्जुमा र परिपालना गर्नुपर्ने व्यवस्था गरेको छ । भौगोलिक संरचना र प्रादेशिक वितरण अनुसार सबै ठाउँको सन्तुलित विकासको लागि आर्थिक लगानीको न्यायोचित वितरण गरी सबै क्षेत्रका जनताको स्वास्थ्य, शिक्षा आवास र रोजगारी जस्ता आधारभूत कुराहरूको विकास गरी जनताको जीवनस्तर उकास्न र सुखी सम्पन्न बनाउने नीति राज्यले लिनुपर्ने अवस्था स्पष्ट किटान गरिएको छ , (नेपालको अन्तरीम संविधान, २०६३) ।

नेपालमा २३० वर्षे राजतन्त्रको अन्त्य गरी दलहरूबीच लोकतन्त्र, शान्ति र अग्रगमनका लागि १२ बुँदे समझदारी कायम भएको छ । देशमा विद्यमान जातीय, क्षेत्रीय लैङ्गिक समस्यालाई समाधान गर्न राज्यले अग्रगामी पुनःसंरचनागर्ने सङ्कल्प गरेका छन् । अब शान्ति बहालीगर्दै दीगो शान्तिकालागि आम नागरिकमा जागरुकताको आवश्यकता छ । यसैबाट राष्ट्र र लोकतन्त्रको जग बस्न सक्दछ । त्यसैले प्रत्येक नागरिकको अन्तरनिहीत क्षमतालाई प्रस्फुटनगरी नैतिक र सच्चरीत्रताको विकास गराउने परिवेशमा नेपालको शिक्षा लोकतान्त्रिक, समावेसी र गुणात्मक हुनुपर्ने कुरामा कसैको दुईमत हुनसक्दैन । शिक्षाको पहुँच सबै बर्ग तथा तप्कासम्म पुगी अन्तर्निहीत प्रतिभाको प्रष्फुटनगर्दै सामाजको अग्रगामी विकासमा मानवीय  मूल्य र मान्यतालाई वैज्ञानिक दृष्टिकोणले हेर्ने र सोच्ने बानी बसाल्नु पर्दछ । देशका प्रत्येक नागरिकको आर्थिक क्षमताको वृद्धिगरी देश प्रेम र श्रमप्रति आदर गर्ने ज्ञान, सिप र प्रविधिको विकास गर्न सशक्त माध्यमको रुपमा शिक्षालाई नै प्रभावकारी रुपमा परीचालन गरिनु पर्दछ , (शान्ति समिति, २०६३) ।

राज्यले सबैका लागि शिक्षाको समान अवसर सिर्जना गर्न विद्यमान सामाजिक तथा आर्थिक संरचनामा ठूलो फड्को मार्नु पर्ने हुन्छ । हाम्रो समाजमा असमान सामाजिक तथा आर्थिक संरचना भएकोले विद्यालयमा पढ्ने बालबालिकाको सिकाई उपलब्धी तथा शिक्षामा सहभागिता समान हुनसक्दैन । नेपालले सबै बालबालिकाका लागि आधारभूत शिक्षाको अधिकार सुनिश्चित गर्ने प्रतिवद्धता गरे पनि व्यावहारमा उतार्न सकिरहेको छैन । विद्यालय छाड्नेदर प्राथमिक स्तरमा नै उच्च रहेको छ ।

अहिले हाम्रो देशमा सरकारी र निजी गरी जम्मा २८ हजार १३१ विद्यालयहरू रहेका छन् । प्राथमिक तहमा भर्नादर ८७.४ प्रतिशत छ । विद्यालय जाने उमेरका बालबालिका मध्ये आदिवासी जनजाति ३८ प्रतिशत, दलितको १८ प्रतिशत र अपाङ्ग १ प्रतिशत रहेका छन् । प्राथमिक शिक्षामा महिला शिक्षकको अनुपात ३०.८ प्रतिशत, दलित शिक्षकको २.५ प्रतिशत र जनजाति शिक्षकको १७.८ प्रतिशत रहेको छ । यसरी शिक्षामा सबै लिङ्ग, वर्ग र क्षेत्रका बालबालिकाको समान सहभागिता देखिदैन । सबै जातजाति, भाषाभाषी, धर्म, वर्ण, लिङ्ग, वर्ग आदि बीच मेलमिलाप, प्रेम, सहिष्णुता, दया एवं मैत्रिपूर्ण भावको विकास शिक्षाले नै गर्दछ । देशमा शान्तिकायम गर्नकालागि संयुक्तराष्ट्रसंघीय प्रयत्नलाई अघिबढाउने छ र आफना बालबालिकाको शिक्षारोज्ने अधिकार अभिभावक समेतलाई हुने छ भनी नेपालको अन्तरिम संविधान २०६३ मा भनिएको छ , (गौतम, २०६४) ।

जनजाति भन्नाले आफ्नै छुट्टै सामूहिक सांस्कृतिक पहिचान भएको, जसको परम्परागत सामाजिक संरचना समानतामा आधारित छ, जसको आफ्नै परम्परागत भाषा, धर्म रीतिरिवाज संस्कृति छ, जसको आफ्नै परम्परागत भौगोलिक क्षेत्र छ , जुन समुदाय भित्र हाम्रो भावना छ , जुन समुदायको आधुनिक नेपालको राजनिति र राज्य संरचनामा निर्णायक भूमिका नभएको पाइन्छ । शिक्षामा दलित तथा पिछडिएका जनजातिहरूको सहभागितामा कमि हुनुमा आर्थिक तथा सामाजिक कारणहरू नै भएतापनि देशको भौगोलिक बनावट तथा राजनैतिक कारण पनि विद्यमान रहेको पाइन्छ । आर्थिक विपन्नता, शैक्षिक चेतनाको कमी, परम्परागत सामाजिक धारणा, अन्धविश्वास तथा छिटो विवाह, घरायसी काममा व्यस्तता आदिलाई पनि लिन सकिन्छ ।

पूर्व नेपालमा लिम्बूहरू आउनुभन्दा पहिले यो किराँत भूमि आठ सामन्त प्रमुखहरूमा बाँडिएको थियो । तिनीहरूलाई-होन्देन हाङ, याकेदेहाङ, चेस्बीहाङ, रासापाङबो हाङ, खेसिबा हाङ, इकाङबो हाङ, खादिहाङ र इमे हाङ भनिन्थ्यो । इमे हाङ, लाप्चेहरूका नेता थिए, जो पूर्वमा देउमाईदेखि टिष्टाङ नदी सम्म फैलिए । पछि तिनीहरू कालिम्पोङको तामासाँ डालीङमा र भोटाङसम्म फैलिए । तिनीहरू जो उत्तरतिर सानगुट ल्याङ, माय ल्याङ जसलाई अहिले दार्जिलिङ, सिक्किम भनिन्छ, त्यता फैलिए । खादीहाङ बाहेक अरु प्रमूखहरू खाम्बोङबा वा खम्बो वा खाम्बोजा जनताहरूका नेता थिए जो पश्चिमतिर दूधकोशी नदीसम्म फैलिए । अर्का नेता खादीहाङ बोडो किराँत समुदायको नेता थिए जो इलाम जिल्लाको मेचीपहाडदेखि झापा तराइ भूमि सिलिलगुढी, मैनागढी र पश्चिम नेपालको महाकाल गढीसम्म फैलिए । ती ताइशान समुदाय जो उत्तर बर्माको नाममउ  भूमिबाट

उत्तर-पश्चिम दिशातिर बसाँइसरे तिनीहरूले घिण्डविन नदी र पाइकोई पहाड बीचको भूभाभमा बसोबास कायम गरे। तिनीहरू त्यहाँ धेरै वर्षसम्म बसे। एउटा शाखा जुन मङमाउदेखि दक्षिण पश्चिम फैलियो जुन मोकवान भन्ने स्थानमा स्थापित भयो। तिनीहरूले आफैलाई शान मोकबान परिवारका हौं भने। त्यहाँबाट एउटा परिवार सिट्टाङ उपत्यकामा बसाँइ सऱ्यो। ती शानमोकवान जनता निम्न दश नेताको नेतृवमा आसाममा आए। थोसो विङ काङ लाइङ हाङ, .थिनदाङ सावा रो हाङ, थोसा दिङ हाङ ले सावारो हाङ, थदिङ ताङ साक सावारो, मोगोप लुङमा खामबेह सावारो हाङ, योक फो दिङ सावारो हाङ, योको दिङ सावारो हाङ, मोगुप लुङमा लाङसो दिङ सावारो हाङ ,योकफो दिङ इगहाङ लाइङबो हाङ, तो तोलितङवो हाङ। त्यहाँ दश लिब्बूको अतिरिक्त तीन वर्गका पुरोहित थिए। तिनीहरू फेजीकुम फेदाङमा, साम्वा हाङ, इप्लीहाङ, सामुन्धु येप मुन्धुम थिए। ती सानमोकवान जनता र तिनीहरूका नेता ती पुरोहीतहरूको नेतृत्वमा हिडे। जब तिनीहरू आसाम आए त्यहाँको भूमि आफ्नै बंशहरूले विल्कुल ओगटेको पाए। त्यसकारण तिनीहरू लगातार पश्चिम तराई भूमिमा आए, त्यहाँबाट अझ पूर्वनेपालको पहाडी भूमिमा आए। तर त्यो स्थान किराँत आठ प्रमुखहरूको अधिकारमा थियो। तिनीहरू ती आठजना किराँत प्रमूख कहाँ तिनको सार्वभौमिकतामा बसोबास गर्ने अनुमति माग गरे। यसरी तिनीहरूले आठ प्रमूखका अदलमा किराँत भूमिमा बसोबास गर्न लागे।

जब तिनीहरूको परिवार सङ्ख्यामा बृद्धि भयो, तब तिनीहरूको भीड यति बढ्योकी तिनीहरूका प्रमुखले उनीहरूको विरुद्धमा खराब विचार लिन थाले। ती किराँत प्रमुखहरूले उनीहरूलाई यति साह्रो दवाउ गरेकी ती शान मोकवानी जनताको सन्ततिले सहन सकेनन्। तिनीहरू ती शासकहरूको विरुद्ध षडयन्त्र रच्न थाले। तिनीहरू आमबे-पोजोमा कामकेत लाङमा र सुमहेत लुङमा भन्ने स्थानमा सभाको आयोजना गरे (त्यो स्थान नेपाल पल्लोकिराँत, लिम्बूवान, पाँचथर जिल्ला सदरमुकाम छेउ गढीमा छ, जो अहिले पनि देख्न सकिन्छ )। सो भेलामा गम्भिर छलफल पछि अन्तमा तिनीहरूको बिरुद्धमा विद्रोहगर्ने निर्णय गरे। तिनीहरू संगठित भए तीन ओटा आँपकोबोट रोपी पूजाका लागि स्थान निर्माण गरे र पबित्र पानीले सिञ्चन गरेपछि प्रत्येक योद्धाले युद्धमा विजय हाँसिल गर्ने छु वा मर्ने छु, युद्ध भूमिबाट तबसम्म घर फिर्ने छैन, जबसम्म यो देशबाट राजाहरूलाई धपाउने छैन, तब यूद्धभूमि छाडि भागेमा तुरुन्त मृत्युहोस् भन्दै प्रत्येक व्यक्तिले त्यो पवित्र स्थानको सामुन्ने सपथ ग्रहण गरे। आठजना किराँत राजाहरू र शान मोकवानी जनताहरूका बीच एउटा भीषण युद्ध सुरुभयो। शानमोकवानी जनता पनि धेरै वीरताकासाथ लडे। प्रत्येक गाउँमा शान मकवानी जनताले तिनीहरूको किराँत राजा उपर विजय प्राप्त गर्दैगए र तिनीहरूकै भूमिबाट धपाए। कोही राजाहरू यूद्धमैदानमा मारिए र कोही तिनीहरूको जन्मभूमि छाडी अन्य देशतर्फ भागे। ती शान मकवानी जनताले त्यो देशलाई तिनीहरूको आफ्नै जस्तैगरी जफत गरे। तब तिनीहरू त्यो पबित्र भूमिमा भेला भए र सल्लाहगरि तिनीहरूले जितिएको भूमिको सिमाना निर्धारण गरे । तिनीहरूले उत्तर सिमाना तिब्बत, दखिन सिमाना भारतको पूर्णिया जिल्ला छेउ जलाल–गढ सम्म भूमि, पूर्वसिमाना टिष्टा नदी, पश्चिम सिमाना दूधकोशी नदी निर्धारण गरे। तिनीहरूले सोही पवित्र स्थानमा आमपबेपो जोमामा लगातार

सभाको आयोजना गरे । सरसल्लाह पश्चात त्यो किराँत भूमिलाई लिम्बूवान नामाकरण गरे । लिम्बूवानको किराँत भूमिलाई दश जिल्लामा विभक्त गरीसके पछि शान मोकवान जनताका दश नेताहरूको प्रतिनिधि पुनः तिनीहरूको पबित्र स्थान आमबेपो जोमाको सभामा जम्मा भए र छलफल पश्चात् तिनीहरूले आफ्नो जातीयताको निर्णय गरे । सोही निर्णयअनुसार शान मोकवान नामलाई याक्खा थुम्बा वा लिम्बूमा परिवर्तन गरे, (लिम्बू, २०५१, पेज नं ४७ बाट उद्धृत) ।

लिम्बूहरूको मूख्य बासस्थान पूर्वी पहाडको अरुण र मेची नदिको बीचमा पर्दछ । यिनीहरू किराँतेश्वरलाई देवता मान्दछन् । आफूलाई उनैको सन्तान ठान्दछन् । यो जाति पाँचथरमा झन बढी केन्द्रित छ । यिनीहरूको मूख्य पेसा कृषि नै हो । "धान नाच" मूख्य चाड हो , गाँउको प्रमूखलाई "सुब्बा" भन्दछन् । बालि भित्र्याउँदा "न्वागी पूजा" गर्दछन् । "किराँत धर्म" मान्दछन् । मृतकलाई डाडाँमाथि सामूहिक चिहान भएको ठाँउमा गाड्दछन्, (आचार्य, २०५६) ।

शिक्षा पाउने प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । कम्तीमा पनि प्रारम्भिक र आधारभूत तहमा शिक्षा निशुल्क र अनिवार्य हुन्छ । प्राविधिक र व्याबसायिक शिक्षा सर्वसुलभ हुनेछ र योग्यताको आधारमा समान रुपमा उच्च शिक्षा उपलब्ध हुनेछ । मानवको  व्यक्तित्वको पूर्ण विकास र मानव अधिकार तथा मौलिकहक स्वतन्त्रता प्राप्तीको आधारलाई बलियो वनाउने शिक्षाको लक्ष्य हुनेछ । सबै जातजाति, भाषाभाषी, धर्म, वर्ण, लिङ्ग आदि बीच मेलमिलाप प्रेम सहिष्णुता दया एवम् मैत्रीपूर्ण भावनाको बिकास शिक्षाले नै गर्दछ । देशमा शान्ति कायम गर्नका लागि संयुक्तराष्ट्रसंघिय प्रयत्नलाई अघिबढाउनेछ र आफ्ना बालबालिबाको शिक्षा रोज्ने अधिकार अभिभावक समेतलाई हुनेछ भनिएको छ, (नेपालको अन्तरिम संविधान २०६३) । आफ्नाभावना व्यक्तगर्न नसक्ने, राज्यले हरेक क्षेत्रमा समान अवसर प्रदान नगरेका राजनितिक सहभागिताबाट बञ्चित समाजका माथिल्ला वर्गका भनिनेहरूवाट हेपिएका, छटपटिएका र अशक्तरुपमा रहेकालाईँ दलित, जनजनती सुविधा विहीन वर्ग भनिन्छ, भन्ने कुरा मानव अधिकार विधानको धारा १९६८ धारा २६ मा उल्लेख गरिएको छ । यसैको हाराहारीमा पर्ने आर्थिक, सामाजिक, धार्मिक एवं सांस्कृतिक र राजनैतिक दृष्टिकोणले पिछडिएका आदिबासी मध्येका एक जनजाति  लिम्बू जाति पनि हुन् ।

देशको कुल जनसङ्ख्याको ठूलोभाग ओगटेको जनसङ्ख्या राष्ट्रिय स्तरमा हेर्दा आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक र राजनैतिक रुपमा पिछडिएका छन् । यसको मूलकारण शैक्षिक अवसरबाट वञ्चित हुनु नै हो  । यदि यो समस्याको समाधानगर्ने उपायहरू खोजी गरी लिम्बू बालबालिकाहरूलाई पनि शिक्षाको अवसर प्रदान गर्न प्रयास नगरिएमा देशको समग्र बिकास लङ्गडो हुनजान्छ । यतिसम्मकी लिम्बू जातिको वाहुल्यता भएका जिल्लामा समेत यी जातिहरू पिछडीएका छन् । जनआन्दोलन दुईको सफलता पछि लिम्बूवान क्षेत्र समेत घोषणा भएका जिल्लामा समेत लिम्बू जातिको अझै पनि आर्थिक, सामाजिक, धार्मिक एवं सांस्कृतिक र राजनैतिक दृष्टिकोणबाट हेर्दा सुधार भएको देखिदैन र यी जातिलाई हरेक क्षेत्रमा अग्रसर र उत्प्रेरित गराउनका लागि उनीहरूमा चेतनाको स्तर अभिबृद्धि गराउनुपर्ने प्रमुख आवश्यकत हुनआउँछ । किनभने यी जातिलाई जादु गरेर एकै पटक हरेक सवालमा आमूल परिवर्तन गर्न सकिदैन । यसका लागि यो जातिका बालबालिकालाई शैक्षिक अवसर प्रदान गर्नु पर्ने हुन्छ । यसका लागि लिम्बू जातिका बालबालिकाको शैक्षिक  स्थिति कस्तो छ ? के कति कारणले शैक्षिक स्थिति राम्रो छैन ? प्राथमिक तहको सहभागितामा देखिएका

समस्याहरू के के हुन् ? समस्याको समाधानका लागि उपायहरू के के हुन् सक्छन् ? भनी अध्ययन गर्नु आजको आवश्यकता ठानी त्यस विषयमा अध्ययन अगाडि बढाएको छु ।

जातीय हिसाबले झापा जिल्लामा ९६ जातिहरू छन् । ती जातिहरूमा ब्राह्मण, क्षेत्री, लिम्बू, राई, मगर, गुरुङ, नेवार, तामाङ्ग, दमाई, कामी, सार्की राजवंशी, सतार, चौधरी, धिमाल, मेचे, मुसलमान, आदि यहाँका प्रमुख जातिहरू हुन्, (कान्तिपुर, २०६७ भाद्र ६ गते) । नेपालको पूर्वी जिल्ला ताप्लेजुङ्ग, पाँचथर, तेह्रथुम आदिमा आफ्नो बसोवास भएका लिम्बू जातिले इलाम जिल्लामा राणाकालमा कीपटको रुपमा जमिन पाएदेखि नै बसोबास गर्दै आएका भए पनि २०२१ साल देखि झापा जिल्लाको तोपगाछी गा.वि.स.मा विभिन्न जिल्लाहरूबाट बसाइँ सरेर बसोबास गर्न शुरुगरे । २०५८ सालको जनगणना अनुसार यहाँको जनसङ्ख्या २७३६९ छ । यस गा.वि.स. को नाम तोपगाछी रहनुमा विभिन्न भनाइहरू रहेका छन् । त्यस बेला तोपगाछी ५ ढ्याङ्ग्री खोला र देवी खोलाको संगम स्थलमा पहिले घना जङ्गल थियो, त्यस स्थानबाट दिनको १२ वजे तिर तोप पड्किएको जस्तो आवाज सुनिन्थ्यो । यसरी गाछीको बीचबाट तोप पड्किएको जस्तो आवाज सुनिने हुनाले यस ठाउँलाई तोपगाछी भनियो भन्ने भनाइ छ । त्यसैगरि हालको पारावारी वार्ड नं. ९ मा एउटा तोप आकारको रुख थियो यसैको आधारमा यस स्थानको नाम तोपगाछी राखियो भन्ने अर्को किम्बदन्ती छ । त्यसैगरी यस क्षेत्रमा धेरै रुखहरू थिए ती मध्ये एउटा ठूलो रुखको ध्वान्द्रोमा तोप भेटिएकाले तोपभएको रुख भनेर तोपगाछी भनिएको हो भन्ने भनाई पनि छ । यस स्थानमा तोप जातिका चराहरूले गुँडलगाउने गरेको गाछी भएको हुनाले यसको नाम तोपगाछी राखिएको हो भन्ने अर्को भनाइ छ, (प्रतिविम्व,२०३६) ।

झापा जिल्लाको पश्चिम भागमा पर्ने तोपगाछी गा.वि.स.को क्षेत्रफल ६४.३३ वर्ग कि.मी. रहेको छ । यस गा.वि.स.को पूर्वमा धरमपूर, पाँचगाछी, सतासीधाम र महाभारा गा.वि.स.हरू रहेका छन्, पश्चिममा लखनपुर र गौरादह, उत्तरमा इलाम, दक्षिणमा वैगुनधुरा र महाभारा गा.वि. स. हरू रहेका छन् । २०५८ सालको जनगणना अनुसार यहाँको जनसङ्ख्या २७३६९ रहेको छ । यस गा.वि.स.मा ४८१५ परिवार बसोबास गरेका छन् । पूर्वमा कमल खोला, बीचमा केरखा खोला र ढ्याङ्ग्री खोलाको पानीका मुलहरू रहेको यहाँको भूमि खेतीका लागि उर्वर मानिन्छ । उत्तरबाट दक्षिण तर्फ साँगुरिदै गएको यो गा.वि.स.को अधिकाङ्श भागमा धान खेती हुने गर्दछ । उत्तर-दक्षिणतिर कच्चि र ग्रावेल बाटाहरूले महेन्द्र राजमार्गसँग जोडेको यो गा.वि.स. खानेपानी, विजुलीबत्ती, शिक्षा, स्वास्थ्य जस्ता विकासका पूर्वाधारहरूमा निक्कै अगाडि छ । यो गा.वि.स.को भू-भाग उत्तरबाट दक्षिणतिर होचो हुँदै गएको छ ।

नेपालमा १०४ वर्षसम्म जहानियाँ राणाशासनका कारण शिक्षाको ज्योतिलाई फैलिन दिइएन । औपचारिकरुपले शिक्षा अगाडि बढ्न नसके पनि अनैपचारिक रुपमा गुरुकुलीय शिक्षा लिनेदिने कार्यभने भइरहे पनि यो गा.वि.स.मा भने पञ्चायती व्यवस्थाको प्रारम्भ भएपछि र यस क्षेत्रमा बसोबास गर्न थालेपछि मात्र भएको पाइन्छ । कमला प्रा.वि..को स्थापना वि.सं २०१९ सालमा भएको थियो भने वाँसबारी नि.मा.वि.को स्थापना वि.स. २०२१ सालमा भएको थियो । महेन्द्र रत्न उ.मा.वि.को स्थापना वि.सं.२०२४ सालमा भएको थियो । माध्यमिक तहको पढाइहुने यस गा.वि.स.मा एउटामात्र महेन्द्र रत्न मा.वि.को रुपमा तोपगाछी ३ समयगढमा पढाइ हुने गरे पनि लिम्बूहरूको बसोबास भएको क्षेत्रका

वडाहरूमा भने केन्द्र न.७ को नाममा हालको तोपगाछी-७ केर्खामा कक्षा ३ सम्म मात्र पढाइ हुने गर्थ्यो । पछि २०४८ सालदेखि यस विद्यालयमा मा.वि.स्तरको पढाइ हुन थाल्यो जुन अहिले श्री शहीद धर्मभक्त उ.मा.वि.को नाममा हाल सञ्चालित भइरहेको छ । वि.सं. २०३२ सालमा तोपगाछी ६ मा प्रा.वि. तहसम्मको अध्ययन गराउने उद्देश्यले सरस्वती प्रा.विं र वि.सं. २०४५ सालमा ज्योती प्रा.वि साथै कञ्चनजङ्घा प्रा.वि. को स्थापना भए पछि यस क्षेत्रका बालबालिकाहरूले अध्ययनका  लागि राम्रो अवसर पाएका छन् । यस स्रोतकेन्द्रमा शिक्षाको कुरा गर्दा सरस्वती मा.वि. का २०१४ सालमा स्थापना भएको थियो भने मोति मा.वि.को स्थापना वि.सं. २०२२ सालमा भएर शिक्षादिने कार्यको प्रारम्भ भएको थियो । तोपगाछी गा.वि.स.का विभिन्न वार्डहरूमा अहिले  निजी स्तरका विद्यालयहरू पनि सञ्चालित छन् । तिनले शिक्षा दिने कार्य गरिरहेका भए पनि सामुदायिक विद्यालयहरूले नै महत्त्वपूर्ण योगदान गरिरहेका छन् । २०२४ सालमा स्थापना भएको महेन्द्र रत्न उ.मा.वि.हाल तोपगाछी, धरमपुर र लखनपुर गा.वि.स.का विद्यालहहरूको स्रोतकेन्द्रको रुपमा रहेको छ । जस अन्तर्गत हाल २७ ओटा सरकारी र अन्य धेरै निजि विद्यालयहरू रहेका छन् । यस स्रोतकेन्द्रमा एस.एल.सी.परीक्षामा सामेल भएका र एस.एल.सी. नतिजालाई हेर्दा लिम्बू बालबालिकाहरूको सहभागिता  र नतिजा ज्यादै न्यून देखिन्छ । यस स्रोतकेन्द्रमा रहेका मा.वि.हरूले विभिन्न सालमा एस.एल.सी. नतिजामा झापा जिल्ला भरिकै सामुदायिक विद्यालयमा राम्रो नतिजा ल्याउन सफल भएका छन् । तरपनि लिम्बूहरूको बसोबासभएका तोपगाछी गा.वि.स.का विद्यालयहरूमा भने प्रा.वि.तहमा समेत पनि लिम्बू जातिको राम्रो सहभागित हुन सकेको छैन ।

## १.२ समस्याको कथन

प्राथमिकतह शिक्षाको पहिलो खुड्किलो हो । यो जीवन निर्वाह र देश विकासका लागि अति आवश्यक पक्ष पनि हो । प्राथमिक शिक्षाको प्रमुख उद्देश्यहरू नैतिकता, स्वतन्त्रता, स्ववलम्बी राष्ट्रियताको भावना जगाउने जस्ता रहेका छन । नेपाल सरकारले विभिन्न जनजातिका बालबालिकाहरूको शिक्षामा सहभागिता बढाउने तर्फ नीतिगत प्रयास गर्दा गर्दै पनि लिम्बू बालबालिकाहरूले प्राथमिक तहको शिक्षा पूरानगरी बीचैमा विद्यालय छाड्ने र विद्यालय भर्नादर पनि कम हुने प्रबृत्ति देखापरेको छ । शिक्षाबाट बन्चित बिशेषगरी दलित, जनजाति तथा पिछाडिएका समुदायका बालबालिका नै पर्ने गरेका छन । प्राथमिक शिक्षामा भर्ना शतप्रतिशत पुऱ्याउन प्रत्येक जातजातिको अवस्थाको वारेमा थाहापाउनु जरुरी हुन्छ । झापा जिल्लामा विभिन्न जनजातिहरूको वसोवास रहेको छ । लिम्बू पनि एक जनजाति भएकाले र अहिले आफ्नो छुट्टै लिम्बूवान राज्यको मागगर्दै आन्दोलित भएकाले तिनीहरूको शैक्षिक अवस्था थाहापाउनका लागि उनीहरूका बालबालिबाको प्रा.वि. तहको शिक्षामा सहभागिता, कक्षाछाड्ने कारण, सामाजिक समस्या, प्राथमिक तहको शिक्षा सहभागितामा प्रभावपार्ने तत्व, समाजका अन्य समुदायका बालबालिबाहरूको तुलनामा लिम्बू जातिका बालबालिका शैक्षिक क्षेत्रमा पछि पर्नुको कारण,  विद्यालय गएर पनि  विद्यालय विचैमा छाड्ने जस्ता कारणहरू पत्तालगाइ उनीहरूका बालबालिकालाई अन्य जातिका बालबालिका सरह शिक्षामा सहभागी गराउन तर्फ सबै पक्षले आ-आफ्नो क्षेत्रबाट पहल गर्न आवश्यक भएकोले लिम्बू बालबालिकाको प्राथमिक तहको शिक्षामा सहभागिता वढाउन आवश्यक जानकारि प्राप्तगर्ने सन्र्दभमा  यस अध्ययनलाई समस्याकोरुपमा लिइएको छ र यस

सोधकार्यको शिर्षक “प्राथमिक तहमा लिम्बू बालबालिकाको सहभागिता” राखी अध्ययन कार्यलाई अगाडी बढाइएको छ ।

## १.३ अध्ययनको औचित्य

यस अध्ययनले लिम्बू जातिलाई आफ्ना शैक्षिक अवस्था, समस्या र कमजोरीहरूको जानकारि लिई सोही अनुसार प्राथमिक तहको शिक्षामा सहभागिता बढाउन सहयोग पुग्ने छ । लिम्बू जाति जस्तै समान आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिक अवस्था भएका नेपालका अन्य जातिलाई पनि आफ्नो विविध अवस्था सुधार गर्न के गर्नु पर्छ भन्ने जानकारी प्राप्त गर्न सहयोग पुग्ने छ । थोरै मात्रामा भएपनि शिक्षा क्षेत्रमा लागेका महानुभावहरूलाई तोपगाछी स्रोतकेन्द्रका लिम्बू जातिको अवस्था बुझ्न सहयोग मिल्ने छ । सरोकारवाला सबैलाई लिम्बू जातिको शैक्षिक समस्या पत्तालगाउन सहयोग पुग्ने छ । नीति निर्माता, प्रशासक र व्यवस्थापकहरू समेतलाई कस्तो शैक्षिक कार्यक्रम लिम्बू जातिलाई ठीक हुन्छ भन्ने जानकारी दिलाउन, लिम्बू जातिका शैक्षिक समस्या पत्तालगाई सोही बमोजिम शिक्षण गर्ने वातावरण सिर्जना गर्न शिक्षकलाई सहयोग पुऱ्याउने, छुट्टै लिम्बूबान राज्यको माग राखी आन्दोलनरत लिम्बू जातिका विभिन्न संघसंगठनहरूलाई लिम्बू जातिको प्राथमिक तहको शिक्षामा आफ्ना बालबालिकाको सहभागिताको स्थिति, समस्या र निराकरणका उपायबारे बुझ्न सहयोग पुग्ने छ । लिम्बू जातिहरूको शिक्षामा सहभागिता वढाउने कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नकालागि सम्बन्धित निकाय र पक्षहरूको ध्यानाकर्षण गराउन सहयोग पुग्ने आशा गरिएको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु निम्न अनुसार राखिएका छन् :

१) लिम्बू जातिका बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता स्थिति पत्तालगाउने ।

२) यी बालबालिकाको प्राथमिक शिक्षाको सहभागितामा प्रभावपार्ने तत्वहरूको पहिचान गर्ने ।

३) यी बालबालिकाको सहभागितामा देखिएका समस्याहरुको पहिचान गर्ने ।

४) प्राथमिक तहमा सहभागिता वृद्धिगर्ने उपायहरू खोजी गर्ने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अनुसन्धानको लागि अनुसन्धानकर्ताले निम्न प्रश्नहरूको व्यवस्था गरिएको थियो ।

क) लिम्बू जातिका बालबालिकाहरूको प्राथमिक तहको शिक्षामा सहभागिताको स्थिति के कस्तो छ ?

ख) लिम्बू जातिका विद्यार्थीहरू विद्यालयमा नियमित हुन्छन कि हुदैनन् ?

ग) आफ्नो बालबालिकाको शैक्षिक सवालमा लिम्बू अभिभावकहरूको धारणा के कस्तो छ ?

घ) विद्यालयमा अध्ययन गर्दा लिम्बू बालबालिकालाई कस्ता समस्याहरू पर्दछन् ?

ङ) लिम्बूजातिको शिक्षामा सहभागितामा प्रभावपार्ने तत्वहरू के के हुन सक्दछन् ?

च) लिम्बु बालबालिकाको शिक्षा सहभागितामा देखिएका समस्याहरू के के हुन् ?

छ) लिम्बू जातिको शैक्षिक सहभागितामा वृद्धि गर्ने उपायहरू के के हुन सक्छन् ?

ज) लिम्बू जातिका बालबालिकाको पठनपाठनमा विद्यालय र शिक्षकको के कस्तो प्रभाव परेको छ ?

झ) लिम्बू बालबालिकाले विद्यालयबाट के कस्तो सहयोग पाएका छन् ?

## १.६ अध्ययनको परिसीमा

प्राथमिक तहमा लिम्बू बालबालिकाको सहभागिता नामक यो शोध अध्ययनका लागि शोधकर्ताको सिमित साधन, स्रोत र समयको परिधिमा रही झापा जिल्ला तोपगाछी स्रोतकेन्द्रका २७ वटा सामुदायिक विद्यालय मध्ये लिम्बूजातिका बालबालिका भएको ठाउँका पाँच ओटा विद्यालयका प्राथमिक तहमा मात्र यो अध्ययन सीमित गरिएको छ। अध्ययनका लागि सम्बन्धित विद्यालय र क्षेत्रका प्र.अ., वि.व्य.स., शिक्षक, वि.नि., लिम्बू बालबालिका र लिम्बू बालबालिकाका अभिभावकहरूलाई मात्र सहभागी गराइएको छ।

## १.७ सम्बन्धित शब्दावलीहरूको परीभाषा

प्राथमिक तहमा लिम्बू बालबालिकाको सहभागिता नामक यो शोध अध्ययनमा प्रयोग भएका केही सम्बन्धित शब्दावलीहरूको परीभाषा यस प्रकार छ।

१) सहभागिता– कुनै कामकुरामा अरुका साथ भागलिने वा सहभागि भएर कामगर्ने अवसर वा अधिकार।

२) जाति – संस्कार अनुसार वा धर्म अनुसार छुट्टीने एक जीवको एकाइ वर्ण वा वंश वा रङ्ग वा पेसाबाट छुट्टीने मनुष्यको एक एकाइ, गोत्र वा जन्म वा खलकबाट अलग्गीने एकथरी मानव समुह ( शर्मा२०५८, नेपाली शव्दसागर )।

३) लिम्बू – नेपालका पूर्वी पहाडी जिल्ला ताप्लेजुङ्ग, पाँचथर, इलाम, तेह्रथुम, झापा आदि जिल्लामा वसोबास गर्ने बासिन्दा।

४) जनजाति – अतिसामान्य मानिसको वर्ग वा समुदाय, खोरीया फाँड्ने र खनि खोस्रि खाने र शिक्षा दीक्षामा पछिपरेको, अल्प र पिछडिएका एक जाति, ( शर्मा २०५८, नेपाली शब्दसागर )।

५) मातृभाषा – मातृभाषाभन्नाले कुनैपनि व्यक्तिले आफूले वोल्ने पहिलो वा प्रथम भाषालाई बुझिन्छ ।

६ ) स्रोतव्यक्ति – स्रोतकेन्द्र प्रमुख

७ ) स्रोतकेन्द्र – स्रोतकेन्द्र रहेको विद्यालय सहित स्रोतकेन्द्रको सेवा क्षेत्र भित्रका सबै विद्यालयहरूलाई जनाउने गरी प्रयोग गरिएको स्थान ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

कुनै पनि विषयवस्तुको अनुसन्धानका लागि त्यस विषयवस्तुबारे पहिले भएगरेका सोध अनुसन्धान, सुझाव एवम् लेखहरूको अध्ययन गर्नु सान्दर्भिक ठहरिन्छ । तसर्थ यस शोधकार्यको सिलसिलामा विभिन्न सन्दर्भ सामग्रीहरू, पुस्तक, विगतमा गरिएका शोधकार्यको शोधपत्रहरू, लेख तथा पत्रपत्रिकामा प्रकाशित लेखको अध्ययन गरिएको छ । यस शोधपत्रको मुख्य सैद्धान्तिक खाका स्वरूप कार्लमार्क्स (१८४८) को वर्गसङ्घर्ष सिद्धान्त र इमाइल दुर्खिमको (१९९७) सामाजिक वर्ग तथा शैक्षिक सिद्धान्तलाई लिइएको छ । अध्ययन गरिएका विभिन्न सन्दर्भ सामग्रीमध्ये यस अध्ययनसँग मिल्ने र केही महत्त्वपूर्ण ठानिएका निम्न शोधपत्रको पुनरावलोकन गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोक

यस अनुसन्धान कार्यका लागि पूर्व साहित्यको समीक्षा गर्ने क्रममा विभिन्न शोधपत्र, लेख, पुस्तक, बुलेटिन, रिपोर्ट आदि अध्ययन अवलवोकन सम्बन्धित हुने भएकोले विभिन्न शोधप्रतिवेदन र लेखहरू अध्ययन गरिएको छ । जसमा लिम्बू जातिका बारेमा शोधप्रतिवेदनका दस्तावेज प्रयाप्त उपलब्ध नभए पनि शोधकर्ताले जनजातिसँग सम्बन्धित र सहभागितासँग सम्बन्धित उपलब्ध अनुसन्धान प्रतिवेदन तथा शैक्षिक दस्तावेजहरूको समीक्षात्मक अध्ययन गरिएको छ र शोधशीर्षकको अध्ययनलाई निर्दिष्ट गराउने तथा सम्बन्धित गराएर अध्ययन गर्ने प्रयास गरिएको छ ।

अधिकारी (२०५८) ले धनकुटा जिल्लाको **आठपहरिया राईका बालबालिकाको विद्यालय सहभागिता र विद्यालय चक्रको अध्ययन** विषयमा शोध अध्ययन गर्नु भएको थियो । उक्त अध्ययनको मूख्य उद्देश्य राई बालबालिकाको प्राथमिक विद्यालयमा सहभागिता र सो तह पुरागर्न लाग्ने समय पत्तालगाउनु थियो । उहाँले गरेको उक्त अध्ययनमा राई बालबालिकाको प्राथमिक विद्यालयमा सहभागिता कम रहेको साथै प्राथमिक तह पुरागर्नका लागि ७ वर्ष देखि १० वर्ष लाग्ने कुरा पत्तालगाउनु भएको छ । उहाँले यस जातिको शिक्षासम्वन्धी धारणा पनि सर्वेक्षण गर्नुभएको थियो । त्यसैगरी उनीहरूका बालबालिकाहरूको विद्यालय सहभागिता कम हुनुको कारणमा आर्थिक अवस्था कमजोर हुनु, जनचेतनाको कमि, सामाजिक, साँस्कृतिक परिपाटी आदि रहेको कुरा पत्तालगाउनु भएको छ । तिनीहरूको समाधानको लागि आर्थिक अवस्था सुधार्नु पर्ने, राई बालबालिकाहरूलाई अनिवार्य छात्रवृत्ति, पोशाकको व्यावस्था गर्नु पर्ने, परिवारनियोजनको बारेमा प्रचार प्रसार गर्नु पर्ने, सामाजिक, सांस्कृतिक परिपाटीमा समयअनुसार सुधार गर्नुपर्ने, आदि प्रस्तुत गर्नुभएको छ ।

खनाल (२०५८) ले **दलित छात्रवृत्तिले पारेको प्रभाव : एक अध्ययन** नामक शोधपत्र लेख्नु भएको थियो । शोधकताले दलित जातिका बालबालिकाको प्राथमिक तहमा सहभागिताको

अवस्था पत्तालगाउने तथा सहभागितालाई छात्रवृत्तिले पारेको प्रभावको जानकारीलिने मूख्य उद्देश्यहरू राखिएको थियो । शोधकर्ताका अनुसार दलित जातिका विद्यार्थीलाई प्राथमिक विद्यालय शिक्षामा सक्रिय सहभागी बनाउन र शैक्षिक अपलब्धी स्तर बढाउन दलित छात्रवृत्तिले सोचेजस्तो उपलब्धि हासिल गराउन नसकिएको कुरा व्यक्त गरेका छन् । अव्यावहारिक छात्रवृत्ति वितरण प्रणाली, न्यून छात्रवृत्ति कोटा एवं रकमको कारण अपेक्षित उपलब्धी हाँसिल नभएको खनालको अभिव्यक्ति छ । छात्रवृत्ति कोटाको साथै रकममा वृद्धि गरिनुपर्ने, शैक्षिकसत्रको शुरुमा रकम वितरण गरिनु पर्ने, शैक्षिक जागरण ल्याउन चेतनामुलक कार्यक्रम दिनुपर्ने सुझाव खनालको छ ।

तिमल्सिना (२०६०) ले **तामाङ जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था : एक अध्ययन** नामक शोध पत्र तयारगर्नु भएको छ । काभ्रेपलाञ्चोक जिल्लाको ढुंखर्क गा.वि.स. वार्ड नं ६ लाई अध्ययन क्षेत्र बनाई गर्नुभएको उक्त अध्ययनको उद्देश्यहरू तामाङ जातिको सामाजिक, आर्थिक अवस्थाको चित्रणगर्नु, तामाङ जातिमा देखापरेका सामाजिक, सांस्कृतिक तथा आर्थिक परिवर्तन केलाउनु आदि रहेका छन् । उक्त अवस्था पत्तालगाउने क्रममा अध्ययन क्षेत्रमा तामाङ जातिको चार्डपर्व, रहनसहन, भेषभुषा, आर्थिक क्रियाकलाप तथा समाजमा भएका सांस्कृतिक पक्षको सामान्य अवलोकन साथै तामाङ जातिका विभिन्न जानिफकारहरूसँग प्रश्नावली भराई अन्तर्वार्ता लिई  तथ्याङ्क सङकलन गरिएको थियो । यस क्रममा ३५ घरधुरी सांयोगिक नमूनापद्धति अपनाएर अध्ययनका लागि छनौट गरिएको थियो । यस अध्ययनमा प्रश्नावली, अवलोकन, अन्तर्वार्ता, तथा समुह छलफल आदिको माध्यमबाट तथ्याङ्कहरू गुणात्मक र सङ्ख्यात्मक दुवै किसिमबाट समेटी विश्लेषणात्मक र वर्णनात्मक विधिबाट निष्कर्षमा पुग्ने प्रयास गरिएको थियो । तामाङ जातिको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थाको अध्ययन र विश्लेषण पश्चात्, तामाङ जाति नेपालका प्रमुख जाति मध्येको एक जाति हुन, यिनीहरूको बसोबास खासगरी रसुवा, धादिङ, काभ्रेपलाञ्चोक, मकवानपुर, सिन्धुपलाञ्चोक, नुवाकोट र सिन्धुली जिल्लामा विशेष गरेर बसोवास गरेका र मंङ्गोल मूलका पाइएको थियो । यिनीहरूलाई परिश्रमी, सरल र सोझो प्रकृतिका मानिएको थियो । तामाङ जातिको आफ्नै रहनसहन संस्कृति, चार्डपव, भेषभुषा र परम्परा रहेको पाइएको थियो । तामाङ जातिको समुदायमा केही मात्रामा चेतना बढ्दै गएको पाइएको थियो । तामाङ जातिको प्रमुख पेसा कृषि भएतापनि उत्पादन कम हुने गरेकाले गुजारा चलाउन मुश्कील पर्ने हुँदा सहायक पेसाको रुपमा जागिर, ज्याला, मजदुरी, व्यापार आदि व्यवसाय अपनाएको पाइएको थियो । तामाङ जातिको प्रमुख चार्डपर्वहरूमा दशैं, तिहार, ल्होसार, माघे सङ्क्रान्ति, चैतेपूर्णिमा, साउने सङ्क्रान्ति, जनैपूर्णिमा आदि रहेको साथै समुदायमा सामाजिक, आर्थिक, समस्या समाधान गर्न ऋण लिनेगरेको पाइएको थियो । आफ्नै सामाजिक, आर्थिक र सांस्कृतिक रहनसहन भएका तामाङ जाति विभिन्न दृष्टिकोणले पछि परेको पाइयो । तामाङ जातिको सामाजिक, सांस्कृतिक र परम्परागत संस्कृतिको जगेर्ना गर्न आवश्यकरुपमा अध्ययन अनुसन्धान हुनु जरुरी छ । उनीहरूको कृषि पेसामा सुधार गर्नुपर्ने, गरिबी निवारणका लागि आयमूलक कार्यक्रम तर्जुमा गरिनु पर्ने, तामाङ समुदायको भाषा संस्कृतिको जगेर्नाको लागि आवश्यक प्रचार प्रसार र पहल गरिनु

पर्ने, सरकारीतर्फबाट भौगोलिक वातावरण सुहाउँदो कृषि सुधारका लागि आवश्यक पुर्वाधार र प्राविधिक सहयोग गरिनुपर्ने, त्यसैगरी निरक्षर प्रौढहरूलाई प्रौढ शिक्षाको व्यवस्था गरिनुपर्ने निष्कर्ष यस अनुसन्धानमा निकालिएको थियो ।

भट्टराई (२०६१) ले **औपचारिक शिक्षा प्रणालीमा लिम्बूहरूको शैक्षिक सहभागिता** शीर्षकमा अध्ययन गरी शोधपत्र तयार गर्नु भएको छ । औपचारिक शिक्षा प्रणालीमा लिम्बूहरूको सहभागिताको स्थिति पत्तालगाउने, लिम्बूहरूको औपचारिक शिक्षा प्रणालीमा प्रभावपार्ने तत्वहरूको पहिचान गर्न र लिम्बू बालबालिकालाई नियमित बनाउने उपाय खोज्ने उद्देश्यहरू राखेर आफ्नो अनुसन्धान ताप्लेजुङ जिल्लाको सुदिङवा गा.वि.स.मा गर्नु भएको छ । शोधकर्ताले उक्त शोधकार्यमा गुणात्मक तथा सङ्ख्यात्मक दुबै विधि तथा प्रक्रियाको प्रयोग गर्नुभएको थियो । उक्त शोधकार्यमा लिम्बू जातिको औपचारिक शिक्षामा सहभागिता न्यून छ । लिम्बू जातिको औपचारिक शिक्षामा सहभागितालाई सामाजिक, सांस्कृतिक, आर्थिक र राजनैतिक पक्षले शिक्षालिनमा बाधा पारेका छन् भन्ने निष्कर्ष निकालिएको थियो । लिम्बू जातिका बालबालिकालाई विद्यालयमा नियमित गराई सहभागिता वृद्धि गर्न समय परिवर्तन गर्नुपर्ने, बढी भन्दा बढी छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने, पोशाकको व्यवस्था गर्नुपर्ने, शिक्षालाई निःशुल्क गर्नुपर्ने, मातृभाषामा शिक्षाको व्यावस्था गर्नुपर्ने आदि सुझावहरू छन् ।

खनाल (२०६२) ले **नेपालमा थारु जातिको शैक्षिक अवस्था**को विषयमा शोध पत्र तयार गर्नु भएको छ । थारु जतिको शैक्षिक अवस्थाको जानकारी लिने, थारु बलबालिका विद्यालय नजाने र बीचमा नै विद्यालय छाड्ने कारण पत्तालगाउने मूख्य उद्देश्यहरू राखेर उक्त शोधपत्र दाङ जिल्लाको नारायणपुर गा.वि.स.मा गर्नु भएको थियो । प्रश्नावली, अवलोकन र अन्तर्वार्ता विधिको प्रयोग गरी गरिएको उक्त शोधपत्रमा थारु समुदायका महिला तथा पुरुष दुवैमा साक्षरता प्रातिशत कम रहेको हुनाले शिक्षामा गरिएको लगानी खेर जान्छ भन्ने गलत धारणा रहेको पाइएको थियो । घरबाट विद्यालय लामो दूरीमा हुनु, शिक्षाको महत्व नबुझ्नु, आर्थिक समस्या, केटा केटीलाई सानै उमेरमा विवाह गरिदिनु जस्ता कारणहरूले विद्यालय नजाने र गइहाले पनि बीचैमा विद्यालय छाड्ने गरेको कुरा उक्त अनुसन्धानमा उल्लेख भएको छ । शोधकर्ताले थारु जतिको साक्षरता र शिक्षाको स्तर उकास्न विशेष छात्रवृत्ति र अन्य सुविधा बढाउनु पर्ने, थारु जातिका अभिभावकलाई शिक्षाको महत्व बारे चेतना अभिबृद्धि गर्नु पर्ने, शिक्षक शिक्षिकाको रुपमा थारु जातिका महिला तथा पुरुषलाई नियुक्ति गरिनु पर्ने जस्ता सुझावहरू दिनुभएको छ ।

पाण्डे (२०६३) ले **दलितहरूको शिक्षामा पहुँच**को अध्ययन गर्नुभएको थियो । नुवाकोट जिल्लाको बेलकोट गा.वि.स. अर्न्तगत रहेका २ ओटा मा.वि.को प्राथमिक तह र ८ ओटा प्रा. वि.को दलित विद्यार्थीहरूको भनादरलाई लिएर उक्त अध्ययन गर्नुभएको थियो । उक्त शोधका उद्देश्यहरू दलित जातिको प्राथमिक शिक्षामा पहुँच कस्तो छ हेर्ने, अन्य जातिको तुलनामा पहुँच न्यून हुनका कारण पत्तालगाउने, अभिभावकको शिक्षाप्रतिको धारणा पत्तालगाउने, दलित विद्यार्थीका विद्यालयमा आइपरेका समस्या र समाधानका उपायहरू पहिचान गर्ने आदि रहेका थिए । उक्त शोधपत्रवाट प्राप्त गरिएका कुराहरूमा दलित

जातिका महिला र पुरुष दुवैमा साक्षरता प्रतिशत र शिक्षामा सहभागिता निकै कम भएको तथा माथिल्लो तहको शिक्षा कमै मात्रामा दलितहरूले प्राप्त गरेको पाइएको थियो । दलितहरूले धेरै समय ज्याला मजदुरी र थोरै समय कृषि कार्यमा खर्च गर्नुपर्ने भएकोले बाँकी ज्यादै कम समय मात्र शिक्षामा खर्च गर्नु पर्ने, कम उमेरमा विवाह गर्ने प्रचलन, शिक्षाप्रति नकरात्मक भावना, छाडापन, अनुशासनहीनता, विवाह पछि छोरी अर्काको घरमा जाने हुँदा उसको लागि शिक्षामा गरेको खर्च खेरजान्छ भन्ने गलत धारणा तथा आर्थिक विपन्नता नै यसका प्रमुख कारण पाइएको थियो । दलित जातिको साक्षरतामा पनि बढी प्रतिशत ६ वर्षदेखि १५ वर्ष उमेर समूहका बालबालिकाहरू थिए र त्यस भन्दा माथिल्लो उमेर समुहका निक्कै कम साक्षर भएका थिए । ३० वर्ष देखि ४९ वर्ष उमेर समूहका महिला कुनै पनि साक्षर पाइएन । यसरी दलित जातिका माथिल्लो उमेरका व्यक्ति कम साक्षर हुनुको कारण शिक्षाप्रतिको नकरात्मक धारणा, अभिभावकहरूमा आफ्ना बालबालिकालाई विद्यालय पठाउनु पर्दछ भन्ने भावनाको अभाव, विवाह भै सकेका छोरीहरूलाई घरबाट विद्यालय पठाउनुपर्छ भन्ने भावनाको अभाव, घरबाट विद्यालयको दूरी लामो हुनु, शिक्षको महत्व थाहा नपाउनु, आर्थिक समस्या, पढेका थोरै व्यक्तिपनि वेरोजगार रहनु, राजनैतिक चेतनाको अभाव, सामाजिक समस्या, पढ्ने समयको अभाव, बाबुको मृत्युले सानै उमेरमा उत्तरदायित्व वहन गर्नु पर्ने जस्ता कारणहरू पाइएको थियो । त्यसैगरी दलित जातिका बालबालिकामा विद्यालयमा खाजा खाने चलन नभएको, न्यून दलित छात्रवृत्तिको मात्र व्यवस्था हुनु, विद्यालयमा नियमित उपस्थित नहुनु, जाँडरक्सी खाने आदत बढी हुनु, उपयुक्त उमेरमा विद्यालय भना नगर्नु, धेरै समय घरको कामकाज गरेर समय विताउनु, शैक्षिक सामग्रीको अत्यन्त अभाव, समयमा नै छात्रवृत्ति उपलब्ध हुननसक्नु ,बालबालिबाको शिक्षाप्रति अभिभावको त्यति चासो नहुनु, विद्यालयका शिक्षक शिक्षिकाको दलित बालबालिकाप्रति त्यति राम्रा व्यवहार नहुनु जस्ता कारणहरूले गर्दा पनि दलित बालबालिकाहरू शिक्षा क्षेत्रमा पिछडिएका छन् भन्ने तथ्य अध्ययनबाट प्राप्त गरिएको थियो । दलित जातिको प्राथमिक तहको शिक्षामा अन्य जातिको तुलनामा पहुँच कम रहेको अभिभावकहरूको शिक्षाप्रतिको धारणा गलत रहेको, शिक्षा लिनका लागि विविध समस्याले कठिन भएको र यसका लागि विद्यालयको शैक्षिक वातावरण, अभिभावको शिक्षाप्रतिको नकरात्मक भावना, आर्थिक अवस्था, उनीहरू प्रतिको सामाजिक व्यवहार आदिमा सम्बन्धित पक्षले ध्यान पुऱ्याउनु पर्ने सुझावहरू उल्लेख गर्नुभएको छ ।

चौधरी (२०६२) ले **मधेसी दलित विद्यार्थीहरूले प्राथमिक तह पुरा नगरी बीचैमा कक्षा छाड्नुका कारण**को अध्ययन गर्नुभएको छ । महोत्तरी जिल्लाको पिपरा स्रोतकेन्द्र अन्तर्गतका ६ ओटा सामुदायिक प्राथमिक विद्यालयलाई अध्ययनको क्षेत्र बनाई, मधेसी दलित विद्यार्थीहरूको भर्नाको स्थिति र सहभागिता पत्तालगाउनु, मधेसी दलित छात्र-छात्राहरूले विचैमा कक्षा छाड्ने दर पत्तालगाउनु, विचैमा कक्षा छाड्ने मधेसी दलित विद्यार्थीहरूका अभिभावकहरूको शैक्षिक र आर्थिक अवस्थाको मूल्याङ्कन गर्नु र मधेसी दलित विद्यार्थीहरूले विचैमा पढाइ छाड्ने कारण र समाधानका उपायहरू खोजीगर्नु जस्ता उद्देश्यहरूले निर्देशित भएर गरिएको उक्त शोधकार्यमा अध्ययन ढाँचा सङ्ख्यात्मक थियो ।

उक्त शोधकार्यमा प्राथमिक तथा द्वितीय स्रोतका तथ्याङ्कहरूको प्रयोग गरिएको थियो । महोत्तरी जिल्लाको पिपरा स्रोतकेन्द्र अन्तर्गत पर्ने ६ ओटा सामुदायिक प्राथमिक विद्यालयमा अध्ययनरत विद्यालयका प्र.अ. शिक्षक, वि.व्य.स.का पदाधिकारीहरूसँग गरिएको प्रश्नावली, अन्तर्वार्ता र अवलोकनबाट आएका तथ्यहरूलाई प्रशोधन र व्याख्यागरी निचोड निकालेर आवश्यक सुझाव पनि दिइएको छ । यस अध्ययनवाट मधेसी समुदायका महिला तथा पुरुषहरू दुवैमा साक्षरता प्रतिशत कम, कृषि कार्यमा धेरै समय खर्च गर्नु पर्ने, कम उमेरमा विवाह गर्ने प्रचलन, विवाहपछी छोरीलाई विद्यालय नपठाउने प्रचलन, बीचैमा कक्षा छाड्ने दर उच्च, अभिभावकमा आफ्ना बालबालिबालाई विद्यालय पठाउनुपर्छ भन्ने धारणाको अभाव, आमाबाबु सानैमा मरेर टुहुरा हुनु, आर्थिक अवस्था ज्यादै न्यून हुनुजस्ता कुराहरू हुन्, भन्ने निष्कर्ष उल्लेख गरिएको छ । यस समस्या निराकरण गर्नका लागि विशेष छात्रवृत्ति र अन्य सुविधा उपलब्ध गराउनुपर्ने, शिक्षक शिक्षिकाको रुपमा मधेसी जातिलाई नियुक्ति गर्नु पर्ने, शिक्षित मधेसीहरूलाई रोजगार प्रदान गर्नुपर्ने, शिक्षाप्रति उत्प्रेरित गनुपर्ने, अभिभावकलाई सामाजिक क्रियाकलापमा सहभागि गराउनुपर्नेजस्ता सुझावहरू दिइएको छ ।

पोखेल (२०६२) ले **सुकुम्बासी बालबालिकाहरूको प्राथमिक विद्यालयमा सहभागिता** नामक शोधपत्रमा सुकुम्बासी बालबालिकाहरूको प्राथमिक विद्यालयमा सहभागिताको स्थिति पत्तालगाउने उद्देश्यले अध्ययन गर्नुभएको छ । उक्त अध्ययनमा ती बालबालिकाहरू विद्यालय उपस्थित कम हुनु, कक्षा दोहोर्‍याउनु, अधिकांश बालबालिका विद्यालयमा सहभागि नहुनु, पढ्दापढ्दै विचैमा पढाई छाड्नुका कारणहरूको अध्ययन गर्नु भएको छ । अध्ययनबाट सुकुम्बासी बालबालिका विद्यालय जानकालागि बाधक रहेका तत्वहरू आर्थिक, घरयासी, वारम्वार असफलता, स्वास्थ्य समस्या आदि  हुन् भन्नेकुरा पत्तालगाउनु भएको छ । शोधकर्ताले उक्त समस्याको समाधान गर्नका लागि उपायहरूमा सुकुम्बासीलाई जग्गाको व्यवस्था, छात्रवृत्ति, पोशाकको व्यवस्था, शैक्षिक जनचेतना बढाउनु पर्ने आदि उल्लेख गर्नु भएकोछ ।

तामाङ्ग (२०६४) ले **तामाङ्ग बालबालिकाको शिक्षामा पहुँच** नामको  शोधपत्र लेख्नु भएको छ । तामाङ जातिको प्राथमिक तह देखि माध्यामिक तह सम्मको शिक्षाको पहुँच पत्तालगाउने, तामाङ जातिको शिक्षामा पहँच अन्य जातिको तुलनामा न्यून हुनुको कारण पत्तालगाउने, तामाङ जातिको शिक्षामा पहुँचमा प्रभावपार्ने तत्वहरूको पहिचान गर्ने उद्देश्यले उक्त शोधपत्र लेख्नु भएको छ । जहाँ आर्थिक स्तर, जातिप्रतिको सामाजिक भेदभाव, तामाङ्ग जातिका लागि राज्यले उचित कार्यक्रम ल्याउन नसक्नु, अभिभावकको अशिक्षा, आर्थिक सहुलियत नहुनु, विद्यालयमा उपयुक्त वातावरण नहुनु, छोरा र छोरीमा भेदभाव हुनुजस्ता समस्याले गर्दा नै शिक्षामा पहुँच नपुगेका कुरा उल्लेख गरिएको छ । तामाङ बालबालिकाको शिक्षामा पहुँच बढाउनका लागि विद्यालयमा तामाङ बालबालिकालाई अन्य बालबालिका सरह व्यवहार गर्ने, अभिभावकमा चेतना अभिवृद्धि गर्नुपर्ने र सिपमूलक तथा आयमूलक कार्यक्रम सञ्चालनगरी रोजगार प्रदान गर्नुपर्ने निष्कर्ष निकालिएको छ । उक्त शोधपत्रमा समयमा नै सही तरिकाले तामाङ बालबालिकाहरूलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने,

सामाजिक भेदभाव हटाउनुपर्ने, आर्थिक अवस्था कमजोर भएका अभिभावकका लागि आर्थिक अवस्था सुदृढ बनाउने कार्यक्रम सञ्चालन गर्नुपर्ने सुझावहरू उल्लेख गर्नुभएको छ ।

भट्टराई (२०६५) ले **शिक्षामा मगर जातिको सहभागिता एक अध्ययन** गर्नुभएको छ । उक्त अध्ययनको उद्देश्य प्राथमिक तहको शिक्षामा मगर जातिका बालबालिकाको सहभागिता पहिल्याउने, मगर जातिका बालबालिका विद्यालय नजाने, कक्षा छाड्न, कक्षा दोहोऱ्याउने कारण पत्तालगाउने र शैक्षिक सहभागिता बृद्धिगर्ने उपायको खोजी गर्ने राखिएको थियो । धनकुटा जिल्लाको ताँखुवा गा.वि.स.को वार्ड नं. ८ र ९ को मगर जातिका बालबालिका अध्ययन गर्ने २ ओटा विद्यालयमा अध्ययनक्षेत्र बनाई गरिएको उक्त अध्ययनमा प्राथमिक र द्वितीय स्रोतबाट तथ्याङ्क सङ्कलन गरिएको थियो । उक्त अध्ययनमा छनोट गरिएका विद्यालयमा विद्यार्थी सङ्ख्या २०४ जना थिए भने मगर विद्यार्थी सङ्ख्या १४६ जना वा ७० .४५ प्रतिशत रहेका थियो । मगर बालबालिकाहरू विद्यालय नजानु, कक्षा छाड्ने र कक्षा दोहोऱ्याउनुको कारणहरूमा आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक तथा अन्य कारणहरू रहेको कुरा उल्लेख गर्नु भएको छ । यसका लागि विद्यालयले आर्थिक सहयोग, कापी, कलम, छात्रबृत्ति उपलब्ध गराउनुपर्ने, अभिभावकमा जनचेतना जगाउनुपर्ने, अभिभावकलाई सीपमूलक तालिम दिनु पर्ने, मगर जातिको मातृभाषामा प्राथमिक तहसम्म शिक्षा दिनुपर्ने, मगर समुदायमा लक्षित कार्यक्रमहरू संचालन गरिनुपर्ने, गाउँघरमा शिशु स्याहार केन्द्रको व्यवस्था गर्नुपर्ने जस्ता उपायहरू तथा निष्कर्ष  उक्त अध्ययनमा उल्लेख गर्नु भएको छ ।

दशौं योजना (२०५९-२०६४) मा **शिक्षाका लागि नितिगत उद्देश्य** नामक मस्यौदा पत्रले नेपालमा वहुआयामिक चरित्रको गरिबीलाइ स्वीकार गर्दै अगाडि बढ्न गरिबी र गरिबी न्यूनिकरणलाई विभिन्न नितिगत उद्देश्यमार्फत ध्यान दिने प्रयत्न गरेको छ । नवौं पञ्चबर्षिय योजनामा दलित तथा पिछडिएका जनजातिहरूलाई शिक्षाको अवसर प्रदान गरी राष्ट्रिय मूलधारमा समाहित गर्न दलित छात्रवृत्ति उपलब्ध गराउने भनेको छ । दशौं योजना (२०५९-२०६४) अनुसार गरिबीको रेखामुनि रहेका अपाङ्ग, महिला, दलित, तथा पिछडिएका जात जातिहरूलाई निःशुल्क शिक्षा एवं छात्रबृत्ति प्रदानगरी शिक्षाको माध्यमबाट गरिबी न्यूनिकरण गर्ने उद्देश्य अनुरुप प्राथमिक तहको खुद भर्नादर ९० प्रतिशत पुऱ्याउने, महिला शिक्षाको अनुपात ३० प्रतिशत पुऱ्याउने लक्ष्य राखेको पाइन्छ ।

सबैको लागि शिक्षा (सन् २००४-२००९) को प्रमुख दस्तावेज शिक्षाको सन् २०१५ सम्मका लागि निर्माण गरिएको “राष्ट्रिय योजना” कार्ययोजनामा आधारित पञ्च वर्षिय रणनितिक कार्यक्रमले प्राथमिक शिक्षाको पहुँच तथा समन्यायिकता सुनिश्चित गर्ने, प्राथमिक शिक्षाको गुणस्तर तथा सान्दर्भिकता बृद्धि गर्ने र कार्यदक्षता तथा संस्थागत क्षमताको सुधार गर्ने जस्ता उद्देश्यहरू छन् । यो दस्तावेज दशौं योजनाले अवलम्बनगरेको अवधारणा अनुरुप गरिबी न्यूनिकरणमा विशेषरुपले लक्षित भएको हुँदा लक्षित वर्ग खासगरी बालबालिकाहरू सुविधा विमूख समुदायका दलित अपाङ्ग बालबालिकाहरूलाई विद्यालय जान प्रोत्साहन एवम् विद्यालय पतन दर घटाउन छात्रवृत्तिको व्यवस्था गरिएको छ । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले भाषाका कारणले विद्यालय पहुँच तथा पतन दरलाई न्यूनिकरण गर्नका

लागि भाषाभाषीको आकांक्षालाई ध्यानमा राखी मातृभाषामा प्राथमिक शिक्षाको व्यवस्था गर्ने नितिलाई अवलम्बन गरेको पाइन्छ ।

तिम्सिना (२०६०) देशका विभिन्न भू–भागमा छरिएर परापूर्वकालदेखि बसोबास गर्दै आएका विभिन्न जातजातिहरू आफ्नै छुट्टै संस्कृतिमा जीवनयापन गर्दै आएका छन् । जीवन यापनका क्रममा प्रकृतिसँग सामञ्जस्यता कायम राख्ने क्रममा विकास भएको संस्कृति समयसँगै परिवर्तन हुँदै आउँने गर्दछ । यसरी समयसँगै परिवर्तन हुने क्रममा मानिसले आफ्नो धर्म संस्कृतिमा परिमार्जन गर्दै लैजाने तथ्य एकातिर छ भने अर्कोतर्फ अन्य समूहको मानिसको संसर्गबाट र चेतनाको कमीको कारणले गर्दा आफ्नो परम्परागत रीतिरिवाजलाई विर्सदै आफ्नो पहिचान गुमाउँदै जान सक्ने सम्भावना छ । जनजाति भन्नाले आफ्नो छुट्टै सामूहिक सांस्कृतिक पहिचान भएका, जसको परम्परागत सामाजिक संरचना समानतामा आधारित छ, जसको परम्परागत भाषा, धर्म, रीतिरिवाज संस्कृति छ, जुन समुदायहरूको आधुनिक नेपालको राजनीति र राज्य संचालनमा निर्णायक भूमिका नभएको पाइन्छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

यस शोधपत्रको मुख्य सैद्धान्तिक खाका स्वरूप कार्लमार्क्स (१८४८) को वर्गसङ्घर्ष सिद्धान्त र इमाइल दुर्खिमको (१९९७) सामाजिक वर्ग तथा शैक्षिक सिद्धान्तलाई लिइएको छ ।

कार्ल मार्क्सको वर्गसङ्घर्ष सिद्धान्त (१८४८) अनुसार जुनसुकै समाजमा पनि दुई वर्ग रहेका हुन्छन्– शोषित र शोषक । समाजमा त्यो वर्ग जोसँग उत्पादनका साधन हुन्छन्, त्यसलाई शोषक वर्ग र जोसँग शारीरिक श्रमबाहेक केही हुँदैन त्यसलाई शोषित वर्ग भनिन्छ । उनका विचारमा आजसम्म भएको समाजको इतिहास भनेको वर्ग सङ्घर्षको इतिहास हो । स्वतन्त्र मानिस र दास, अभिजात वर्ग र सामान्य जनता, सामन्त र किसान, आदि । एउटै शब्दमा भन्दा शोषक र शोषित सधैँ एक अर्काका विरोधमा कहिले लुकेर कहिले खुलेर निरन्तर सङ्घर्ष गरिरहेका हुन्छन्, यो नै समाजको द्वन्द्वात्मक सिद्धान्त हो ।

मार्क्स (१८४८) का बिचारमा शोषक भनेको साधनका मालिक पूजीपति वर्ग हुन्, भने शोषित भनेका आफ्नो जीविको पार्जनका लागि आफ्नो शारीरिक श्रम बेच्ने सर्वहारा वर्ग हुन् । सधैँ यी दुई बीच द्वन्द्व भइरहन्छ । समाज परिवर्तनको सङ्घर्ष वा द्वन्द्व सिद्धान्तको आधार उत्पादन प्रणाली र त्यसको असमान वितरण प्रणाली हो । यस सिद्धान्त अनुसार वर्गहरूबीच आ–आफ्नो स्वार्थका लागि सामाजिक संघर्षको स्थिति सृजना हुन्छ । पूँजीपति वर्गले श्रमिकको शोषण गरी श्रमिकको अतिरिक्त मूल्यलाई उसबाट अलग गरी आफूले मात्र उपयोग गर्ने गर्दछन् । यसले श्रमजीवी वर्ग प्रभावित भई उनीहरूमा पनि चेतनाको विकास, संगठनको विकास हुँदै वर्गसङ्घर्ष चर्कन्छ । दुई वर्ग बीचको संघर्ष, क्रान्ति र रक्तपातपूर्ण बन्न जान्छ ।

जसले सामाजिक संरचनामा परिवर्तन आउँछ । यो नै द्वन्द्व सिद्धान्त अनुसार सामाजिक परिवर्तन हो, (शर्मा, २०६० बाट उद्धृत) ।

मार्क्सवादी सिद्धान्त (१८४८) अनुसार समाजमा शोषकका विरुद्ध शोषित, बलियाका विरुद्ध कमजोर बीच द्वन्द्व भइरहन्छ । द्वन्द्व एक सामान्य र स्वभाविक प्रक्रिया हो । शोषण आदिका कारण वर्गहरू बीचको आपसी स्वार्थ पूरागर्न संगठित र एकताबद्ध हुदै जाने क्रममा सङ्ख्यात्मक तथा गुणात्मक बृद्धिहुँदै जान्छ । जसले रक्तपातपूर्ण स्थिति पैदागर्छ र समाजवाद हुदै साम्यवादमा फड्को मार्छ । जहाँ वर्गहीन समाजको निर्माण हुन्छ । यस अवस्थामा समाजका सामाजिक प्रचलन, मान्यता, व्यवहार, सम्बन्ध तथा सिंगो उत्पादन प्रणालीमा परिवर्तन आउँछ र नयाँ सामाजिक सम्बन्धको स्थापना हुन्छ ।

मार्क्सले (१८४८) भौतिकवादी व्याख्याका आधारमा इतिहासका सबै परिवर्तनहरू उत्पादन प्रणालीका उपज हुन् भनेका छन् । उनको भनाइ अनुसार सामाजिक अन्तरविरोधका कारणबाट वर्ग संघर्ष हुन्छ । उनका अनुसार सामाजिक व्यवस्थाका हरेक अंगहरू प्रारम्भिक ढाँचबाट रुपान्तरण हुदै दास, कृषि, पूँजीवाद र अन्त्यमा समाजवाद हुँदै साम्यवाद मा परिवर्तन हुन्छ । उनले सामाजिक विकास बिचार, इच्छा र आकाङ्क्षाबाट नभई भौतिक कारणबाट उत्पन्न हुन्छ भन्ने बिचार व्यक्त गरेका छन् । उनका अनुसार आर्थिक तत्व नै सामाजिक विभेदीकरणको मूख्य तत्व हो । यही तत्वको कारणबाट हुने खानेले हुँदा खानेलाई श्रमको उचित वेतन दिदैनन् फलस्वरूप श्रमिकहरू संगठित भइ साम्यवादको स्थापना हुन्छ । जहाँ वर्ग विहीन समाजको स्थापना हुन्छ । सामाजिक परिवर्तनका लागि द्वन्द्व आवश्यक हो । समाजमा असमानता हटाउनकालागि एउटा साधन हो भनेका छन्, (अधिकारी, २०५७ ) ।

यसरी मार्क्स (१८४८) को यो सिद्धान्तलाई आधार मानियो भने लिम्बूजाति जसको प्रारम्भिक अवस्थामा कुनै किसिमको भेदभाव नभएको अनुमान गर्न सकिन्छ । उनीहरूको जीवन शैली सामूहिक थियो, उनीहरूको आर्थिक कारोवार भन्दा पनि जीवन गुजारा गर्ने तरिकासँग सामिप्य थियो । मार्क्सले भनेझैं सामाजिक परिवर्तनको प्रक्रियाबाट हुने परिवर्तन होस् या त दुई वर्ग बीचको द्वन्द्वबाट हुने परिवर्तनहोस् लिम्बू जाति पनि यस प्रक्रियाभन्दा फरक रहेका छैनन् । यस अर्थमा मार्क्सको विश्लेषण अनुसार लिम्बू जातिका बालबालिकाहरूको आर्थिक स्थितिबारे यो अध्ययनले विश्लेषण गरेको छ । उनकै भनाइअनुसार गैरलिम्बू बीचको शक्ति सम्बधले विश्लेषण गरिएको छ ।

इमाइल दुर्खिम (१९९७) ले सामाजिक वर्गको शिक्षामा प्रभाव बारे धारणा व्यक्त गरेका छन् । उनका अनुसार शिक्षा एक सामाजिक वस्तु हो । शिक्षाले प्राप्तगरेका आदर्शहरूलाई नै समाजले आफ्नो आदर्शका रुपमा ग्रहण गर्दछ । शिक्षाले समाजका आवश्यकताहरू पूर्ति गर्दछ । सामाजिक विकासमा योगदान पूर्‍याउँदछ । सामाजिक क्रियाकलाप संचालनका लागि समाजको प्रणाली क्रियाशिल हुनु पर्दछ । अलग अलग समाज अलग अलग प्रणालीबाट संचालित हुन्छ । त्यही प्रणालीका आधारमा त्यो समाज र सामाजिक क्रियाकलापहरूको व्याख्या र विश्लेषण गरिनु पर्दछ भन्ने धारणा व्यक्तगरेका छन् । उनका अनुसार एउटा समाजमा जति धेरै सामाजिक तत्व र स्वरूप हुन्छन् त्यति नै शिक्षाका प्रकार हुन्छन् भन्दै

समाजमा भइरहेको परिवर्तनअनुसार शैक्षिक प्रक्रियामा परिवर्तन भैरहनु पर्दछ र समाजको प्रत्येक अङ्गले सिर्जनागरेका आदर्शहरूलाई अर्थ दिने र संरक्षण दिने काम शिक्षाले गर्नु पर्दछ । उनी भन्छन् सामाजिक ऐक्यवद्धता खोजेको विद्यालयबाटै जातीय छुवाछुत, भाषिक थिचोमिचो, संस्कारको दवदवा र धनको दवदवा स्वीकार्ने संस्कार वनाइ दिन्छ, (अधिकारी, २०५७) ।

दुर्खिम (१९९७) को चिन्तनलाई मननगर्दा नेपालमा सबैलाई प्रा.वि. तहसम्म निःशुल्क शिक्षालागू गरिएको भएतापनि कौयौं बालबालिकाहरू सामाजिक भेदभावकाकारण अझैपनि विद्यालय स्तरको शिक्षाको अवसरबाट बाहिरिएका छन् । ती बालबालिकाहरू तिनै निम्न वर्गका जो आर्थिक, सांस्कृतिक, पारिवारिक तथा भाषिक आदि विविध कारणबाट विद्यालय जान नसक्ने, गइहालेपनि सिकाइ उपलब्धीमा सामाजिक वर्गको प्रभाव पर्छ जसले गर्दा उनीहरू राम्ररी सिक्न र प्रतिष्पर्धा गर्न सक्दैनन् । लिम्बू जाति पनि यही अवस्थामा रहेका छन् । माथि उल्लेखित चिन्तनको आधारमा लिम्बूजातिको परिवेशलाई अध्ययन गर्दा इमाइल दुर्खिमले आर्थिक, सांस्कृतिक, पारिवारिक, भाषिक आदिकारणले गर्दा व्यक्तिले विद्यालयगएर शिक्षा ग्रहगर्न सक्दैनन् भनेका छन् ।

## २.३ पुनरावलोकनको उपादेयता

कुनै पनि विषयवस्तु घटना सम्बन्धी अध्ययन अनुसन्धानका लागि पहिले नै विश्वव्यापी रुपमा स्थापित भइसकेका सिद्धान्तहरू र सम्बन्धित विभिन्न पूर्व साहित्यहरूलाई आधार मानेर कुनै पनि अध्ययन अनुसन्धान गर्दा अनुसन्धानले मूर्तरुप लिन सक्छ । यस अध्ययनमा मार्क्स (१८४८) को वर्ग सङ्घर्षसिद्धान्तले समाजमा जातिगत रुपमा रहेको वर्ग विभेदले समाजका प्रचलन, मूल्य तथा मान्यता, व्यवहार तथा सिङ्गो शैक्षिक जनशक्ति उत्पादन प्रणालीमा प्रभाव पारेको हुन्छ र लिम्बू जाति पनि मार्क्सको वर्ग विभेद भन्दा फरक रहेका छैनन् वा मार्क्सले भनेजस्तै लिम्बू जाति पनि समाजका शोषित बर्ग हुन् जो आफ्नो वर्गको स्वार्थलाई लिएर संघर्षरत छन् भन्ने कुरा बुझ्न सहयोग गर्दछ । द्वन्द्वात्मक दृष्टिकोण अनुसार विद्यालयले तल्लो जात, जाति वा वर्गका विद्यार्थीहरूको सृजनशीलता र अभिव्यक्तिशीलतालाई स्थान नदिइ प्रभूत्ववादी वर्गका साँस्कृतिक पूँजीलाई पुनउत्पादन गर्दछ । यस कुरालाई मार्क्सवादी चिन्तनले वकालत गरिरहेको छ । इमाइल दुर्खिम (१९९७) को सामाजिक वर्ग तथा शैक्षिक सिद्धान्तले समाजमा भइरहेको परिवर्तन अनुसार शैक्षिक प्रक्रियामा परिवर्तन भइरहनु पर्दछ र समाजको प्रत्येक अङ्गले सृजनागरेका आदर्शहरूलाई अर्थ दिने र संरक्षण दिने काम शिक्षाले गर्नु पर्दछ । तर सामाजिक ऐक्यबद्धता खोजेका विद्यालयबाटै जातीय विभेद, भाषिक थिचोमिचो, धनको दबदबा लिम्बू जातिमा भएको छ वा छैन भनि अध्ययन गर्न सहयोग गरेकोछ । दुर्खिमको चिन्तनको आधारमा लिम्बू जातिको परिवेशलाई आर्थिक, साँस्कृतिक, पारिवारिक तथा भाषिक आदि कारणले गर्दा व्यक्तिले विद्यालय गएर शिक्षा ग्रहण गर्न सक्दैन भन्ने कुरा यस अध्ययनका लागि उपयोगिछन् ।

यसरी विभिन्न जनजातिहरूको शिक्षामा सहभागिता बारेमा विभिन्न अध्येताहरूले गरेका विभिन्न खोज अनुसन्धानहरूको अध्ययनबाट यस शोधकार्यकालागि विभिन्न जनजातिहरुको शिक्षामा पहुँच, सहभागिताको स्थिति, समस्याहरु तथा त्यस्ता समस्याहरुको समाधानका उपायहरू बुझ्न र लिम्बु जातिकालागि आवश्यक जानकारीहरू लिन सहजभएको छ ।

हालसम्म लिम्बू जातिका बालबालिकाको प्राथमिक तहको शिक्षामा सहभागिताको स्थिति कस्तो छ भन्नेबारे अध्ययन भएको छैन । हाल स्वतन्त्र लिम्बूवान राज्यको माग गर्दै लिम्बू जातिहरूले आन्दोलन गरिरहेका अवस्थामा आधारभूत तहको शिक्षाको बारेमा उनीहरूका बालबालिकाको शैक्षिक सहभागिता, प्राथमिक तहको शिक्षामा प्रभावपार्ने तत्वहरू तथा सहभागिता बृद्धिगर्न आवश्यक उपायहरूको वारेमा खोजि नभएकोले सो कुरालाई हृदयगम गर्दै खोजी गर्ने प्रयत्न गरिएको छ । यस अध्ययनकालागि माथि उल्लेखित पूर्व साहित्यहरूको अध्ययन तथा सैद्धान्तिक खाकालाई आधार बनाई यो अध्ययन कार्य गर्न सहज भएको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

## ३.१ अनुसन्धान ढाँचा

प्राथमिक तहमा लिम्बू बालबालिकाको सहभागिताको बारेमा अध्ययन गर्ने क्रममा यस शोधपत्रमा अनुसन्धान ढाँचाको निर्माण गरी व्याख्यात्मक, वर्णनात्मक विधि अपनाई विश्लेषण गरिएको छ । नमूना सर्वेक्षणका लागि छनोट भएका विद्यालयबाट तीन शैक्षिक बर्षको तथ्याङ्क लिई लिम्बू विद्यार्थी सहभागिताको विश्लेषणात्मक अध्ययन गरिएको छ । शोधकर्ता स्वयम् अध्ययन क्षेत्रमा गई अध्ययन सर्वेक्षण, मौखिक छलफल एवम् प्रश्नावली मार्फ सङ्कलित अभिमतको सङ्ख्यात्मक र गुणात्मक दुबै पक्षबाट विश्लेषण गरिएको छ ।

## ३.२ तथ्याङ्क सङ्कलन प्रक्रिया

### ३.२.१ जनसङ्ख्या

प्राथमिक तहमा लिम्बू बालबालिकाको सहभागिताको बारेमा अध्ययन गर्ने क्रममा यस शोधपत्रमा जनसङ्ख्याको रुपमा तोपगाछी स्रोतकेन्द्र, तोपगाछी स्रोतकेन्द्रका सामुदायिक विद्यालय, उक्त विद्यालयका प्र.अ., वि.व्य.स.अध्यक्षहरू, विद्यार्थीहरू, अभिभावकहरू, स्रोतव्यक्ति र शिक्षकहरूलाई लिइएको छ । जस अन्तर्गत एक स्रोतकेन्द्र र सो स्रोतकेन्द्रका एकजना स्रोतव्यक्ति, २७ ओटा विद्यालयहरू, २७ जना प्र.अ.हरू, १३५ जना शिक्षकहरू, २१८ जना लिम्बू विद्यार्थीहरू, २०० जना अभिभावकहरू र २७ जना वि.व्य.स.अध्यक्षहरूलाई यस अध्ययनको जनसङ्ख्याको रुपमा लिइएको छ ।

### ३.२.२ नमूनाको आकार

अध्ययन गरिने २७ ओटा विद्यालयहरु मध्ये ५ ओटा विद्यालयका ५ जना प्र. अ., ५ जना वि.व्य.स. अध्यक्षहरू, १ विद्यालय निरिक्षक, १५ जना शिक्षकहरू, २० जना लिम्बू अभिभावकहरू तथा २५ जना लिम्बू विद्यार्थीहरू गरी जम्मा ७१ जनालाई नमूनाको रुपमा लिइएको छ । जसको नामावली अनुसूची ८ मा राखिएको छ ।

### ३.२.३ नमूना छनोट विधि

यस अध्ययनमा नमूना छनोटको लागि उद्देश्यमूलक नमूना छनोट विधि तथा सांयोगिक नमूना छनोट विधि अपनाइएको छ । विद्यालयहरू, प्र.अ. तथा वि.व्य.स.अध्यक्षहरूलाई उद्देश्यमूलक नमूना छनोट विधि तथा विद्यार्थीहरू, शिक्षकहरू र अभिभावकहरूको छनोट गर्दा सांयोगिक विधिको प्रयोग गरी नमूना छनोट गरिएको छ ।

### ३.२.४ नमूना छनोटको आधार

अनुसन्धानका लागि नमूना छनोट पक्षपात रहित बनाउन, तथ्याङ्कलाई यथार्थ बनाउन नमूना छनोटका केही आधारलाई लिइएको छ । साधन स्रोत र समयको सिमितता, सुगमता, दुर्गमता, अभिभावकको आर्थिक स्थिति, लिङ्ग, जातीयता, सामुदायिक विद्यालयहरूलाई नमूना छनोटको आधार बनाइएको छ । यसरी लिम्बू जातिका बालबालिकाको प्राथमिक तहको

शिक्षामा सहभागितामा प्रभाव पार्ने तत्वहरूको विश्लेषण गर्न अध्ययन क्षेत्रको  विद्यालयहरू छनोट गर्दा लिम्बू जातिको बाहुल्यता, गाउँ शहरलाई आधार मानिएको छ भने कक्षा र विद्यार्थीहरूको छनोट गर्दा नमूना विद्यालयका कक्षा ४ र ५ का लिम्बू जातिका बालबालिकालाई  लैङ्गिक समानताका आधारमा छनोट गरिएको छ। शिक्षक, विद्यालयका प्र.अ. र वि.व्य.स. अध्यक्षको छनौट गर्दा नमूना विद्यालयलाई छनौटको आधार वनाइएको छ। अभिभावकको छनोटगर्दा लिम्बु विद्यार्थीलाई आधार बनाइएको छ।

## ३.३ अध्ययनका साधनहरू

प्रस्तुत शोधपत्र सम्पन्न गर्ने क्रममा अनुसन्धानकर्ताले विद्यार्थी, अभिभावक, शिक्षक, प्र.अ. वि.व्य.स.अध्यक्षहरू तथा वि.नि.सँग अन्तर्वार्ता तथा प्रश्नावली फारम तयारपारी भर्न लगाइएको छ साथै  सम्बन्धित सरोकारबालासँग प्रत्यक्ष अन्तर्वार्ता तथा छलफल र बिचार विमर्श गरी सूचना तथा  तथ्याङ्क सङ्कलन गरिएको छ।

प्रश्नावली

शोधपत्र तयार गर्ने क्रममा आवश्यक पर्ने तथ्याङ्क तथा जानकारी लिनका लागि अनुसन्धान कर्ताले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्र.अ., शिक्षक, लिम्बू विद्यार्थीका अभिभावक तथा लिम्बू जातिका बालबालिकाहरूका लागि विभिन्न खालका प्रश्नावली फारम वनाएर भर्न लगाई आवश्यक पर्ने सूचना तथा तथ्याङ्क प्राप्त गरिएको छ।

अन्तर्वार्ता

अध्ययनको क्रममा लिम्बू जातिका बालबालिकाहरूको शिक्षा सम्बन्धि अभिभावकको भूमिका, घरयासी वातावरण, सम्बन्धित निकायको भूमिका, शिक्षा सम्बन्धि समस्या विद्यालयको वातावरण, लिम्बू जातिको सामाजिक धारणा आदिको सवालमा जानकारी लिने उद्देश्यले अन्तर्वार्ता फाराम निर्माण गरेर तथा प्रत्यक्ष रुपमा विद्यालय निरीक्षक, शिक्षक तथा प्र.अ.सँग अन्तर्वार्ता लिइएको छ।

## ३.४ तथ्याङ्कका स्रोतहरू

तथ्याङ्कहरू जहाँबाट प्राप्तगर्न सकिन्छ, त्यस क्षेत्रलाई तथ्याङ्कको स्रोत भनिन्छ। कुनै पनि शोधकार्यलाई आवश्यक पर्ने तथ्याङ्क विभिन्न स्रोतबाट प्राप्त गर्न सकिन्छ। यस अनुसन्धान कार्यका लागि आवश्यक पर्ने तथ्याङ्कहरू प्राथमिक स्रोत र द्बितीय स्रोत दुवैलाई तथ्याङ्कका स्रोतका रुपमा प्रयोग गरिएको  छ।

### ३.४.१ प्राथमिक स्रोत

अनुसन्धानकर्ताद्धारा पहिलो पटक सङकलन र प्रयोग गरिएको तथ्याङ्कहरू प्राथमिक स्रोत अन्तर्गत पर्दछन्। यस शोधकार्यमा प्राथमिक तथ्यांङ्क सङ्कलन गर्दा प्रश्नावली र अन्तर्वार्ता फारामहरू निर्माण गरी प्रश्नावली भराउने र अन्तर्वार्ता लिने कार्य गरिएको छ। यसका

लागि सकेसम्म लिम्बू बालबालिकाको प्राथमिक शिक्षा सहभागितामा प्रभाव पार्ने तत्वहरूको बारेमा जानकारी पाउने प्रश्नसँग सम्बन्धित रहेर छनौट गरिएका विद्यालयहरूका लिम्बू विद्यार्थीहरूको प्राथमिक विद्यालयमा सहभागिताको स्थिति हेर्न विद्यालयबाट तथ्यांङ्क सङ्कलन गरिएको छ ।

### ३.४.२ द्वितीय स्रोत

शोधपत्र तयारगर्नको लागि आवश्यक पर्ने तथ्याङ्कहरू प्राथमिक स्रोतबाटमात्र पर्याप्त नहुने भएकोले द्वितीय स्रोतको रुपमा विभिन्न पुस्तकहरू, पत्रपत्रिका, विभिन्न लेखहरू, गा.वि.स.तथा जि.वि.स.का अभिलेखहरू, झापा जिल्ला शिक्षा कार्यालयको अभिलेख, केन्द्रिय तथ्याङ्क विभाग, यस शोधपत्रसँग मिल्ने अन्य शोधकर्ताका सम्वन्धित शोधपत्रहरू, सम्वन्धित विद्यालय र स्रोतकेन्द्रका रेकर्डहरू आदिलाई  आधार बनाईएको छ ।

## ३.५ तथ्याङ्क प्रस्तुति, विश्लेषण र व्याख्या

विभिन्न क्षेत्रबाट अनुसन्धानका लागि सङ्कलित तथ्याङ्कहरूलाई सरल, व्यवस्थित र संगठित वनाउनका लागि  विभिन्न तालिकामा तालिकाबद्ध गरिएको छ । अध्ययनको क्रममा संकलित तथ्याङ्कलाइ प्रस्तुत गर्ने क्रममा तालिकीकरण गरी प्रतिशत, स्तम्भचित्र र वृत्तचित्रको प्रयोग गरी विश्लेषण गरिएको छ । तथ्याङ्कबाट प्राप्त नतिजालाई परिमाणात्मक र गुणात्मक दुवै विधिबाट विश्लेषण गरिएको छ । यो अध्ययन व्याख्यात्मक र वर्णनात्मक भएकाले शाब्दिक ब्याख्यालाई विशेष ध्यान दिइएको छ । अध्ययनबाट प्राप्त नतिजालाई विश्वासनियता र वैद्यताकालागि राष्ट्रिय र जिल्लास्तरको तथ्याङ्कलाई तुलनात्मक आधार मानिएको छ । प्रतिशत, स्तम्भचित्र र वृत्तचित्रमा प्रस्तुत  गरिएका विभिन्न तथ्याङ्कको तुलनात्मक रुपमा विश्लेषण र व्याख्या गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण

अनुसन्धान प्रक्रियामा विभिन्न साधन, विधि र प्रविधिहरूको उपयोग गरी तथ्याङ्क सङ्कलन गरिन्छ । कोरा तथ्याङ्कहरूवाट अनुसन्धानका प्रश्नहरूको उत्तर प्राप्त गर्न र प्रभावकारी सामान्यीकरण गर्न सकिँदैन किनभने लिइएका तथ्याङ्कहरू व्यवस्थित हुँदैनन् । जसले गर्दा तुलनात्मक अध्ययन गर्न सकिँदैन । विभिन्न प्रकारका तथ्याङ्कशास्त्रीय प्रक्रियाहरूको प्रयोग गरी अध्ययन गर्न पनि सङ्कलित तथ्याङ्कहरू उपयुक्त हुँदैनन् । त्यसैले जबसम्म प्राप्त तथ्याङ्कहरूलाई प्रभावकारी ढङ्गबाट विश्लेषण र प्रस्तुति गरिदैन तबसम्म प्राप्त सूचनाहरूको बिचलनको कारण प्रभाव सम्बन्धको अध्ययन गर्न सकिँदैन । अनुसन्धानको प्रमुख उद्देश्य नयाँ ज्ञान र सिद्धान्तको विकास गर्नु हो । यस कार्यका लागि दुई वा दुई भन्दा बढी चरहरू बीचको शास्त्रीय सम्वन्ध अध्ययन गर्नु पर्दछ । यस कार्यमा विभिन्न प्रकारका तथ्याङ्कविधि उपयोग गर्न आवश्यक हुन्छ । जसको लागि उपयुक्त र प्रक्रिया संगत ढङ्गबाट तथ्याङ्कहरूलाई सङ्गठित गर्नु, तथ्याङ्कलाई बोल्न सक्ने बनाउने कार्य नै विश्लेषण हो । साथै तिनलाई उचित प्रक्रिया अपनाएर अध्ययन गर्न सक्ने रुपमा प्रस्तुत गर्नु तथ्याङ्कको प्रस्तुति हो, (खनाल, २०५९) ।

यसअध्ययनको लागि कुल जनसङ्ख्या र लिम्बू जातिको स्थिति, तोपगाछी गा.वि.स.को जातिगत जनसङ्ख्याको विवरण, अध्ययन क्षेत्रमा लिम्बू जातिको शैक्षिक अवस्था र शिक्षामा सहभागिता, तोपगाछी स्रोतकेन्द्रको प्रा.वि. तहमा जातिगत विद्यार्थी सहभागितालाई लिइएको छ । स्रोतकेन्द्र स्तरीय तथ्याङ्क २०६६/२०६७ कोआधारमा प्रा.वि.तहमा विद्यार्थी भर्ना तथा विद्यालय छाड्नेको तुलनात्मक विवरण, अध्ययन क्षेत्रका प्रा.वि. तहका विद्यालयमा लिम्बू जातिका बालबालिकाको सहभागिता कम हुनुका कारण र अध्ययनमा परेका लिम्बू जातिका अभिभावकको जग्गा जमिनको विवरणलाई लिएर विश्लेषण गरिएको छ ।

## ४.१ प्राथमिक तहमा लिम्बू बालबालिकाको सहभागिता स्थिति

प्राथमिक तहमा लिम्बू बालबालिकाको शैक्षिक सहभागिताको स्थिति कस्तो छ भनेर अध्ययन गर्नका लागि विभिन्न तथ्याङ्कहरूलाई निम्न अनुसार विभिन्न तालिकाबाट अध्ययन तथा विश्लेषण गरिएको छ ।

### ४.१.१ कूल जनसङ्ख्या र लिम्बूको स्थिति


अध्ययन क्षेत्रको लिम्बू बालबालिकाहरूको प्राथमिक तहको शिक्षामा सहभागिताको स्थिति र शैक्षिक समस्याहरू पत्तालगाई त्यसको समाधानका लागि सोसँग सम्बन्धित जनसाङ्ख्यिकीय स्थितिको चर्चा गर्न सान्दर्भिक ठहर्छ । तुलनात्मकरुपमा लिम्बूको जनसङ्ख्याको स्थिति निम्न अनुसार रहेको पाइयो ।

तालिका नं. १ : कूल जनसङ्ख्या र लिम्बूको स्थिति


| विवरण | नेपाल | झापा | अध्ययन क्षेत्र |
|---|---|---|---|
| कूल जनसङ्ख्या | २,३१५१,४२३ | ६३३,०४२ | २७,३६९ |
| लिम्बूको जनसङ्ख्या | ३५९,३७९ | ३७,६४६ | २७१९ |
| लिम्बू जनसङ्ख्या प्रतिशत | १.८५ | ६ | ९.९३ |

स्रोतः–केन्द्रिय तथ्यांङ्क विभाग, २०५८, तोपगाछी गा.वि.स., २०६७

वृत्तचित्र नं १ : नेपालको जनसङ्ख्या र अध्ययन क्षेत्रको जनसङ्ख्या




वृत्तचित्र नं. २ : अध्ययन क्षेत्रका लिम्बू जनसङ्ख्या प्रतिशत



उपर्युक्त तालिका तथा वृत्तचित्र अनुसार कुल जनसङ्ख्या र लिम्बूको स्थिति हेर्दा नेपाल अधिराज्यको तुलनामा झापा जिल्लामा लिम्बूको जनसङ्ख्या धेरै रहेको देखिन्छ । कूलजनसङ्ख्याको १.८५ प्रतिशत लिम्बूहरू नेपालमा वसोवास गरेका छन्, जुन वृत्तचित्र १ मा अत्यन्त थोरै भागले देखाएको छ । यस जिल्लामा ६ प्रतिशत लिम्बूहरू वसोबास गरेका छन् भने अध्ययन क्षेत्रमा अधिराज्य र जिल्लाको तुलनामा लिम्बूहरूको जनसङ्ख्याको धेरै सङ्ख्या अर्थात् लिम्बू जनसङ्ख्याको ९.९३ प्रतिशत लिम्बूहरू भएको पाइयो ।

## ४.१.२ तोपगाछी गा.वि.स.को जातिगत जनसङ्ख्या विवरण


लिम्बू जातिका बालबालिकाहरूको प्राथमिक तहको शिक्षामा सहभागिताको स्थितिलाई हेर्नका लागि तोपगाछी गा.वि.स.का विभिन्न बार्ड मा भएको विभिन्न जातिको सङ्ख्या तथा लिम्बू जातिको सङ्ख्या तथा प्रतिशतलाई निम्न अनुसार तालिकामा देखाइएको छ ।

तालिका नं २ : तोपगाछी गा.वि.स.को जातिगत जनसङ्ख्या विवरण

| वडा न. | परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | दलित | लिम्बू | अन्य | लिम्बू जनसङ्ख्या प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | २८७ | १,५८७ | ७७ | १५ | १,४९५ | ०.९४ |
| २ | ४२३ | २,५९२ | १५८ | १२९ | २,३०५ | ४.९८ |
| ३ | ५०२ | ३,०७५ | १८२ | ३२ | २,८६१ | १.०४ |
| ४ | २९८ | १,४१२ | ६५ | १६८ | १,१८९ | ११.८९ |
| ५ | ६२९ | ३,५५३ | २४९ | ७५२ | २,५५१ | २१.१६ |
| ६ | ३७३ | २,२९८ | १८७ | ३०२ | १,८०९ | १३.१४ |
| ७ | १,००९ | ५,६२० | २३४ | १,०४३ | ४,३४३ | १८.५५ |
| ८ | ६७१ | ३,७७६ | १६७ | २५१ | ३,३५८ | ६.६४ |
| ९ | ६२३ | ३,४५६ | १९१ | २७ | ३,२३८ | ०.७८ |
| जम्मा | ४,८१५ | २७,३६९ | १,४८० | २,७१९ | २३,१७० | ९.९३ |

स्रोत-तोपगाछी गा.वि.स.,२०६७

वृत्त चित्र नं.३ : तोपगाछी गा.वि.स. को जनसङ्ख्या विवरण



माथिको तालिका तथा वृत्तचित्रमा तोपगाछी गा.वि.स.को जम्मा जनसङ्ख्या २७,३६९ जना मध्ये अन्य जनसङ्ख्या २३,१७०, दलितको सङ्ख्या १,४८० र लिम्बूको जनसङ्ख्या २७१९ अर्थात् ९.९३ प्रतिशत रहेको पाइयो । जसमध्ये पनि लिम्बूको जनसङ्ख्या सवभन्दा धरै भएको बार्ड तोपगाछी ५ जहाँको लिम्बूको सङ्ख्या २,५५१ अर्थात् २१.१६ प्रतिशत रहेको देखियो ।

### ४.१.३ लिम्बू जातिको शैक्षिक अवस्था र शिक्षामा सहभागिता

झापा जिल्लाको जम्मा जनसङ्ख्या ७३३,०४३ छ । जसमध्ये पुरुषको जनसङ्ख्या ३१४,३२७ र महिलाको जनसङ्ख्या ३१०,४१५ छ । यसमा तोपगाछी गा.वि.स.को जनसङ्ख्या २७,३६९ जना मध्ये पुरुषको जनसङ्ख्या १३,८०३ र महिलाको जनसङ्ख्या १३५६६ रहेको छ । त्यसमा झापा जिल्लामा लिम्बुको जनसङ्ख्या ३६,६४६ रहेको छ भने तोपगाछी गा.वि.स.मा लिम्बूको जनसङ्ख्या २,७२९ छ । लिम्बूहरू मध्ये ८५ प्रतिशत साक्षर र १५ प्रतिशत निरक्षर रहेका छन्, (स्रोत : रा.ज.ग. २०५८, तोपगाछी गा.वि.स., २०६७) ।

यस अध्ययनको लागि आवश्यक जानकारी लिन र तथ्याङ्क सङकलन गर्न लिम्बू जातिका विद्यार्थीहरूको अभिभावकहरू र विद्यार्थीहरूसँग प्रश्नावली भराइएको थियो । यसक्रममा २० घर धुरी लिइएको र त्यसमा जम्मा २० जना जनसङ्ख्या रहेकामा तिनको स्थितिको सवालमा अध्ययन गरिएको छ । उक्त अध्ययनबाट प्राप्त जानकारी तलको तालिकामा देखाइएको छ ।

तालिका नं. ३ : लिम्बू जातिको शैक्षिक अवस्था

| जम्मा जनसङ्ख्या | निरक्षर | साक्षर | अनौपचारी | साक्षर | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | | औपचारीक | | |
| | | | | अध्ययनरत | अध्ययन छाडेका | |
| २० | ६ | १४ | ६ | २ | १२ | १४ |
| प्रतिशत | ३०% | ७०% | ४२.८२% | ५७.१४% | | १००% |

स्रोतः- स्थलगत सर्वेक्षण,२०६७

उपर्युक्त तालिका अनुसार अध्ययनको क्रममा नमूनाको लागि लिईएको २० जना लिम्बू जनसङ्ख्यामा ६ जना वा ३० प्रतिशत निरक्षर र १४ जना वा ७० प्रतिशत साक्षर देखिन्छन् । साक्षर मध्ये ६ जना अथवा ४२.८२ प्रतिशत अनौपचारीक शिक्षा र १४ जना अर्थात् ५७.१४ प्रतिशत  औपचारीक शिक्षावाट साक्षर भएको पाइयो भने औपचारिक साक्षर मध्ये पनि २ जना अध्ययनरत र १२ जना अध्ययन छाडेका पाइयो । औपचारीक साक्षर मध्ये तहगतरुपमा शिक्षा पाएकाको सङ्ख्या तालिकाबद्ध रुपमा निम्न अनुसार देखाइएको छ ।


तालिका नं. ४ : लिम्बू जातिको शिक्षाको स्थिति

| क्र.स. | तह | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रा.वि. | ६ | ४२.८५ |
| २ | नि.मा.वि. | ४ | २८.५७ |
| ३ | मा.वि. | २ | १४.२८ |
| ४ | एस.एल.सी. | १ | ७.१५ |
| ५ | एस.एल.सी.माथि | १ | ७.१५ |
| जम्मा | | १४ | १०० |

स्रोतः- स्थलगत सर्वेक्षण,२०६७

यसलाई पनि निम्न अनुसार स्तम्भचित्रमा देखाउन सकिन्छ :–

स्तम्भ चित्र नं १ : लिम्बू जातिको शिक्षाको स्थिति




उपर्युक्त तालिका तथा स्तम्भ चित्र अनुसार लिम्बू जातिको शिक्षाको स्थिति हेर्दा जम्मा २० जना लिम्बू अभिभावक मध्ये १४ जना शिक्षित पाइयो र १४ जना साक्षर मध्ये पनि औपचारीक शिक्षाको प्रा.वि. तहको शिक्षा लिएका ६ जना वा ४२.८५ प्रतिशत र नि.मा.वि. तहको शिक्षा हासिलगरेका ४ जना वा २८.५७ प्रतिशत र त्यस भन्दा माथिको तहमा २ जना वा १४.२८ प्रतिशतले शिक्षा लिएर साक्षर भएको पाइयो ।

### ४.१.४ प्राथमिक तहमा लिम्बू विद्यार्थीहरूको सहभागिता स्थिति

प्राथमिक तहको शिक्षामा लिम्बू जातिका बालबालिकाको सहभागिताको स्थितिलाई अध्ययन गर्नका लागि नेपाल अधिराज्य भरीका कुल विद्यार्थी सङ्ख्या, झापा जिल्लाको विद्यार्थी सङ्ख्या, अध्ययन क्षेत्रको विद्यार्थी सङ्ख्या र लिम्बू जातिका विद्यार्थीहरूको सङ्ख्यालाई तुलनात्मक रुपमा हेर्नका लागि तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५ : प्राथमिक तहमा लिम्बू विद्यार्थी सहभागिता स्थिति

| विवरण | नेपाल | | | झापा | | | अध्ययन क्षेत्र | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| कुल विद्यार्थी सङ्ख्या | २१२७३६५ | १७२६२५३ | ३८५३६१८ | ३९३०७ | ४२६२१ | ८१९२८ | ३१०० | ३८६३ | ६९६३ |
| लिम्बू विद्यार्थी | ६४३५ | ६५३३ | १२९६८ | ११३२ | १०९१ | २२२३ | १०० | ११८ | २१८ |
| लिम्बू विद्यार्थी प्रतिशत | ०.३० | ०.३८ | ०.३३ | २.८८ | २.५६ | २.७१ | ३.२२ | ३.०५ | ३.१ |

स्रोत :–राष्ट्रिय जनगणना, २०५८, विद्यालय तथ्याङ्क विवरण तथा स्थलगत सर्वेक्षण, २०६७

माथिको तालिकामा नेपालमा प्रा.वि. तहमा जम्मा विद्यार्थी सङ्ख्या ३,८५३,६१८ जना मध्ये झापा जिल्लामा ८१,९२८ जना र अध्ययन क्षेत्रमा ६,९६३ जना पाइयो । उक्त सङ्ख्यामध्ये नेपालमा, लिम्बू विद्यार्थीहरूको जम्मा सङ्ख्या १२,९६८ वा ०.३३ प्रतिशत, झापा जिल्लामा २,२२३ जना वा २.७१ प्रतिशत र अध्ययन क्षेत्रका २१८ वा ३.१ प्रतिशत रहेको पाइयो । यसरी अध्ययन क्षेत्रमा लिम्बू जातिका बालबालिकाहरूको सहभागिता समग्र सहभागिता भन्दा बढी देखिन्छ । यहाँ दुर्खिमले भने जसरी नै समाजमा भएका विभिन्न जातीय वर्ग मध्येका लिम्बू जाति पनि एक वर्गको रुपमा रहेका र आफ्नो बाहुल्यता वढी भएको स्थानमा सहभागिता पनि वढेको पाइयो ।

### ४.१.५ तोपगाछी स्रोतकेन्द्रको प्राथमिक तहमा विद्यार्थीको कक्षागतरुपमा जातिगत सहभागिता

तोपगाछी स्रोतकेन्द्रमा २०६७ सालको स्रोतकेन्द्रिय तथ्याङ्क अनुसार प्रा.वि.तहमा जम्मा विद्यार्थी सङ्ख्या ६७०८ जना छन्, जसमध्ये छात्रको जम्मा सङ्ख्या ३३६२ जना वा ५०.१२ प्रतिशत र छात्राको जम्मा सङ्ख्या ३३६२ जना वा ४९.८८ प्रतिशत रहेको छ । जसमा कक्षा १ मा १४२८ जना, कक्षा २ मा ११११ जना, कक्षा ३ मा १३७८ जना, कक्षा ४ मा १३७८ जना र कक्षा ५ मा १४१३ जना रहेका छन् । जसलाई अनुसूचि ९ मा तालिकामा देखाइएको छ । उक्त सङ्ख्या मध्ये विभिन्न जातिका विद्यार्थीहरूको प्रत्येक कक्षामा जातिगत रुपमा सहभागि सङ्ख्यालाई निम्न अनुसार तालिकामा देखाइएको छ ।


तालिका नं. ६ : तोपगाछी स्रोतकेन्द्रको प्राथमिक तहमा कक्षागतरुपमा विद्यार्थीको जातिगत सहभागिता

| जाति | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| जनजाति (लिम्बू वाहेक) | ६५३ | ३४८ | ५८८ | ६३४ | ७६० | २८७८ |
| लिम्बू | ४५ | ४६ | ४५ | ४४ | ३८ | २१८ |
| अन्य | ४५५ | ४२७ | ४४० | ४०० | ३९० | २११२ |
| जम्मा | १४२८ | ११११ | १३७८ | १३७८ | १४१३ | ६७०८ |

स्रोतः तोपगाछी स्रोतकेन्द्रिय तथ्याङ्क , २०६७, स्थलगत निरीक्षण, २०६७

यसलाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ ।

स्तम्भचित्र नं २ : तोपगाछी स्रोतकेन्द्रको प्राथमिक तहमा विद्यार्थीको कक्षागतरुपमा जातिगत सहभागिता




यस अध्ययन क्षेत्र अन्तर्गतका प्रा.वि.हरूमा विद्यार्थीको जातिगत सहभागिताको सम्बन्धमा अध्ययन गर्दा  कक्षा १ मा जम्मा सहभागि १४२८ मध्ये लिम्बू विद्यार्थीको सङ्ख्या ४४ जना, कक्षा २ मा जम्मा विद्यार्थी ११११ मध्ये ४६ जना, कक्षा ३ मा १३७८ मध्ये ४६ जना, कक्षा ४ मा १३७८ मध्ये ४४ जना र कक्षा ५ मा ११४१३ जनामा ३८ जना र जम्मा ६७०८ मध्ये लिम्बू विद्यार्थी सङ्ख्या २१८ जना पाइयो ।

## ४.१.६ प्राथमिक तहमा जातिगत विद्यार्थी सहभागिता स्थिति

अध्ययन क्षेत्रको प्रा.वि.तहमा जातिगत सहभागिता समग्र विद्यार्थी बीच तुलनात्मक अध्ययन गर्नका लागि  निम्न तालिकामा देखाइएको छ ।


तालिका नं. ७ : प्राथमिक तहमा जातिगत विद्यार्थी सहभागिता स्थिति

| जाति | जम्मा विद्यार्थी सङ्ख्या | | | प्रतिशत | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| दलित | ७३० | ७७० | १५०० | ४८.६७ | ५१.३३ | २२.३७ |
| उच्च वा अन्य जाति | १००० | १११२ | २११२ | ४७.३५ | ५२.६५ | ३१.४८ |
| लिम्बू वाहेका जनजाति | १३२० | १५५८ | २८७८ | ४५.८५ | ५४.१३ | ४२.९० |
| लिम्बू जाति | १०० | ११८ | २१८ | ४५.८७ | ५४.२३ | ३.२५ |
| जम्मा | ३२१८ | ३४९० | ६७०८ | १०० | १०० | १०० |

स्रोतः तोपगाछी स्रोतकेन्द्रिय तथ्याङ्क तथा स्थलगत सर्वेक्षण, २०६७

यसलाइ वृत्तचित्रमा यसरी देखाउन सकिन्छ ।

वृत्तचित्र नं ४ : प्राथमिक तहमा जातिगत विद्यार्थी सहभागिता स्थिति




माथिको तालिका तथा वृत्तचित्रले के स्पष्ट गरेको छ भने  जम्मा विद्यार्थी सङ्ख्या ६७०८ मध्ये छात्राको सङ्ख्या ३४९० र छात्रको सङ्ख्या ३२१८ जना देखिन्छ । दलितको सङ्ख्या १५०० जना वा २२.३७ प्रतिशत पाइयो भने उच्च जातिको सङ्ख्या २११२ वा  ३१.४८ प्रतिशत, लिम्बू वाहेकका जनजातिहरूको सङ्ख्या सबैभन्दा उच्च २८७८ वा ४२.९० प्रतिशत र लिम्बू जातिहरूका जम्मा विद्यार्थी सङ्ख्या २१८ वा ३.२५ प्रतिशतमा छात्र १०० जना वा ४५.८७ र छात्रा  ११८ वा ५४.२३ प्रतिशत पाइयो ।

### ४.१.७   लिम्बू विद्यार्थी भर्ना विवरण

यस अध्ययनको लागि छनौट भएका विद्यालयहरूमा शैक्षिक वर्ष २०६६ र शैक्षिक वर्ष २०६७ को विद्यालयको तथ्याङ्क अनुसार निम्न अनुसार भर्ना भएको पाइयो ।

२०६६ का लिम्बू विद्यार्थी भर्ना

शोधकार्यका लागि लिम्बू विद्यार्थीको सहभागितालाई पत्तालगाउने उद्देश्यले गरिएको यस अनुसन्धानमा निम्न अनुसारको सहभागिता पाइयो ।

तालिका नं. ८ : २०६६ सालका लिम्बू विद्यार्थी भर्ना


| क्र.स. | विद्यालयको नाम | अन्य | | | लिम्बू | | | जम्मा | लिम्बू विद्यार्थी प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | | |
| १ | श्री शहीद धर्म भक्त उ.मा. वि. | १८३ | १७७ | ३६० | १६ | १४ | ३० | ३९० | ७.६९ |
| २ | श्री लक्ष्मीनारायण उ.मा. वि. | १९७ | २११ | ४०८ | १८ | १९ | ३७ | ४४५ | ८.३१ |
| ३ | श्रीसरस्वती नि.मा.वि. | ११५ | १२२ | २३७ | १० | ८ | १८ | २५५ | ७.०५ |
| ४ | श्री ज्योती प्रा.वि. | ५५ | ७३ | १२८ | ८ | ६ | १४ | १४२ | ९.८५ |
| ५ | श्री मङ्गलमय उ.मा.वि. | २१८ | २२९ | ४४७ | १३ | १२ | २५ | ५०३ | ४.९७ |
| जम्मा | | ७६८ | ८१२ | १५८० | ६५ | ५९ | १२४ | १७३५ | ८.१८ |

स्रोतः- विद्यालय सर्वेक्षण,२०६७

उपर्युक्त तालिकामा देखाए अनुसार २०६६ सालमा नमूना विद्यालयको प्रा.वि. तह कक्षा (१–५) मा जम्मा कुल विद्यार्थी १७३५ मध्ये लिम्बू विद्यार्थी प्रतिशत अन्य विद्यार्थीकै हाराहारिमा ८.१८ प्रतिशत देखिन्छ । जम्मा लिम्बू विद्यार्थीमध्ये छात्र ६५ जना र छात्रा ५९ जना गरी कुल लिम्बू विद्यार्थी सङ्ख्या १२४ जना छन् । उक्त सङ्ख्या मध्ये श्री शहीद धर्मभक्त उ.मा.वि.का जम्मा विद्यार्थी ३९० जना मध्ये अन्य जातिका विद्यार्थीहरू ३६० जना छन् भने लिम्बू जातिका विद्यार्थी ३० जना वा ७.६९ प्रतिशत छन् । श्री लक्ष्मीनारायण उ.मा.वि.मा जम्मा विद्यार्थी सङ्ख्या ४४५ जनामा अन्य जातिका विद्यार्थी सङ्ख्या ३७ जना वा ८.३४ प्रतिशत छन् जसमा १८ जना छात्र र १९ जना छात्रा छन् । त्यसैगरी श्री सरस्वती नि.मा.वि. तोपगाछीमा जम्मा विद्यार्थी २५५ जनामा लिम्बू विद्यार्थी १८ जना वा ७.०५ प्रतिशत र अन्य विद्याथीहरूको सङ्ख्या २३७ छ । ज्योती प्रा.वि. तोपगाछीमा जम्मा विद्यार्थी १४२ जना मध्ये लिम्बू जातिका ८ जना छात्र र ६ जना छात्रा गरी जम्मा १४ जना वा विद्यार्थी सङ्ख्याको ९.८५ प्रतिशत लिम्बू बालबालिका अध्ययन गरेको पाइयो । श्री

मंगलमय उ. मा.वि.मा जम्मा विद्यार्थी ५०३ जनामा लिम्बू जातिका विद्यार्थीको सङ्ख्या २५ जना वा ४.९७ प्रतिशत र अन्य जातिका विद्यार्थीहरू ४४७ जना वा ९५.०३ प्रतिशत रहेको अध्ययनको क्रममा पाइयो । यसरी नमूना विद्यालयहरूमा लिम्बु विद्यार्थीको सहभागितालाई अध्ययन गर्दा ज्योति प्रा.वि.मा सवभन्दा धेरै पाइयो । यसलाई पनि निम्नअनुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ ।

स्तम्भ चित्र नं ३ : २०६६ सालका लिम्बू विद्यार्थी भर्ना




## २०६७ सालका लिम्बू विद्यार्थी भर्ना

छनोट गरिएका विद्यालयहरूमा २०६७ सालमा भर्ना भएका जम्मा विद्यार्थीहरू र लिम्बू जातिका विद्यार्थीहरूको सङ्ख्यात्मक सहभागिताको स्थितिलाई हेर्ने उद्देश्यले गरिएको अध्ययनमा प्राप्त भएको तथ्याङ्कलाई निम्न तालिकामा देखाइएको छ ।

तालिका नं. ९ : २०६७ सालका लिम्बू विद्यार्थी भर्ना


| विद्यालयको नाम | अन्य | | | लिम्बू | | | जम्मा | लिम्बू विद्यार्थी % |
|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| श्री शहीद धर्म भक्त उ.मा. वि. | १८२ | १७४ | ३५६ | १५ | १७ | ३२ | ३८८ | ८.२५ |
| श्री लक्ष्मीनारायण उ.मा. वि. | २१४ | २०१ | ४१५ | १७ | १८ | ३५ | ४५० | ७.७७ |
| श्री सरस्वती नि.मा.वि. | ११४ | १२१ | २३५ | १० | ५ | १५ | २५० | ६ |
| श्री ज्योती प्रा.वि. तोपगाछी ५ | ७० | ५६ | १२६ | ५ | ८ | १३ | १३९ | ९.३५ |
| श्री मङ्गलमय उ.मा.वि. | २४१ | २३० | ४७१ | १३ | १२ | २५ | ४९६ | ५.०४ |
| जम्मा | ८२१ | ७८२ | १६०३ | ६३ | ५७ | १२० | १७२३ | ६.९६ |

स्रोतः तोपगाछी स्रोत केन्द्रिय तथ्याङ्क,२०६७

माथिको तालिकालाई अझ स्पष्टपार्नको लागि तलको स्तम्भचित्रमा देखाइएको छ ।

स्तम्भचित्र नं ४ : २०६७ सालका लिम्बू विद्यार्थी भर्ना




माथिको तालिका तथा स्तम्भचित्रमा श्री शहीद धर्मभक्त उ.मा.वि.मा २०६७ सालमा जम्मा भर्ना हुने ३८८ विद्यार्थीहरू मध्ये लिम्बू विद्यार्थी ३२ जना वा ८.५ प्रतिशत र अन्य विद्यार्थीहरू ३५६ जना छन् । त्यसै गरी श्री लक्ष्मीनारायण उ.मा.वि. मा जम्मा ४५० मा १७ जना छात्र तथा १८ जना छात्रा गरी जम्मा ३५ जना वा ७.७७ प्रतिशत, सरस्वती नि. मा.वि.मा २५० मा १५ जना वा ६ प्रतिशत, ज्योती प्रा.वि. मा १३९ जना मा १३ जना वा ९.३५ प्रतिशत र मंगलमय उ.मा.वि.मा ४९६ जनामा २५ जना वा ५.०४ प्रतिशत लिम्बू विद्यार्थी भर्ना भएका पाइयो । यसरी नमूना विद्यालयमा २०६७ सालमा भर्ना भएका जम्मा

१७२३ विद्यार्थीहरू मध्ये अन्य जातिका विद्यार्थी १६०३ र लिम्बू जातिका विद्यार्थी १२० जना वा ६.९६ प्रतिशत लिम्बू विद्यार्थी पाइयो ।

### ४.१.८ लिम्बू विद्यार्थीको कक्षागत भर्ना

लिम्बू विद्यार्थीको प्राथमिक तहको शिक्षामा भर्ना प्रतिशत कस्तो छ भन्ने कुराको जानकारी लिनकालागि तोपगाछी स्रोतकेन्द्र भरीका कक्षा १ देखि कक्षा ५ सम्मका जम्मा प्राथमिक तहमा भर्ना भएका लिम्बू र लिम्बू बाहेकका अन्य विद्यार्थीहरूको सङ्ख्या र प्रतिशतलाई तलको तालिकामा देखाइएको छ ।


तालिका नं. १० : लिम्बू विद्यार्थीको कक्षागत भर्ना

| जाति | कक्षा १ | प्रतिशत | कक्षा २ | प्रतिशत | कक्षा ३ | प्रतिशत | कक्षा ४ | प्रतिशत | कक्षा ५ | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| लिम्बू | ४५ | ३.१५ | ४६ | ४.१४ | ४५ | ३.२७ | ४४ | ३.१९ | ३८ | २.६९ | २१८ | ३.२५ |
| अन्य जाति | १३८३ | ९६.८५ | १०६५ | ९५.८६ | १३३३ | ९६.७३ | १३३४ | ९६.८१ | १३७५ | ९७.३१ | ६४९० | ९६.७५ |
| जम्मा | १४२८ | १०० | ११११ | १०० | १३७८ | १०० | १३७८ | १०० | १४१३ | १०० | ६७०८ | १०० |

स्रोतः तोपगाछी स्रोतकेन्द्रिय तथ्याङ्क, २०६७ तथा स्थलगत निरीक्षण, २०६७

यसलाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ ।

स्तम्भचित्र नं. ५ : लिम्बू विद्यार्थीको कक्षागत भर्ना



माथिको तालिकामा २०६७ सालमा तोपगाछी स्रोतकेन्द्रको प्रा.वि.तहमा जम्मा विद्यार्थी सङ्ख्या ६७०८ जना भर्ना भएका देखिन्छन् । जसमध्ये लिम्बू जातिका विद्याार्थी सङ्ख्या २१८ जना वा ३.२५ प्रतिशत र अन्य जातिका विद्यार्थीहरूको सङ्ख्या ६४९० वा ९६.७५ प्रतिशत देखिन्छ । कक्षागत रुपमा हेर्दा कक्षा १ मा जम्मा भर्ना भएका विद्यार्थी सङ्ख्या १४२८ मा लिम्बू विद्यार्थी सङ्ख्या ४५ जना वा ३.१५ प्रतिशत, कक्षा २ मा जम्मा विद्यार्थी सङ्ख्या ११११ मा लिम्बू विद्यार्थी सङ्ख्या ४६ जना वा ४.१४ प्रतिशत, कक्षा ३ जम्मा भर्ना भएका १३७८ मध्ये ४५ जना वा ३.२७ प्रतिशत, कक्षा ४ मा १३७८ मध्ये ४४ जना वा ३.१९ प्रतिशत र कक्षा ५ मा जम्मा भर्ना भएका १४१३ विद्यार्थी मध्ये ३८ जना वा २.६९ प्रतिशत लिम्बू बालबालिकाहरू भर्ना भएको देखिन्छ भने बाँकी अन्य जातिका विद्यार्थीहरू छन् ।

## ४.१.९ जातिगत विद्यार्थी सहभागिता

यस अध्ययन क्षेत्रको स्रोतकेन्द्र अन्तर्गतका प्रा.वि. तहमा विद्यार्थीको जातिगत सहभागिता कस्तो छ भन्ने सम्बन्धमा अध्ययन गर्दा निम्नअनुसार पाइयो ।


तालिका नं. ११ : जातिगत विद्यार्थी सहभागिता

| क्र.स. | जाति | जम्मा विद्यार्थी सङ्ख्या | | | प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | दलित | ७३० | ७७० | १५०० | ४८.६७ | ५१.३३ | २२.३७ |
| २ | उच्च वा अन्य जाति | १००० | १११२ | २११२ | ४७.३५ | ५२.६५ | ३१.४८ |
| ३ | लिम्बूवाहेका जनजाति | १३२० | १५५८ | २८७८ | ४५.८५ | ५४.१३ | ४२.९० |
| ४ | लिम्बू जाति | १०० | ११८ | २१८ | ४५.८७ | ५४.२३ | ३.२५ |
| जम्मा | | ३२१८ | ३४९० | ६७०८ | १०० | १०० | १०० |

स्रोतः तोपगाछी स्रोतकेन्द्र तथा स्थलगत सर्वेक्षण,२०६७

माथिको तालिका अनुसार तोपगाछी स्रोतकेन्द्रमा भएको जातिगत विद्यार्थी सहभागितालाई स्पष्ट पार्नकालागि यसलाइ वृत्तचित्रमा यसरी देखाउन सकिन्छ ।

वृत्तचित्र नं. ५: जातिगत विद्यार्थी सहभागिता




माथिको तालिका तथा वृत्तचित्रले के स्पष्ट गरेको छ भने जम्मा विद्यार्थी सङ्ख्या ६७०८ मध्ये छात्राको सङ्ख्या ३४९० र छात्रको सङ्ख्या ३२१८ जना देखिन्छ । जसमा दलित विद्याथीको सङ्ख्या १५०० जना बा प्रतिशत २२.३७ पाइयो । जसमा छात्र ७३० वा ४८.६७ प्रतिशत र छात्रा ७७० जना वा ५१.३३ प्रतिशत छन् । उच्च जातिका विद्यार्थी सङ्ख्या २११२ वा ३१.४८ प्रतिशत छन् । जसमा छात्रको सङ्ख्या १००० वा ४७.३५ प्रतिशत र छात्राको सङ्ख्या ११११२ जना वा ५२.६५ प्रतिशत देखिन्छ । लिम्बू बाहेकका अन्य जनजातिको जम्मा विद्यार्थी सङ्ख्या २८७८ जना वा ४२.९० प्रतिशत मध्ये छात्र १३२० जना वा ४५.८५ प्रतिशत र छात्रा १५५८ वा ५४.१३ प्रतिशत छन् । तालिकामा जम्मा लिम्बू विद्यार्थी सङ्ख्या २१८ वा ३.२५ प्रतिशत छन् जसमा पनि छात्रको सङ्ख्या १०० जना वा ४५.८७ प्रतिशत र छात्राको सङ्ख्या ११८ जना वा लिम्बू विद्यार्थीको ५४.२३ प्रतिशत छन् ।

## ४.१.१० विद्यालय बीचैमा छाड्ने विद्यार्थी

अध्ययन क्षेत्रका विद्यालयहरूमा विद्यालय भर्ना भए पनि विभिन्न कारणबाट आफ्नो पढाइ पुरा नगरी बीचैमा विद्यालय छाड्ने विद्यार्थी अवस्था कस्तो छ भनी गरीएको अनुसन्धानमा पढाइ छाड्ने विद्यार्थीहरूको सङ्ख्यात्मक स्थितिलाई हेर्दा निम्न अनुसार पाइयो ।

*विद्यालय छाड्ने विद्यार्थीहरू*

अध्ययन क्षेत्रमा विद्यालयमा भर्नाभएर पनि आफ्नो अध्ययनलाई पुरा नगरीकन बीचैमा विद्यालय छाड्ने जम्मा विद्यार्थीहरूको तीन वर्षको विवरणलाई निम्न तालिकामा देखाइएको छ ।


तालिका नं. १२ : विद्यालय छाड्ने लिद्यार्थीहरू

| क.स. | शै.स. | भर्ना भएका जम्मा विद्यार्थी | | | विद्यालय छाड्ने | | | विद्यालय छाड्ने प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | २०६५ | ३४०० | ४१०० | ७५०० | ५४३ | ४०० | ९४३ | ७.२४ | ५.३३ | १२.२७ |
| २ | २०६६ | ३४५५ | ३५३५ | ६९९० | ४०२ | ४२३ | ८२५ | ५.७५ | ११.८० | १७.५५ |
| ३ | २०६७ | ३३३८ | ३३७० | ६७०८ | ४१५ | २९५ | ७१० | ६.१९ | ४.४० | १०.५९ |

स्रोतः–तोपगाछी स्रोतकन्द्र तथ्याङ्क तथा विद्यालय सर्वेक्षण,२०६७

यसलाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ ।

स्तम्भ चित्र नं ६ : विद्यालय छाड्ने विद्याथीहरू




वि.सं

माथिको तालिका बमोजिम जम्मा २०६५ सालमा भर्ना भएका ७५०० विद्यार्थी मध्ये आफ्नो पढाई पुरानगरीकन बीचैमा विद्यालय छाड्ने विद्यार्थी सङ्ख्या ५४३ जना वा ७.२४ प्रतिशत छात्र र ४०० जना वा ५.३३ प्रतिशत छात्रा  गरी जम्मा ९४३ जना अर्थात् १२.२७ प्रतिशत थिए भने २०६६ सालमा जम्मा  विद्यालयमा भर्ना भएका विद्यार्थी सङ्ख्या ६९९० जनामा विद्यालय छाड्ने सङ्ख्या ८२५ जना वा १७.५५ प्रतिशत थियो, जसमा छात्रको सङ्ख्या ४०२ जना वा ५.७५ प्रतिशत र छात्राको सङ्ख्या ४२३ जना वा ११.८० प्रतिशत थियो । त्यसैगरी वि.स.२०६७ मा जम्मा विद्यार्थी सङ्ख्या ६७०८ जनामा विद्यालय छाड्ने सङ्ख्या

७१० जना वा १०.५९ प्रतिशत थियो । जुन सङ्ख्याको ४१५ जना वा ६.१९ प्रतिशत छात्र र २९५ जना वा ४.४० प्रतिशत छात्राको छ ।

*बीचैमा विद्यालय छाड्ने विद्यार्थीहरू*

अध्ययन क्षेत्रका विद्यालयमा भर्ना भएर पनि आफ्नो अध्ययन पूरा नगरीकन बीचैमा विद्यालय छाड्ने विद्यार्थीहरूको सङ्ख्यालाई अध्ययन गर्ने क्रममा निम्न अनुसार भएको पाइयो ।


तालिका नं. १३ : बीचैमा विद्यालय छाड्ने विद्यार्थीहरू

| क्र.स. | शै.स. | भर्ना भएका जम्मा विद्यार्थी सङ्ख्या | | | विद्यालय छाड्ने सङ्ख्या | | | विद्यालय छाड्ने प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | २०६५ | १०३ | १२० | २२३ | २१ | २४ | ४५ | ९.४१ | १०.७६ | २०.१७ |
| २ | २०६६ | १११ | १२४ | २३५ | २३ | २६ | ४९ | ९.७९ | ११.०७ | २०.८५ |
| ३ | २०६७ | १०० | ११८ | २१८ | १९ | २० | ३९ | ८.७१ | ९.१७ | १७.८८ |

स्रोत :– तोपगाछी स्रोतकेन्द्र तथ्याङ्क तथा विद्यालय सर्वेक्षण, २०६७

उक्त तालिकालाई स्तम्भचित्रमा निम्न अनुसार प्रस्तुत गरिएको छ ।

स्तम्भ चित्र नं. ७ : बीचैमा विद्यालय छाड्ने विद्यार्थीहरू




वि.स.

माथिको तालिका तथा स्तम्भ चित्रमा हेर्दा विगत तीन वर्षको लिम्बू विद्यार्थीको विद्यालय बीचैमा छाड्ने दरलाई देखाइएको छ। उक्त तालिका २०६५ सालमा २२३ जना विद्यालयमा भर्ना भएर पनि बीचैमा विद्यालय छाड्ने लिम्बू विद्यार्थीको सङ्ख्या ४५ जना वा २०.१७ प्रतिशत रहेका छन्। २०६६ सालमा विद्यालयमा भर्ना हुने जम्मा लिम्बू विद्यार्थी २३५ जनामा विद्यालय छाड्नेको सङ्ख्या २३ जना छात्र र २६ जना छात्रा गरी जम्मा ४९ जना वा २०.८५ प्रतिशत छन्। त्यसैगरी २०६७ सालमा २१८ जना लिम्बू विद्यार्थीहरू भर्ना भएकामा बीचैमा विविध कारणले विद्यालय छाड्को सङ्ख्या १९ छात्र र २० जना छात्रा गरी जम्मा ३९ जना वा १७.८८ प्रतिशत छन्, जुन अघिल्ला दुई वर्षको तुलनामा केही घटेको देखिन्छ।

## ४.१.११ अध्ययन क्षेत्र, जिल्ला र राष्ट्रिय स्तरमा विद्यालय छाड्ने विद्यार्थीको तुलनात्मक स्थिति (प्रतिशतमा)

अध्ययन क्षेत्रका लिम्बू जातिका बालबालिबाको विद्यालय छाड्ने प्रतिशत दरलाई तुलनात्मक रुपमा जिल्ला स्तर क्षेत्रीय स्तर र राष्ट्रिय स्तरको विद्यालय छाड्ने प्राथमिक तहका विद्यार्थी प्रतिशत दरसँग तुलना गर्दा निम्न अनुसार पाइएको छ।

तालिका नं १४ : अध्ययन क्षेत्र, जिल्ला र राष्ट्रिय स्तरको विद्यालय छाड्ने विद्यार्थीको तुलनात्मक स्थिति (प्रतिशतमा)

| क.स. | क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल | १३.९ | ४.३ | ४ | ४.७ | ९.५ | २०५८ तथा २०६५ साल को तथ्याङ्क |
| २ | पुर्वाञ्चल | ११.७ | ३.३ | ३.७ | ४.४ | ७.५ | |
| ३ | झापा | ७.५ | ३.१ | २.३ | ३.५ | ५.४ | |
| ४ | अध्ययन क्षेत्र | १७.५ | ११.३ | १२.३ | १३.४ | १६.७ | २०६७ सालको तथ्याङ्क |
| ५ | अध्ययन क्षेत्रमा लिम्बू | २०.९ | १७.५ | १२.४ | १४.८ | १९.६ | |

स्रोतः–नेपालको विद्यालय स्तरीय शैक्षिक तथ्याङ्क, २०५८, झापा जिल्ला स्तरीय शैक्षिक तथ्याङ्क, २०६५ तथा विद्यालय तथ्याङ्क, २०६७

माथिको तालिकामा नेपाल अधिराज्यको विद्यालय छाड्ने दर कक्षा १ मा १३.९ भन्दा पूर्वाञ्चलको विद्यालय छाड्ने दर कम वा ११.७ प्रतिशत देखिन्छ भने झापा जिल्लाको झन कम वा ७.५ प्रतिशत देखिएतापनि अध्ययन क्षेत्रमा लिम्बूहरूका बालबालिकाको विद्यालय छाड्ने दर वढी भएको वा २०.९ प्रतिशत देखिन्छ। कक्षा २, ३, ४ र ५ मा पनि लिम्बू विद्यार्थीहरूको विद्यालय छाड्ने दर क्रमशः बढ्दै गएको छ। कक्षा २ मा नेपालको, झापाको, अध्ययन क्षेत्रको र लिम्बू बालबालिकाको विद्यालय छाड्ने दर क्रमशः४.३, ३.३, ३.१, ११.३, १७.५ रहेको छ। कक्षा ३ पनि क्रमशः ४, ३.७, २.३, १२.३ र १२.४ रहेको छ भने कक्षा ४ मा क्रमश : ४.७, ४.४, ३.५, १३.४ र १४.८ प्रतिशत रहेको तालिकाबाट थाहा हुन्छ। कक्षा ५ लाई हेर्दा विद्यालय छाड्ने दर क्रमश : ९.५, ७.५, ५.४, १६.७ र १९.६ रहेको प्रस्तुत तालिकालाई तुलना गरेर हेर्दा के स्पष्ट हुन्छ भने सरकारले छात्राका

लागि छात्रबृत्ति र अन्य व्यवस्था गरेको भएता पनि विद्यालय छाड्ने दर प्राथमिक तहमा धेरै देखिन्छ । विद्यालयबाट यसरी विद्यार्थी बाहिरीने अवस्था निश्चय पनि सोचनिय विषय बनेको छ । के ले गर्दा लिम्बू बालबालिकाहरू विद्यालयबाट तर्सिए ? के ले तर्सायो उनीहरूलाई ? प्राथमिक तहको शिक्षा पुरा गर्न नपाउँदै के ले तगारो लगायो उनीहरूको शिक्षामा ? यस प्रकारका जिज्ञासाहरू सम्बन्धित पक्षसँग राख्दा  अभिभावकको गुनासो शिक्षकले पढाएनन्, घरको कामले सधैं विद्यालय पठाउन सकिएन भन्ने थियो, कतिपयले घरको आर्थिक अवस्था कमजोर भएको कारणले गर्दा पठाउन नसकेको कुरा व्यक्त गरे । विद्यार्थीले भने आफ्नो घरयासी समस्या, शिक्षकले पढाएको नवुझेर, घरको कामले गृहकार्य गर्न नपाउँदा सरहरूको गाली खाने डरले विद्यालय नगएको व्यहोरा व्यक्त गरेको पाइयो । प्र.अ., शिक्षक र विद्यालय निरीक्षकसँग प्रश्न गर्दा अभिभावकमा शैक्षिक चेतनाको अभाव र आर्थिक समस्याको कारणले गर्दा लिम्बू बालबालिकाहरू विद्यालयबाट बाहिरीनु परेको कुरा व्यक्त गरेको पाइयो ।

मार्क्सवादी दर्शन अनुरुप सामाजिक संरचनामा पुस्तौंदेखि वर्गिकृत समाज जस्मा जनजातिको रुपमा दरिलो आर्थिक आधार र आम्दानीको स्रोतको  अभाव हुनु, अभिभावकमा आत्मसचेतिकरणको अभाव हुनु, पढेर के काम छ र ? भन्ने धारणा तथा शिक्षाले उनीहरूको व्यवहारीक ज्ञान र सीपलाई नसमेटेको र अव्यवहारिक वर्तमान शिक्षा प्रणालीले गर्दा उनीहरूका बालबालिकाको प्राथमिक तहको शिक्षमा कम सहभागिता र विद्यालय छाड्ने दर उच्च रहेको पाइयो ।

## ४.२ लिम्बू बालबालिकाको शैक्षिक सहभागितामा प्रभाव पार्ने तत्वहरू

प्राथमिक तहमा लिम्बू बालबालिकाको सहभागिता न्यून रहेको छ भन्ने कुरा विभिन्न तालिकाले व्यक्त गरेका छन् ।  विभिन्न जनजातिहरूका बालबालिकाहरूको सहभागिता बढाउन गरिएका विभिन्न प्रयासका वाबजुद पनि किन शिक्षामा  लिम्बू जातिका बालबालिकाको सहभागिता वढ्न सकेन ? यही प्रश्नलाई केन्द्रविन्दु बनाएर अध्ययन क्षेत्रका छनौट गरिएका सङ्ख्याबाट प्राप्त अभिमतलाई निम्न अनुसार तालिकामा पस्तुत गरिएको छ

तालिका नं. १५ :  लिम्बू बालबालिकाको शैक्षिक सहभागितामा प्रभाव पार्ने तत्वहरू

| विवरण | अभिभावक | | वि.नि. | | शिक्षक | | प्र.अ. | | विद्यार्थी | | वि.व्य.स. | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छनोट सङ्ख्या | प्रतिशत | छनोट सङ्ख्या | प्रतिशत | छनोट सङ्ख्या | प्रतिशत | छनोट सङ्ख्या | प्रतिशत | छनोट सङ्ख्या | प्रतिशत | छनोट सङ्ख्या | प्रतिशत |
| घरको शैक्षिक वातावरण | ६ | ३० | १ | १०० | ४ | २६.६७ | २ | ४० | ८ | ३२ | १ | २० |
| आर्थिक तत्व | ६ | ३० | - | - | ५ | ३३.३३ | १ | २० | ७ | २८ | ३ | ६० |
| सामाजिक तथा सांस्कृतिक तत्व | ४ | २० | - | - | ३ | २० | १ | २० | ५ | २० | – | ० |
| विद्यालय शिक्षाले सृजना गरेको समस्याका कारण | ४ | २० | - | - | ३ | २० | १ | २० | ५ | २० | १ | २० |
| जम्मा | २० | १०० | १ | १०० | १५ | १०० | ५ | २० | २५ | १०० | ५ | १०० |

स्रोत :–स्थलगत सर्वेक्षण,२०६७

लिम्बू बालबालिकाको प्राथमिक तहको शैक्षिक सहभागितामा कुन कुन तत्वले प्रभाव पारेको छ भनेर गरिएको अध्ययन मा जम्मा ७१ जनालाई नमूनाको रुपमा लिएको थियो । जसमा २० जना अभिभावक, १ वि.नि., १५ जना शिक्षक, २५ जना विद्यार्थी, ५ जना प्र.अ. र ५ जना वि.व्य.स. अध्यक्षहरूलाई अन्तर्वार्ता तथा प्रश्नावली भराइएको थियो । उक्त  आधारमा प्राप्त तथ्याङ्क अनुसार घरको शैक्षिक वातावरणले लिम्बू बालबालिकाको शैक्षिक सहभागितामा प्रभाव पारेको हो भन्नेमा ६ जना वा ३० प्रतिशत  अभिभावकहरू, १ जना वि.नि., ४ जना वा २६.६७ प्रतिशत शिक्षकहरू, २ जना वा ४० प्रतिशत प्र.अ., ८ जना वा ३२ प्रतिशत विद्यार्थीहरू र १ जना वा २० प्रतिशत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पाइयो । ६ जना वा ३० प्रतिशत अभिभावक, ५ जना वा ३३.३३ प्रतिशत शिक्षकहरू, १ जना वा २० प्रतिशत प्र.अ., ७ जना वा २८ प्रतिशत विद्यार्थीहरू र ३ जना वा ६० प्रतिशत वि.व्य.स. अध्यक्षहरूले बालबालिबाको शैक्षिक सहभागितामा प्रभाव पार्ने आर्थिक तत्वलाई पहिलो कारण मानेका थिए । त्यसैगरी सामाजिक तथा साँस्कृतिक तत्वलाई शैक्षिक सहभागितामा प्रभाव पार्ने प्रमुख कारण हो भन्ने मा ४ जना वा २० प्रतिशत अभिभावक, ३ जना वा २० प्रतिशत शिक्षक, १ जना वा २० प्रतिशत नै प्र.अ. तथा ५ जना वा २० प्रतिशत विद्यार्थीहरू थिए । प्राथमिक तहको शिक्षा सहभागितामा लिम्बू जातिका बालबालिकालाई प्रभाव पार्ने तत्व विद्यालयले सृजना गरेका समस्या सम्बन्धि कारणहरू हुन भन्नेमा ४ जना वा २० प्रतिशत अभिभावक, ३ जना वा २० प्रतिशत शिक्षक, १ जना वा २० प्रतिशत प्र.अ., विद्यार्थी ५ जना वा २० प्रतिशत र १ जना वा २० प्रतिशत विद्यालय व्यावस्थापन समितिका अध्यक्षहरू पाइयो  ।

जनसङ्ख्याको प्राथमिकता अनुसार छनोट गरिएका लिम्बूका शैक्षिक समस्याजन्य तत्वहरूलाई विश्लेषण गर्नका लागि उपर्युक्त कारणहरू कसरी बाधकभए भनी प्रश्नहरू गरिएको थियो । सो जिज्ञासामा सम्बन्धित जनसङ्ख्याबाट प्राप्त अवधारणाहरूलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

### ४.२.१ लिम्बूहरूको घरको शैक्षिक वातावरण

पारिवारिक शैक्षिक वातावरण शिक्षा सहभागिताको कारक तत्व हुन आउँछ । प्राथमिक तहमा लिम्बू बालबालिकाको सहभागितालाई प्रभाव पार्ने तत्वहरू मध्ये घरको शैक्षिक वातावरणिय तत्वहरू के के हुन् भनी गरिएको अध्यनमा निम्न अनुसार पाइयो । यस अध्ययनका क्रममा नमूनाको रुपमा लिइएको लिम्बू साक्षरता प्रतिशत ५० रहेको पाइएको थियो । यो साक्षरतामा पनि केवल प्राथमिक तह मात्र पुरा गर्ने लिम्बू जातिहरू पाइएको छ । त्यसमा पनि उनीहरूको घरयासी शैक्षिक वातावरण त्यती राम्रो पाइएन । अध्ययनको क्रममा ७१ जनामा गरिएको अध्ययनमा २२ जना अथात् ३१ प्रतिशतले घरको शैक्षिक वातावरणको कारणले गर्दा उनीहरूको शिक्षामा सहभागिता कम भएको बताएका छन् । लिम्बू जातिमा विभिन्न पत्रपत्रिका पढ्ने, धार्मिक ग्रन्थ र पुराणका किताव पढ्ने, टि.भी. रेडियो सुन्ने बानि त्यती नभएको र यस्ता कृयाकलाप विशेष गरी चेतनामूलक क्रियाकलाप भन्दा मनोरञ्जनात्मक कार्यक्रमको लागि मात्र गर्ने भएकाले उनीहरूको चेतना कम हुनुको साथै उनीहरूको शिक्षामा सहभागिता कमभएको पाइयो । लिम्बू बालबालिकाको घरको शैक्षिक वातावरणको वारेमा गरिएको अनुसन्धानमा विद्यार्थीहरूले निम्न अनुसार व्यक्त गरेको पाइयो ।

तालिका नं. १६ : लिम्बूहरूको घरको शैक्षिक वातावरण

| क्र.सं. | विवरण | विद्यार्थी सङ्ख्या | | | | | | जम्मा सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|
| | | हुन्छ | प्रतिशत | कहिले काँही हुन्छ | प्रतिशत | हुँदैन | प्रतिशत | |
| १ | घरमा झगडा | २ | १० | ७ | ३५ | ११ | ५५ | २० |
| २ | घरमा जाँडरक्सी प्रयोग | ५ | २५ | २ | १० | १३ | ६५ | २० |
| ३ | घसमा आफ्नो पढाइमा सहयोग | ६ | ३० | ६ | ३० | ८ | ४० | २० |
| ४ | समयमा खानाको व्यवस्था | ३ | १५ | ६ | ३० | ११ | ५५ | २० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

माथिको तालिकामा देखाइए अनुसार जम्मा २० जना लिम्बू विद्यार्थीहरूलाई उनीहरूको शैक्षिक वातावरणको वारेमा गरिएको प्रश्नको उत्तरमा २ जना अथवा १० प्रतिशतले घरमा झगडा नियमित हुन्छ भने, ७ जना अथवा ३५ प्रतिशतले कहिलेकाहीँ मात्र हुन्छ भनेको पाइयो भने ११ जना अथवा ५५ प्रतिशतले आफ्नो घरमा झगडा नहुने गरेको बताए । यसरी हेर्दा लिम्बू जातिको पारिवारीक शैक्षिका वातावरण शिक्षामा सहभागिता बढाउन सकरात्मक थिएन । यसैक्रममा सोधिएको प्रश्नको जवाफमा लिम्बू जातिका बालबालिका मध्ये ५ जना अथवा २५ प्रतिशतले आफ्नो परिवारको ठूलो व्यक्तिले अत्याधिक जाँड रक्सी पिँउछन् भनेका थिए भने २ जना अथवा १० प्रतिशतले  प्रतिशतले चाँही कहिलेकाहीँ मात्र पिउँछन भनेका थिए । तर १३ जना अथवा ६५ प्रतिशतले भने जाँडरक्सी नपिउने गरेको कुरा अनुन्धानको क्रममा पाइयो ।  लिम्बू जातिका बालबालिकालाई घरमा पढाइको बातावरण कस्तो छ र त्यसबाट तिनका शिक्षामा सहभागिता कस्तो देखिएको छ भन्ने सवालमा २० जना लिम्बू जातिका विद्यार्थीलाई गरेको प्रश्नमा ६ जना वा ३० प्रतिशत बालबालिकाहरूले आफ्नो घरयासी शैक्षिक वातावरण राम्रो भएको र आफ्नो पढाइमा अभिभावकले सहयोग गरेको बताए भने ६ जना वा ३० प्रतिशतले केहीहद सम्म शिक्षा आर्जन गर्न सहयोग भएको वताए । त्यसैगरी ८ जना वा ६० प्रतिशतले आफ्नो पढाइमा घरयासी सहयोग नहुने गरेको वताएका छन् । अनुसन्धानको क्रममा २० जना विद्यार्थी मध्ये ३ जना वा १५ प्रतिशतले घरमा समयमा खानाको व्यवस्था हुने, ६ जना वा ३० प्रतिशतले कहिलेकाहीँ मात्र खाना समयमा व्यवस्था हुने र ११ जना वा ५५ प्रतिशतले भने समयमा खानाको व्यवस्था नहुने हुनाले समयमा  विद्यालय जान नपाउने गरेको पाइयो । तर ७० प्रतिशत अभिभावकहरूले भने आफ्नो आर्थिक स्तर कमजोर भएकाले आफ्ना बालबालिकालाई सामान्य घरयासी काम र ज्याला मजदुरीमा नै लगाउनु पर्नेभएकाले शिक्षामा आफ्नो जातिका बालबालिकाको राम्रो सहभागिता नभएको बताएका छन् । ३० प्रतिशतले भने जसरी भएपनि आफ्ना बालबालिकालाई राम्रै शिक्षा दिन लागिपरेको कुरा बताए । यसबाट के स्पष्ट हुन्छ भने समग्रमा लिम्बू जातिको घरको आर्थिक अवस्था कमजोर र अभिभावक स्वयम् अशिक्षित भएको कारणले गर्दा लिम्बू बालबालिकाको शिक्षामा सहभागिता त्यति राम्रो भएको पाइएन ।

कम उमेरका बालबालिकाहरू शरीरिक र मानसिक बृद्धि विकासको क्रममा रहेका हुन्छन् । यस्तो समयमा बालबालिकालाई खाना र खाजाको व्यवस्था उचित तवरले नभएमा उनीहरूको स्वास्थ्य राम्रो हुँदैन र स्मरण शक्ति समेत राम्रो नभएर शिक्षामा सहभागिता राम्रो हुँदैन । यसै सवालमा लिम्बू बालबालिबाको खाना र खाजाको सम्बन्धमा उनीहरूका अभिभावकलाई सोधिएको प्रश्नको प्राप्त जवाफ अनुसार शारीरिक मानसिक बृद्धि विकासका लागि आवश्यक पर्ने हरीया सागपात, गेडागुडि, फलफुल, माछामासु, दूध, दही जस्ता सन्तुलित भोजनका परिकारहरू अत्यन्त कम देखिएकाले उनीहरूको शारीरिक र मानसिक वृद्धि विकास राम्रोसँग नभएको कुरा जानकारी हुन आयो  । केही अभिभावकको भनाई अनुसार खाना समयमा तयार नहुँदा आफ्ना बालबालिका विद्यालय नजाने गरेको कुरा समेत बताएका छन् । खाजाको सवालमा कुरागर्दा अधिकांश अभिभावकहरूले आफ्ना

बालबालिकाहरू विद्यालयमा खाजा खाँदैनन् घरैमा आएर खान्छन् भनेर वताए। केहीले विद्यालयमा नै लगेर खाजा खान्छन् भने। तर ज्यादै थोरै प्रतिशतले मात्र खाजा समयमा घरमा नै आएर खान्छन् भन्ने कुरा वताएका छन्। यसरी गरिएको अध्ययनमा २ जना अभिभावक, ४ जना शिक्षक तथा प्र.अ.र ३ जना विद्यार्थीले दिएको जवाफ अनुसार समयमा खानाको व्यवस्था नहुनु, घरका अभिभावक अशिक्षितहुनु, घरमा झगडा भइरहनु जस्ता समस्याले गर्दा प्रा.वि. तहको शिक्षामा लिम्बू बालबालिकाको सहभागिता कम रहेको अध्ययनबाट जानकारी प्राप्त भएको छ।

### ४.२.२ आर्थिक तत्वहरू

यस अध्ययनको सिलसिलामा छनौट गरिएका विद्यालयका शिक्षक, विद्याथी, विद्यालय व्यावस्थापन समिति अध्यक्ष र प्र.अ.हरूको अन्तर्वार्ता तथा प्रश्नावलीको आधारमा अधिकाङ्स लिम्बू जातिको आर्थिक अवस्था बलियो नभएकोले दैनिक गुजार चलाउन अर्काको मेलापात गर्न जाने र आफ्ना छोरा छोरीलाई घरयासी काममा लगाउने गरेका हुन्छन् भन्ने धारणा २२ जना वा ३१ प्रतिशतले व्यक्त गरेका छन्। ७१ जनामा गरिएको सर्वेक्षणमा २२ जना वा ३१ प्रतिशतले आर्थिक अवस्थाको कारण जनाए। जसको कारण लिम्बू जातिको शिक्षामा सहभागिता अन्य जातिको तुलनामा कम भएको पाइएको छ।

अध्ययनको क्रममा लिम्बू जातिको आर्थिक स्तर कमजोर भएकाले तिनीहरूका बालबालिकाहरूले घरमा काम गर्नु पर्ने र कामको बोझ बढी लिनु पर्ने कुरा अध्ययनमा पाइएको छ। अम्दानीको स्थायी स्रोत नहुनु र बेरोजगारी जस्ता आर्थिक तत्वका कारण तिनीहरूको शिक्षामा सहभागिता कम देखिन्छ। यस क्रममा शिक्षक अभिभावक र विद्यार्थीहरूसँग विभिन्न प्रश्नहरू सोधिएकोमा आफ्नो विद्यालय जाने उमेरका बालबालिकालाई घरयासी आर्थीक स्तर कमजोर भएको कारण आफ्ना बालबालिकालाई घरयासी कामकाजमा लगाई ज्याला र बनिबुतो गर्न जानु पर्ने हुन्छ ,भनी ५० प्रतिशतले बताए भने ३२ प्रतिशतले कहिलेकाहिँ मात्र आफूले आफ्ना बालबालिकालाई घरयासी कामकाजमा लाउने कुरा बताए भने बाँकी १८ प्रतिशतले भने आफ्ना बालबालिकालाई त्यती साह्रो घरयासी काममा नलगाउने र विद्यालय जाने कार्यमा सघाउने गरेको कुरा वताए। त्यसैगरी विद्यार्थीलाई समेत तिनीहरूको घरयासी काममा कतिको लाग्छौ र किन विद्यालय नजाने गरेको त ? भनि सोधिएको प्रश्नको जवाफमा घरको आर्थिक स्थिति कमजोर भएकोले विद्यालय खर्च धान्न परिवारले नसक्ने र आफुहरूले अन्य कामकाज गर्दा आफ्ना आमाबाबुले बाहिर काम गरेर पैसा कमाउन पाउँने हुँदा विद्यालय नगएको कुरो ६५ प्रतिशत लिम्बू बालबालिकाले बताएका छन् भने ३५ प्रतिशतले घरयासी काम त्यति गर्न नपरे पनि खेल्न बढी मन पर्ने र आमाबावुले पनि आफ्नो पढाइमा त्यती चासो नराखि दिने भएकोले विद्यालय जान त्यति मन नलागेको कुरा बताए। त्यसैगरी शिक्षकलाई लिम्बू जातिको शिक्षामा सहभागिता कस्तो छ त ? भनी सोधिएको प्रश्नको जवाफमा घरयासी कमजोर आर्थिक कारण नै लिम्बू जातिको शिक्षामा सहभागिता कम हुनु हो भन्ने धारणा व्यक्त गरेका छन्। यसरी प्रश्न गर्ने सिलसिलामा अधिकांशको धारणा दोहोरिएको पाइयो।

६० प्रतिशत लिम्बू अभिभावकले बलियो आर्थिक सहयोग भएमा आफ्ना बालबालिकालाई विद्यालयमा भर्ना गर्न र राम्रोसँग धेरै पढाउने बिचार व्यक्त गरेको पाइएको छ ।

यस सिलसिलामा लिम्बू बालबालिकाको बिचार भने उनीहरूलाई आफ्ना बाबु आमाले आफ्नो पेसा नभएको कारण र बावुहरू लाहुरे भए पनि जाँड रक्सि जस्ता पदार्थ र भोज भतेरमा वढी खर्चालु भएका कारणले साथै झिना मसिना घरका काममा आफूलाई लगाउने र विद्यालय नियमित नभए पछि जान लाज र डर लाग्ने र अरुको घरमा काम वा वस्तु भाउ चराउने काम र कहिलेकाहीं आफूलाई समेत अरुको काममा सहयोग हुन्छ भनेर लाने गरेको बताए । यसोहुँदा दुर्खिम (१९९७) को ती बालबालिकाहरू तिनै निम्न वर्गका जो आर्थि विपन्नताको कारण नै विद्यालय जान सक्दैनन् भन्ने चिन्तन लिम्बू जातिको शिक्षामा सहभागितामा पनि लागु भएको पाइयो ।

लिम्बू जातिको प्रमुख आम्दानीको स्रोत कृषि पेसा नै भए पनि अधिकांश लिम्बू जातिको प्रयाप्त जग्गा जमिनको अभावको कारणले दैनिक गुजारा चलाउन पनि कठिन परेको छ । लिम्बू जातिको जग्गा जमिनको विवरणलाई निम्न तालिकामा देखाइएको छ ।

तालिका नं. १७ : लिम्बू जातिको जग्गा जमिन विवरण

| क.स. | जग्गाको किसिम (कठ्ठामा) | | | | | जम्मा जग्गा (कठ्ठामा) |
|---|---|---|---|---|---|---|
| | खेतबारी | घरधुरी सङ्ख्या | प्रतिशत | घरभिटा | घरधुरी सङ्ख्या | |
| १ | १ कठ्ठा भन्दा कमहुने | १० | ५० | १कठ्ठा भन्दा कमहुने | २० | २२ |
| २ | १० कठ्ठा भन्दा कमहुने | ६ | ३० | १० कठ्ठा भन्दा कमहुन | – | ३० |
| ३ | १५ कठ्ठा भन्दा कमहुने | ३ | १५ | १५ कठ्ठा भन्दा कमहुने | – | २५ |
| ४ | १५ कठ्ठा भन्दा वढीहुने | १ | ५ | १५ कठ्ठा भन्दा वढीहुन | – | १७ |
| जम्मा | | २० | १०० | | २० | ९४ |

स्रोतः– स्थलगत सर्वेक्षण, २०६७

माथिको तालिका अनुसार २० घरधुरीमा भरीएको सर्वेक्षणमा बारी १ कठ्ठा भन्दा कम खेती हुने १० परीवार वा ५० प्रतिशत, १० कठ्ठा भन्दा कम हुने ६ परीवार वा ३० प्रतिशत, १५ कठ्ठा भन्दा कम हुने ३ परीवार वा १५ प्रतिशत र १५ कठ्ठा भन्दा बढी हुने १ परीवार वा ५ प्रतिशत पाइयो । त्यसैगरी घरभिटाको रुपमा प्रयोग गर्ने जमिन २० परीवारमा नै कसैको पनि १ कठ्ठा भन्दा बढी भएको पाइएन । लिम्बू जातिको जमिनको अवस्था हेर्दा सामान्य खान लाउन पुग्ने पनि जमिन नहुनु, प्रतिफल भन्दा लगानी बढी हुने परम्परागत कृषि पेसाको विकल्प अन्य कुनै पेसा अपनाउन नसक्नु तथा अर्काको घरमा खेतला गर्ने र आर्थिक

अवस्था निम्न भएको कारणले गर्दा पनि आफ्ना छोराछोरीलाई विद्यालयमा सहभागि गराउन कठिन भएको पाइयो । मार्क्स ( १८४८ ) का अनुसार समाजमा त्यो वर्ग जो सँग उत्पादनका साधन हुन्छन्, त्यसलाई शोषक वर्ग र जोसँग श्रम बाहेक केही हुँदैन त्यसलाई शोषित वर्ग भनिन्छ । यसरी मार्क्स ( १८४८ ) ले शोषक र शोषित वर्ग बीचमा सधैं संघर्ष भइरहेको हुन्छ भनेझैं लिम्बू जातिले पनि आफ्नो आर्थिक अवस्था सुधार्न सधैं संघर्ष गरिरहेको पाइयो ।

### ४.२.३ सामाजिक सांस्कृतिक तत्वहरु

आफै पनि रुढिबादी प्रथा र पुरातन बिचारबाट आएको वर्तमान समाज पनि अन्धविश्वासबाट टाढा रहन नसकेको कुरा अध्ययनको क्रममा जानकारी हुन आएको छ । अध्ययन क्षेत्रमा छनोट गरिएका ७१ जना मध्ये ४ जना अभिभावक, ३ जना शिक्षक, १ प्र.अ. र ५ जना विद्यार्थीहरू गरी जम्मा १३ जना अर्थात् १८ प्रतिशतले सामाजिक र साँस्कृतिक तत्वको कारणले गर्दा प्रा.वि. तहको शिक्षामा सहभागिता कम हुन गएको हो भनेको पाइयो । अझै पनि लिम्बू जातिका बालबालिका को सङ्गतले आफ्ना बालबालिका विग्रन्छन भनेर क्षेत्री, बाहुन र अन्य जातिका बालबालिकाहरू सँगै हिड्न र पढ्न नचाहने गरेको कारणले लिम्बू बालबालिकाहरूको लागि विद्यालयमा उपयुक्त वातावरण सृजना हुन नसकेको कारण लिम्बू बालबालिकाले विद्यालय विचैमा छाड्ने तथा विद्यालयमा नियमित नहुने कारणले उनीहरूको सहभागिता कमरहेको कुरा अनुसन्धानको क्रममा अभिभावक, प्र.अ.तथा शिक्षकहरूसंग लिइएको जानकारीबाट प्राप्त भएको छ । ६५ प्रतिशत अभिभावकहरूले आफ्ना बालबालिकाहरू नियमित विद्यालय जान्छन् भनेर बताए भने ३५ प्रतिशतले प्राय विद्यालयमा साथीहरूको व्यवहार तथा हेर्ने नराम्रो दृष्टिकोणले आफ्ना बालबालिकाहरू विद्यालयमा अनियमित हुने कुरा बताए । शिक्षक तथा प्र.अ.हरूले भने ४७ प्रतिशत लिम्बू विद्यार्थीहरू विद्यालयमा नियमित उपस्थित भई राम्रोसँग अध्ययन गर्ने गरेको बताए, भने ५३ प्रतिशत लिम्बू बालबालिकाहरू भने विद्यालयमा नआउने तथा राम्रोसँग नपढ्ने बताए । यसोहुँदा लिम्बू विद्यार्थीको शिक्षामा सहभागीता राम्रो पाइएन ।

बाबुआमाले विभिन्न सामाजिक तथा साँस्कृतिक कार्यक्रममा आफ्ना बालबालिकालाई सहभागी गराउन धेरै दिन सम्म लाने, आमाबाबु जाँडरक्सी जस्ता मद्यपान र धुम्रपान गर्ने जस्ता सांस्कृतिक कार्यक्रममा सम्लग्न हुँदा बालबालिकालाई पनि सिकाउने, छाडा कुरा बोल्ने र झैझगडातिर वढी प्रोत्साहित गर्ने, चार्डपर्वको नाममा तास जूवा खेल्ने खेलाउने, केही सिमित लाहुरे र धनी व्यक्तिको अनुकरण गरी पढाइ छाडेर हिड्ने जस्ता सामाजिक र सांस्कृतिक कारणले गर्दा लिम्बू जातिका बालबालिकाको प्राथमिक तहको शिक्षामा सहभागिता कम रहेको पाइयो ।

### ४.२.४ विद्यालयीय कारण

अध्ययनक्षेत्रका छनोटमा परेका विद्यालयको शैक्षिक वातावरणले पनि लिम्बू जातिका बालबालिकाको शिक्षालाई प्रभावित पारेको पाइयो । अध्ययनको क्रममा प्राथमिक तहमा लिम्बू बालबालिकाको सहभागिता बृद्धिहुन नसक्नुको कारणहरूमा विद्यालयमा सृजित समस्यालाइ निम्नअनुसार व्यक्त गरेको पाइयो ।

तालिका नं. १८ : विद्यालयले सृजना गरेको समस्या

| विवरण | अभिभावक | | शिक्षक | | प्र.अ. | | विद्यार्थी | | वि.व्य.स. | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छनोट सङ्ख्या | प्रतिशत | छनोट सङ्ख्या | प्रतिशत | छनोट सङ्ख्या | प्रतिशत | छनोट सङ्ख्या | प्रतिशत | छनोट सङ्ख्या | प्रतिशत |
| अव्यवहारीक शिक्षको कारण | २ | १० | १ | ६.६६ | १ | २० | २ | ८ | - | - |
| शिक्षकले गर्ने व्यवहारको कारण | १ | ५ | १ | ६.६६ | - | - | २ | ८ | १ | २० |
| भाषिक कठिनाइको कारण | १ | ५ | १ | ६.६८ | - | - | १ | ४ | - | - |
| जम्मा | ४ | २० | ३ | २० | १ | २० | ५ | २० | १ | २० |

स्रोत :–स्थलगत सर्वेक्षण, २०६७

माथिको तालिका अनुसार अध्ययनमा परेका ७१ जनालाई लिम्बू विद्यार्थीको प्राथमिक शिक्षामा सहभागिता कम हुनुको कारण के हो भनी गरिएको प्रश्नमा विद्यालयले सृजना गरेको समस्याका कारण भएको बताएका थिए । अध्ययनको क्रममा २ जना वा १० प्रतिशत अभिभावक, १जना वा ६.६६ प्रतिशत शिक्षक, १ जना वा २० प्रतिशत प्र.अ., २ जना वा ८ प्रतिशत विद्यार्थीहरूले अव्यवहारीक शिक्षाका कारण सहभागिता कम भएको बताएका थिए । १ जना वा ५ प्रतिशत अभिभावक १ जना वा ६.६६ प्रतिशत शिक्षक, २ जना वा ८ प्रतिशत विद्यार्थी र १ जना वा २० प्रतिशत वि.व्य.स.अध्यक्षले शिक्षकले गर्ने व्यवहारलाइ दोष लगाएका थिए । त्यसैगरी १ जना वा ५ प्रतिशत अभिभावक, १ जना वा ६.६६ प्रताशत शिक्षक र १ जना वा ४ प्रतिशत विद्यार्थीहरूले भाषिक कठिनाइले गर्दा लिम्बू जातिका बालबालिकाको प्राथमिक तहको शिक्षामा सहभागिता प्रभावकारी हुन नसकेको कुरा व्यक्त गरेको पाइयो । यसरी जम्मा ७१ जना मध्ये ४ जना वा २० प्रतिशत अभिभाव, ३ जना वा २० प्रतिशत शिक्षक तथा ५ जना वा २० प्रतिशत विद्यार्थीहरू, १ जना शिक्षक वा २० प्रतिशत, १ जना विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गरी जम्मा १४ जना अर्थात् २० प्रतिशतले विद्यमान शिक्षा पद्धती लिम्बूहरूको आवश्यकता अनुकुल नभएका, बेरोजगारी सृजना गर्ने वर्तमान शिक्षा पद्धतीबाट लिम्बू समुदाय आकर्षित हुन नसकेको पाइयो ।

घरयासी काम धन्दाले विद्यालय नियमित हुन नसक्ने बाध्यात्मक परिवेश, विद्यालयले नवुभि एकहोरो गाली हप्काइ खानुपर्ने अवस्थाको सृजना हुनु, विद्यालयबाट लिम्बू जातिका बालबालिकालाई पढाउनु पर्छ भनी निरन्तर प्रेरणाको अभाव, कक्षामा पछाडीका वेन्चमा बस्नु पर्ने र नेपाली भाषामा भाषागत कठिनाई हुनु, बालमनोविज्ञानको आधारमा लिम्बू बालबालिकाको लुकेका क्षमता, रुची, चाहना बुझेर पढाइने शिक्षकको अभाव, विद्यालय पाठ्यक्रममा लिम्बूहरूका सीप र श्रमलाई नसमेट्नु, पढेलेखेर पनि वेरोजगार भएर बसेका अग्रजहरूबाट सृजित वितृष्णाका कारण, विद्यालयमा शिक्षकहरूले लिम्बू बालबालिकाहरूप्रति गरीने व्यवहारको कारण, क्षमता र योग्यता भन्दापनि पहुँच र भनसुनका भरमा विभिन्न सरकारी सेवामा प्रवेश पाउने विद्यमान सामाजिक विकृतिका कारण र सामाजिक पहुँच नभएकाले अवसर नपाउने जस्ता विभिन्न कारणले गर्दा प्राथमिक तहमा लिम्बू बालबालिकाको सहभागिताकम देखिन्छ ।

## ४.३ प्राथमिक तहको सहभागितामा रहेका समस्याहरू

लिम्बू बालबालिकाहरूको प्राथमिक तहको शिक्षामा सहभागितामा विभिन्न समस्याहरू रहेका छन् ,ती समस्याहरू मध्ये मूख्य समस्याहरू निम्न अनुसार छन्

घरमा जाँड रक्सीको प्रयोग गरी घरमा झगडा हुनु ।

समयमा खानाको व्यवस्था नहुनु ।

घरका सदस्यहरू अशिक्षित भएकोकारणले पढाइमा सहयोग नहुनु ।

परिवारका सदस्यहरू वेरोजगार रहनु तथा आम्दानीको स्थायी स्रोतको अभाव हुनु ।

आर्थिक विपन्नताको समस्या ।

मद्यपान तथा धुम्रपान गर्ने सामाजिक तथा सांस्कृतिक कार्यक्रममा भागलिनु ।

छाडाकुरा बोल्न र झैझगडामा बढी प्रोत्साहन गर्नु ।

बेरोजगारी उत्पादन गर्ने अव्यवहारीक शिक्षा ।

शिक्षकहरूको व्यवहारले आकर्षण गर्न नसक्नु वा उनीहरु अनुकुल नहुनु ।

भाषिक कठिनाइले उत्पन्न गरेका समस्याहरू ।

## ४.४ लिम्बू बालबालिकाको प्राथमिक तहको शिक्षामा सहभागिता वृद्धि गर्ने उपायहरू

शोध अध्ययनको क्रममा तोपगाछी स्रोतकेन्द्रका लिम्बू बालबालिकाको प्राथमिक तहको शिक्षामा सहभागिताको स्थिति कस्तो छ ? प्राथमिक शिक्षा सहभागितामा प्रभाव पार्ने तत्वहरू के के हुन् ? उनीहरूको सहभागिता बढाउने उपायहरू के के छन् ? भन्ने विषयमा

खोजि गरिएको थियो । खोजिको क्रममा समग्र शैक्षिक प्रकृयाका कमिकमजोरीहरू, विद्यालयका असक्षमताहरू र आफ्नो अज्ञानताको शिकार भएको पाइयो । यसरी जोडिएका समस्याहरू समधान गर्न गरिएको शोधप्रश्नको उत्तमा विद्यार्थीहरू, अभिभावक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू, नमूना विद्यालयका प्रधानाध्यापकहरु, तथा विद्यालय निरीक्षक सँग गरिएको अनुसन्धानमा निम्नानुसारका उपायहरू अपनाउनु पर्ने उत्तर पाइयो ।


तालिका नं. १९ : लिम्बूहरू बालबालिकाको प्राथमिक तहको शिक्षामा सहभागिता वृद्धि गर्ने उपायहरू

| बृद्धिगर्ने उपायहरू | विद्यार्थी | प्रतिशत | अभिभावक | प्रतिशत | शिक्षक | प्रतिशत | वि.व्य.स. | प्रतिशत | प्र.अ. | प्रतिशत | वि.नि. | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आर्थिक अवस्था सुधारकालागि सहयोग गरेर | ७ | २८ | ६ | ३० | ५ | ३३.३३ | ३ | ६० | १ | २० | – | – | २२ | ३१ |
| घरको शैक्षिक वातावरण सुधारगरेर | ८ | ३२ | ६ | ३० | ४ | २६.६७ | १ | २० | २ | ४० | १ | १०० | २२ | ३१ |
| सामाजिक तथा संस्कृतिकमा सुधार गरेर | ५ | २० | ४ | २० | ३ | २० | – | | १ | २० | – | - | १३ | १८.३० |
| विद्यालयको शैक्षिक वातावरणमा सुधार गरेर | ५ | २० | ४ | २० | ३ | २० | १ | २० | १ | २० | – | - | १४ | १९.७० |
| जम्मा | २५ | १०० | २० | १०० | १५ | १०० | ५ | १०० | ५ | १०० | १ | १०० | ७१ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण,२०६७

उक्त जानकारीलाई बृत्तचित्रमा यसरी हेर्न सकिन्छ ।

वृत्तचित्र  नं. ६ : लिम्बू बालबालिकाको प्राथमिक तहको शिक्षामा सहभागिता वृद्धि गर्ने उपायहरू




माथिको तालिका अनुसार प्राथमिक तहको शिक्षामा लिम्बू बालबालिकाको सहभागिता बृद्धि गर्न के के गर्नुपर्ला भनी गरिएको अनुसन्धानमा विभिन्न व्यक्तिहरूको प्राथमिकता फरक फरक थियो । कसैले आर्थिक अवस्था सुधारलाई, कसैले घरको शैक्षिक वातावरण, कसैले सामाजिक साँस्कृतिमा सुधार र कसैले विद्यालयको शैक्षिक वातावरण मा सुधार गर्नुपर्ने कुरालाई प्राथमिकता दिएको पाइएको थियो ।

लिम्बू बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता वढाउने प्रमुख उपाय उनीहरूको आर्थिक अवस्था उकास्न सहयोग मिल्ने खालका कार्यक्रमहरू सरकारद्वारा संचालन गरीनु पर्ने अवधारणा अध्ययन क्षेत्रका जनसङ्ख्याको थियो । जबसम्म उनीहरूको विहान बेलुकाको हातमुख जोर्ने समस्या समाधान हुदैन तबसम्म शिक्षा टाढाको विषय वस्तु हुने देखियो । क्षणिक प्रलोभनले मात्र उनीहरूलाई विद्यालयमा भर्ना गराएर नभई, कम्तीमा पनि प्राथमिक तहको शिक्षा पुरा गर्ने स्थिति तयार गर्ने हो भने, प्रत्यक्ष आम्दानीमूलक क्रियाकलापमा संलग्न गराई आर्थिक स्थिति उकास्नै पर्ने देखिन्छ । यसका लागि कुखुरा पालन, सुँगुर पालन, बाख्रा पालन जस्ता स-साना व्यवसायकालागि नेपाल सरकारले निर्व्याजी ऋण उपलब्ध गराउनुपर्ने, रोजगारीको अवसरको लागि लिम्बू आरक्षणको व्यवस्था गरिनुपर्ने, उनीहरूको परम्परागत कृषि पेसामा आधुनिकिकरण गरिनुपर्ने ,सबै लिम्बू बालबालिकाको निमित्त कपी कलम किन्न र विद्यालय पोशाक किन्न पुग्नेगरी  छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने, विद्यालयमा खाजाको व्यवस्था गर्नुपर्ने, आम्दानीको केही अंश बालबालिकाको शिक्षाका लागि बचत गर्ने बानिको विकास गराउनुपर्ने उनीहरूको धारणा थियो । आर्थिक अवस्था सुधारकालागि सहयोग गर्नु पर्छ भन्ने ७१ जना मध्ये २२ जना अर्थात् ३१ प्रतिशत थिए । जसमा ७ जना वा २८ प्रतिशत विद्यार्थी, ६ जना वा ३० प्रतिशत अभिभावक, ५ जना वा ३३.३३ प्रतिशत शिक्षक, ३ जना वा ६० प्रतिशथ वि.व्य.स. अध्यक्ष र १ जना वा २० प्रतिशत प्र.अ. पाइयो ।

लिम्बू बालबालिकाहरू विभिन्न घरयासी कामकाजमा व्यस्त हुने, घरमा पढ्ने र विद्यालय जाने वातावरण नहुन, समयमा खाना नपाक्ने, घरमा झगडाहुने  शिक्षा प्रतिको लिम्बू अभिभावको नकरात्मक सोच जस्ता विविध कारणले गर्दा विद्यालयमा उपस्थितहुन नसक्ने र भइहाले पनि बीचैमा छाड्ने भएकोले गर्दा लिम्बू बालबालिकाको घरको शैक्षिक बातावरणमा सुधार गर्नु पर्दछ भन्ने अनुसन्धानमा सहभागी भएका ७१ जना मध्ये २२ जना अर्थात् ३१ प्रतिशत अभिमत थियो । यसरी आफ्नो धारणा व्यक्त गर्नेमा ८ जना वा ३२ प्रतिशत विद्यार्थीहरू, ६ जना वा ३० प्रतिशत अभिभावकहरू, ४ जना वा २६.६७ प्रतिशत शिक्षकहरू, १ जना वा २० प्रतिशत वि.व्य.स.अध्यक्ष र १ जना वा १०० प्रतिशत स्रोत व्यक्ति पाइयो ।

लिम्बू जातिहरूको आफ्नै खालका सामाजिक तथा सांस्कृतिक मूल्य र मान्यताहरू छन् । विवाह, भोज, भतेर र अन्य कार्यमा जाँड, रक्सी जस्ता माधक पदार्थ अनिवार्य प्रयोग गर्ने र आफ्ना बालबालिकालाई पनि लामो समय सम्म विद्यालय नपठाउने र यस्ता पदार्थ प्रयोगमा प्रोत्साहन गर्ने हुँदा उनीहरूको सामाजिक तथा सांस्कृतिक पक्षमा सुधारको आवश्यकता छ भन्ने सहभागी ७१ जना मध्ये १३ जना वा १८.३० प्रतिशत को धारणा पाइयो । यसरी आफ्नो अभिमत व्यक्त गर्नेको सङ्ख्या २० प्रतिशत वा ५ जना विद्यार्थी, ४ जना अभिभावक, ३ जना शिक्षक र १ जना प्र.अ. पाइयो ।

लिम्बू बालबालिकाहरू किन प्राथमिक तहको शिक्षामा कम सहभागी हुनुको कारण के हो ? र सहभागिता बृद्धि गर्ने उपाय के हो भनी गरिएको प्रश्नमा ७१ जना मध्य १४ जना अर्थात् १९.७० प्रतिशत जनसङ्ख्याको अभिमत विद्यालयमा लिम्बू शिक्षकको व्यवस्था हुनु पर्ने, शिक्षको व्यवहार उनीहरूको भावना अनुकुलको हुनु पन, मात्तृभाषामा प्राथमिक तहमा पठनपाठन हुनु पर्ने, समग्रमा विद्यालयमा वालमैत्री बातावरण सृजनागरी विद्यार्थीलाई विद्यालयले विद्यालय नछाड्ने वातावरण तयारगरी लिम्बू बालबालिकालाई आकर्षण गर्नुपर्दछ भन्ने बिचार पाइयो । यस्तो बिचार व्यक्त गर्ने २० प्रतिशत वा ५ जना विद्यार्थी, ४ जना अभिभावक, ३ जना शिक्षक र १ जना प्र.अ. पाइयो ।

# परिच्छेद पाँच : प्राप्ती, निष्कर्ष र सुझाव

## ५.१ प्राप्तीहरू

अध्ययन क्षेत्रमा सम्पन्न गरिएको यस अध्ययनबाट अघिल्लो अध्ययनमा लिम्बू विद्यार्थीको भर्ना, कक्षा छाड्ने दर आदिको  अवलोकन, प्रश्नावली, अन्तर्वार्ताआदिको विश्लेषणबाट प्राप्त तथ्याङ्क विश्लेषण गर्दा निम्न अनुसार तथ्यहरू प्राप्तभएका छन् । उद्देश्य अनुसार वर्गिकरण गरी उक्त तथ्यलाई यस प्रकार प्रस्तुत गरिन्छ ।

२०५८ सालको जनगणना अनुसार नेपालको कूल जनसङ्ख्या २३१५१४२३ मध्ये झापा जिल्लाको जनसङ्ख्या ७३३०४२ पाइयो । लिम्बूहरूको जनसङ्ख्या अधिराज्यभरी ३५९३७९ वा १.८५ प्रतिशत  मध्ये झापा जिल्लामा ३७६४६ जना वा ६ प्रतिशत र अध्ययन क्षेत्रको जम्मा जनसङ्ख्या २७६६९ मध्ये लिम्बूको जनसङ्ख्या २७१९ वा ९ प्रतिशत रहेको पाइयो । नेपालको शैक्षिक तथ्याङ्क २०५८, झापा जिल्लाको विद्यालय शैक्षिक तथ्याङ्क तथा तोपगाछी स्रोतकेन्द्र स्तरीय तथ्याङ्क २०६७ र विद्यालय सर्वेक्षण २०६७ अनुसार नेपालमा जम्मा विद्यार्थी सङ्ख्या ३८५३६५३ मध्ये लिम्बू विद्यार्थी सङ्ख्या १२९६८ वा ०.३३ प्रतिशत पाइयो । जसमा झापा जिल्लाको विद्यार्थी सङ्ख्या ८१९२८ मध्ये लिम्बू विद्यार्थी सङ्ख्या २२२३ वा २.७१ प्रतिशत तथा अध्ययन क्षेत्रको जम्मा विद्यार्थी सङ्ख्या ६९६३ मध्ये लिम्बू विद्यार्थी सङ्ख्या २१८ वा ३.३१ प्रतिशत सहभागि भएको पाइयो । जातिगत रुपमा कुल भर्ना दरमा सहभागिता हेर्दा अध्ययन क्षेत्रमा लिम्बू वाहेकका जनजातिका विद्यार्थीहरूको सङ्ख्या २८७८ वा ४२.९ प्रतिशत, अन्य जाति २११२ वा ३१.४८ प्रतिशत, दलित जाति १५०० वा २२.३६ प्रतिशत र लिम्बू विद्यार्थी सङ्ख्या २१८ वा ३.२४ प्रतिशत पाइयो । अध्ययन क्षेत्रमा कक्षा छाड्ने दर कक्षा १ मा १७.५ मा लिम्बूको २०.९, कक्षा २ मा ११.३ र १७.५, कक्षा ३ मा १२.३ र १२.५, कक्षा ४ मा १३.४ र १४.८ तथा कक्षा ५ मा अध्ययन क्षेत्रको कक्षा छाड्ने दर १६.७ र १९.६ रहेको पाइयो । जसबाट लिम्बू बालबालिकाको विद्यालय छाड्ने दर उच्च रहेको पुष्टि हुन्छ । लिम्बू जातिको आर्थिक स्तर कमजोर भएको कारणले तिनीहरूको शिक्षामा सहभागिता कम भएको पाइएको छ ।

लिम्बू जातिका बालबालिकाको प्राथमिक तहको शिक्षामा सहभागिता कम देखिन्छ । बीचैमा अध्ययन छाड्ने लिम्बू बालबालिकाको आर्थिक अवस्था कमजोर देखिन्छ । लिम्बू जातिका बालबालिकाले विद्यालय छाड्ने कारणहरू मध्ये लिम्बूप्रतिको सामाजिक अवधारणा र विद्यालयल तथा शिक्षकबाट उनीहरूको  मनोभावना बुझ्न नसक्नु पनि कारणको रुपमा देखिन्छ । लिम्बू विद्यार्थीहरू शुरुमा अधिक भर्ना भए पनि क्रमश: अध्ययन छाड्दै जाने गरेको पाइयो । लिम्बू जातिको समुदायमा प्रायः परम्मरागत रुपमा धार्मिक र अन्य पुस्तक तथा पत्रपत्रिका पढ्ने चलन कम भएको पाइयो । लिम्बू जातिका बालबालिकाले विद्यालयमा खाजा खाने राम्रो व्यवस्था नभएकोले विद्यालयमा जान दिक्क मान्ने गरेको पाइयो । लिम्बू विद्यार्थीहरू विद्यालयमा नियमित उपस्थित देखिएनन् । लिम्बू अभिभावकहरू धुम्रपान र मद्यपान अत्याधिक मात्रामा गर्नेहुँदा त्यसको असर उनीहरूका बालबालिकाको पढाइमा पनि

पर्ने गरेको पाइयो । लिम्बू बालबालिकाहरू अन्य जातिका बालबालिका भन्दा बढी उमेर भएपछि मात्र विद्यालयमा भर्ना भएको पाइयो, जसको कारणले आफू भन्दा सानो उमेरको साथीसँग कक्षाकोठामा वस्न अप्ठेरो लागेर पनि विद्यालय छाड्ने गरेको पाइयो । लिम्बू जातिका बालबालिकाहरू अधिकांश समय पठनपाठनमा भन्दा पनि घरको काममा लगाउने हुँदा पढाइमा कमजोर भइ सहभागिता कम भएको पाइयो । आफ्ना बालबालिकाको पठनपाठनको बारेमा लिम्बू अभिभावकले विद्यालयमा गएर चासो राखेको देखिएन । लिम्बू बालबालिकाहरूको घरयासी शैक्षिक वातावरण त्यती राम्रो देखिएन । लिम्बू अभिभावक र विद्यार्थीमा शिक्षा केकोलागि र किन आवश्यक छ ? भन्ने कुराका चेतनाको अभाव देखिन्छ । सरकारी निकायबाट लिम्बू बालबालिकाका लागि दिइने रकम अति न्यून र समयमा उपलब्ध गराएको पाइएन । शिक्षासँग सम्बन्धित अन्य निकायहरूले लिम्बू बालबालिकालाई शिक्षा प्रति उत्प्रेरित गर्न त्यती चासो दिइएको पाइएन । केही लिम्बू बालबालिकाहरू आफ्ना अग्रजहरूको शैक्षिक वेरोजगारीको कारणले पढ्न निरुत्साहित भएको पाइयो ।

लिम्बू बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता कम हुनुको प्रमुख कारणमा लिम्बूहरूको घरको शैक्षिक वातावरण हो भन्ने छनोट गरिएको जनसङ्ख्याको ३१ प्रतिशतले स्वीकार गरेको पाइयो । लिम्बूहरूको घरयासी शैक्षिक वातावरण त्यती राम्रो नभएको कारण लिम्बू बालबालिकाको प्राथमिक तहमा सहभागिता कम रहेको देखियो । लिम्बू जातिको घरमा झगडा हुने, परिवारका ठुलो मानिसले जाँडरक्सी वनाउने र खाने आदि कारणले घरयासी शैक्षिक वातावरण राम्रो नरहेको पाइयो । अध्ययनक्षेत्रबाट छनोट गरीएका जनसङ्ख्याको ३१ प्रतिशतले लिम्बूहरुले शिक्षाको अर्को प्रमुख बाधक तत्वको रुपमा आर्थिक तत्वलाई स्वीकार गरे । यसरी आर्थिक अवस्था कमजोर रहनु, आय आर्जनको कुनै बलियो स्रोत नहुनु, घरयासीकामले गर्दा पढाइकालागि उपयुक्त वातावरण नबन्नु, समयमा कपि कलम किन्ने पैसा भन्दा पनि दुइछाक टार्ने समस्यामा अभिभावक अर्काको घरखेतमा ज्याला मजदुरी गर्न जान बाध्य हुनु पर्ने अवस्थाले गर्दा लिम्बू बालबालिकाहरू घरको कामले विद्यालयमा सहभागि कमहुनु र भर्ना भइहाले पनि विद्यालय छाड्नेदर बढी रहनुमा प्रमुखकारण आर्थिक कमजोरी रहेको देखिन्छ । लिम्बू बालबालिकाको प्राथमिक तहको शिक्षामा सामाजिक तथा सांस्कृतिक कारणले सहभागीता कमभएको भन्नेमा १८ प्रतिशत जनसङ्ख्याले आफ्नो मत व्यक्त गरेको पाइयो । सामाजिक तथा सांस्कृतिक कारणमा भोजभतेर, विवाह, चार्डपर्वका नाममा विद्यालयमा अनियमित भएपछि विद्यालयनै जान छाड्ने गरेको पाइयो । प्राथमिक तहको शिक्षामा लिम्बू बालबालिकाको कम सहभागिताहुनमा विद्यालय तथा शिक्षकको कारण हो भन्ने जनसङ्ख्या २० प्रतिशत थिए । लिम्बू बालबालिकाको व्यवहारीक कठिनाइ शिक्षक तथा विद्यालयले नबुझ्नु, उनीहरूप्रति भेदभाव रहित व्यवहार हुन नसकेको, शिक्षाका लागि निरन्तर प्रेरणाको अभाव, लिम्बूहरूका बालबालिकालाई भाषिक कठिनाइ हुनु, आफ्ना जातिका शिक्षक शिक्षिका प्रा.वि. तहमा कमहुनु, अव्यवहारिक शिक्षा प्रणाली आदि कारणले उनीहरूको सहभागिता कम भएको देखियो । विद्यालयमा परीक्षामा असफल भएको कारणले पनि पुनः त्यही कक्षामा पढ्न लाजमानेर विद्यालय छाड्ने गरेको पाइयो ।

लिम्बूहरूको घरयासी शैक्षिक वातावरण सुधारगरी शैक्षिक जागरण ल्याउन सचेतना मुलक शिक्षा प्रदान गर्नु पर्ने देखियो । लिम्बूहरूको आर्थिक सुधारकालागि सरकारबाट आयमूलक व्यवसाय गर्न सहयोग उपलब्ध गर्नु पर्ने, कृषि पेसालाई आधुनिकिकरण गरी कृषि कार्यमा लागेका लिम्बू जातिको आर्थिक अवस्था सुधार्न सहयोग गर्नुपर्ने, कृषि पेसा बाहेक अन्य पेसा पनि अपनाउन लिम्बू जातिलाई अभिमुखिकरण गर्नुपर्ने देखियो । विद्यालयले बालमैत्रीपुर्ण वातावरण तयार गर्नु पर्ने पाइयो । लिम्बू समुदायमा चलिआएको मद्यपान सेबन गर्ने पर्ने प्रचलनमा सुधार गर्नु पर्ने देखिन्छ । प्राथमिक तहमा आफ्नो  मात्तृभाषामा शिक्षा लिन पाउने व्यवस्था गर्नु पर्ने देखियो । लिम्बू शिक्षकको व्यवस्था गरी लिम्बू बालबालिकालाई थप प्रोत्साहन गरिनु पर्ने अवस्था देखियो । आधारभुत आवश्यकताका रुपमा शिक्षाको महत्व बोध गराई निरन्तर प्रेरणा र प्रोत्साहनद्वारा शिक्षाप्रति आकर्षित गरिनु पर्ने अवस्था देखियो ।

## ५.२ निष्कर्ष

शिक्षा मानव विकासको लागि नभैनहुने आधारभुत आवश्यकता हो । शिक्षा प्राप्त गर्ने हरेक व्यक्तिको नैसर्गिक अधिकार हो । हरेक जनजातिलाई प्राथमिक तहको शिक्षा हासिलगर्ने उपयुक्त वातावरण राज्यले बनाइ दिनु पर्दछ । प्राथमिक तहमा लिम्बू बालबालिकाको सहभागितानामक यो शोधपत्र तयार पार्ने क्रममा विभिन्न तथ्य तथा तथ्याङ्कको विश्लेषणको आधारमा यो निष्कर्षमा पुगिएको छ की राज्यले प्राथमिक तहको शिक्षामा लामो समय सम्म ठूलो धनराशी लगानी गरेर विभिन्न जातजातिका बालबालिकाहरूको शिक्षामा सहभागिता बढाउन अनेक प्रयास गरेको भएपनि ती जातिका बालबालिकाहरूको शिक्षामा अपेक्षाकृत सहभागित  हुन सकेको छैन । ती जातिहरू मध्ये लिम्बू पनि पर्दछन् । लिम्बू जातिका बालबालिकाको प्राथमिक तहको शिक्षामा सहभागिता कम हुनुका अनेक कारणहरू मध्ये आर्थिक, सामाजिक तथा साँस्कृतिक, घर तथा विद्यालयलको शैक्षिक वातावरण आदि रहेका छन् । यी बालबालिकाको प्राथमिक शिक्षामा सहभागितामा देखिएका समस्याहरूमा घरझगडा हुनु,अरुको देखासिकी गर्नु, आम्दानीको स्थायी स्रोत नहुनु, विद्यालयमा उपयुक्त वातावरण नहुनु,समाजमा शैक्षिक बेरोजगार रहनु आदी रहेका छन् । लिम्बू बालबालिकाहरूको प्राथमिक तहको शिक्षामा सहभागिता बढाउनकालागि विद्यालयमा लिम्बू बालबालिकालाई पनि अन्य जातिका बालबालिका सरह समान व्यवहार गर्ने, लिम्बू अभिभावकहरूलाई शिक्षाको सवालमा चेतना अभिबृद्धि गर्न, लिम्बू बालबालिकालाई पनि अन्य बालबालिकासँग खाने, बस्ने, खेल्ने र अन्य क्रियाकलापमा समान रुपले हेलमेल गर्ने वातावरण तयार गर्नु पर्दछ । लिम्बू बालबालिकाको घरको शैक्षिक वातावरणमा सुधार ल्याउनु पर्ने दखिन्छ, जसले उनीहरूको शैक्षिक सहभागितामा नराम्रो प्रभाव पारेको पाइयो । लिम्बूहरूको आर्थिक अवस्थामा सुधारगर्न विभिन्न सरकारी र गैरसरकारी संघ संस्थाहरूसँग समन्वय कायम गरी विभिन्न  सीपमूलक र आयमूलक कार्यक्रम संचालन गरी रोजगारीको अवसर प्रदान गर्न सकेमा उनीहरूको आर्थिक स्थिति दिगो र भरपर्दो हुनगई शिक्षा हासिल गर्ने तर्फ चासो वढ्न गई शिक्षामा सहभागिता वढाउन सकिन्छ । प्राविधिक दक्षता र व्यवसायमुलक शिक्षाले मात्र व्यक्ति एवं राष्ट्रको शैक्षिक लगानी खेर नजाने हुँदा अध्ययन

क्षेत्रका अभिभावक, विद्यार्थी एवं शिक्षकहरूको सुझाव व्यवहारीक शिक्षा प्रति देखियो। त्यसैले व्यवसायिक शिक्षाको विस्तार गरी शिक्षा प्रति लिम्बू बालबालिकाको आकर्षण वढाउन सकिने स्थिति देखियो। लिम्बू बालबालिकामा हिनता बोध र आफुलाई कमजोर सम्झने मनोवैज्ञानिक असर परेको देखियो, यसको अन्त्य गरी पूर्ण समानता, स्वतन्त्र र मानविय वातावरणमा उन्मुक्तरुपमा पढ्न-लेख्न पाउने वातावरण सृजना गर्नु पर्ने देखियो।

## ५.३ सुझावहरू

यस शोधअनुसन्धानका लागि विभिन्न पक्षबाट लिइएका तथ्याङ्क, स्थलगत सर्वेक्षणका आधारमा प्राप्त तथ्यहरू तथा विज्ञहरूबाट लिखित पुस्तक, लेख र रचनाका आधारमा लिम्बू जातिका बालबालिकाहरूको प्राथमिक शिक्षामा सहभागिता अभिबृद्धि गर्न अध्ययनबाट प्राप्त निष्कर्ष वमोजिम निम्न सुझाबहरू प्रस्तुत गरिन्छ।

सर्वप्रथम लिम्बू समुदायको वास्तविक आर्थिक, शैक्षिक स्थितिको वारेमा यथार्थ खोज अनुसन्धान गरिनु पर्दछ। लिम्बूहरूको आत्म बल बढाउन विभिन्न अनौपचारिक शैक्षिक कार्यक्रम मार्फत अभिभावकको चेतना स्तर उकास्नु पर्दछ। लिम्बू बालबालिकालाई आकर्षित गर्न सम्पूर्ण लिम्बू बालबालिकालाई समयमानै छात्रबृत्ति उपलब्ध गराइ हालको छात्रबृत्ति रकम बढाउनु पर्दछ। विद्यार्थीलाई दिउँसो खाजाको व्यवस्था मिलाउनु पर्दछ। लिम्बू जातिका लागि रोजगार मूलक कार्यक्रमको व्यवस्था मिलाउनु पर्दछ। शिक्षाबाट उत्पादित जनशक्तिले क्षमता अनुसारको रोजगारी पाउने ग्यारेन्टी सरकारले गर्नु पर्दछ। लिम्बू जातिलाई कृषि पेसा बाहेक अन्य पेसा गर्न चाहेमा आवश्यक तालिम एवं आर्थिक सहयोग सरकार तथा स्थानीय निकायबाट गरिनु पर्दछ। शिक्षा मानव अधिकारको विषय भएकाले हरेक नागरिकले आफूले पाउने आधारभूत सेवाबाट बञ्चित नरही राज्यद्धारा प्रदान गरिएका सेवाबाट फाइदा उठाउनु पर्दछ भनी जनचेतना जागृत गर्नु पर्दछ। विद्यालयको शैक्षिक वातावरण रमणिय र आकर्षक हुनु पर्दछ, जसबाट विद्यार्थीहरूमा आकर्षण वढ्दछ। गुणस्तरीय शिक्षा दिन योग्य र तालिम प्राप्त शिक्षकहरूको व्यवस्था गर्नु पर्दछ। हरेक वालकको मनोविज्ञान बुझेर शिक्षकले शिक्षण गर्न सक्नु पर्दछ। विद्यार्थी शिक्षकबाट त्रसित होइन आकर्षित हुने वातावरण सृजना गरी शिक्षण गर्ने कौशल हरेक शिक्षकमा हुनु जरुरी छ। लिम्बू बालबालिका भएका हरेक विद्यालयमा सकेसम्म एकजना लिम्बू शिक्षकको व्यवस्था गरी लिम्बू विद्यार्थीहरूमा थप उत्साह एवं सहानुभूति गर्न सकिन्छ। हाल सञ्चालन भइरहेको विद्यार्थी भर्ना अभियान कार्यक्रमलाई सशक्त र सुदृढ रुपमा सञ्चालन गर्नु पर्दछ।

# सन्दर्भ सामग्री


अधिकारी, शेषराज (२०५८), *आठपहरिया राई बालबालिकाको विद्यालय सहभागिता र विद्यालय चकको अध्ययन,* कीर्तिपुर, काठमाण्डौ : त्रिभूवन विश्वलिद्यालय केन्द्रिय क्याम्पस, अप्रकाशित शोधपत्र ।

अधिकारी, नारायण प्रसाद (२०५७), *कुसुन्डा जातिको संस्कृतिमा आधुनिक शिक्षा : एक विश्लेषणात्मक अध्ययन,* कीर्तिपुर, काठमाण्डौ : त्रि.वि.केन्द्रिय क्याम्पस, अप्रकाशित शोधपत्र ।

अधिकारी, चेतन (२०६६), *झापामा ९६ जातिको बसोबास,* कान्तिपुर, वर्ष १७ अंक १९७ , ६ भाद्र २०६६, कान्तिपुर पब्लिकेशन ।

काफ्ले, लालप्रसाद (२०६०), *नेपालको पञ्चवर्षीय योजना, २०५९–२०६४,* के.पि.पुस्तकभण्डार, डिल्लीबजार,काठमाण्डौ ।

खनाल, हरि प्रसाद (२०५८), *दलित जातिका विद्यार्थीलाई प्राथमिक विद्यालय शिक्षामासकिय सहभागी बनाउन र शैक्षिक उपलब्धि स्तर उकास्न दलित छात्रवृत्तिले पारेको प्रभाव : एक अध्ययन,* ताहाचल, काठमाण्डौ : महेन्द्र रत्न क्याम्पस, अप्रकाशित शोधपत्र ।

खनाल, बालकृष्ण (२०६२), *नेपालमा थारु जतिको शैक्षिक अवस्था,* कीर्तिपुर : त्रि.वि. अप्रकासित शोधपत्र ।

गौतम, रमेश प्रसाद (२०६४), *शिक्षामा पहुँच सबै वर्गमा,* गोरखा पत्र वर्ष १०७ अंक २९४, २०६४ फागुन ।

चौधरी, बरुण कुमार (२०६५), *मधेशी दलित विद्यार्थीहरुले प्राथमिक तह पूरानगरी बीचैमा कक्षा छाड्नुका कारणहरुको एक अध्ययन,* इन्द्रपुर, मोरङ : सुकुना बहुमुखी क्याम्पस, अप्रकाशित शोधपत्र ।

झापा जिल्ला स्तरीय शैक्षिक तथ्याङ्क, २०५६, *जिल्ला शिक्षा कार्यालय, झापा ।*

तिम्सिना, विष्णु प्रसाद (२०६०), *तामाङ जातिको सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्था : एक अध्ययन,* कीर्तिपुर, काठमाण्डौ : त्रि.वि. केन्द्रिय क्याम्पस, अप्रकाशित शोधपत्र ।

तामाङ, सन वहादुर (२०६४), *तामाङ बालबालिकाको शिक्षा पहुँच,* कीर्तिपुर ,काठमाण्डौ : त्रि.वि. केन्द्रिय क्याम्पस, अप्रकाशित शोधपत्र ।

*नेपालको अन्तरिम संबिधान,* २०६३ , नेपाल सरकार

*नेपालको जनगणना,* २०५८, केन्द्रीय तथ्याङ्क विभाग

नेपालको विद्यालय स्तरीय शैक्षिक तथ्याङ्क, २०५८, केन्द्रीय तथ्याङ्क विभाग

पाण्डे, द्धारिका प्रसाद (२०६३), *नुवाकोट जिल्लाको सार्वजनिक प्राथमिक विद्यालयहरुका दलित विद्यार्थीहरुको शिक्षा पहुँचमा प्रभाव पार्ने तत्वहरु,* कीर्तिपुर ,काठमाण्डौ : त्रि.वि. केन्द्रिय क्याम्पस, अप्रकाशित शोध पत्र ।

*विस्तृत शान्ति सम्झौता, २०६३,* शान्ति समिति, शान्ति सचिवालय, सिंहदरवार, काठमाण्डौ : शान्ति मन्त्रालय ।

विद्यालय तथ्याङ्क, २०६७ जि.शि.का., झापा ।

भट्टराई, शिव कुमार (२०६१), *औपचारीक शिक्षा प्रणालीमा लिम्बुहरुको शैक्षिक सहभागिता,* कीर्तिपूर, काठमाण्डौ : त्रि.वि. केन्द्रिय पुस्तकालय, अप्रकाशित शोध पत्र ।

पोखेल, राधा (२०६२), प्रा.वि. तहमा सुकुम्बासी बालबालिकाको सहभागिता, कीर्तिपूर, काठमाण्डौ : त्रि.वि.केन्द्रिय पूस्तकालय, अप्रकाशित शोध पत्र ।

लिम्बु, शेर बहादुर पापो (२०५१), *किराँत इतिहास र सँस्कृति,* किँरात याक्थुङ चुम्लुङ, केन्द्रिय कार्यालय, काठमाण्डौ ।

शर्मा, चिरन्जीवि र निर्मला (२०६३), *शिक्षामा आधार,* एम.के.पब्लिकेशन एण्ड डिष्टिब्यूटर्स, भोटाहिटी, काठमाण्डौ ।

शर्मा, गोपिनाथ (२०६५), *नेपालको शैक्षिक इतिहास,* लुम्बिनी पुस्तक भण्डार,काठमाण्डौ ।

*शिक्षा ऐन, २०२८ सातौं संशोधन, शिक्षा नियमावली,* २०६२,काठमाण्डौ : शिक्षा मन्त्रालय ।

Chemjong, Imanshing (1948), *Kirat Itihas*, Darjeeling, Bhara*t.*

C.B.S, (2001*), Population Monographic of Nepal* , Kathmandu , Central Bureau statistics VOL– II .

C.B.S.(2003), *Population Monographic of Nepal,* Kathmandu, Central Bureau statistics VOL– I .

# प्राथमिक तहमा लिम्बू बालबालिकाको सहभागिता

## अनुसूची - १

### विद्यालय व्यावस्थापन समितिका पदाधिकारीहरुका लागि प्रश्नावली

अध्यक्षको नाम..............................योग्यता...............तालिम प्राप्त/अप्राप्त.............

विद्यालयको नाम.................................तालिमभए तालिमकोनाम...........................

१) तपाईको विद्यालयमा प्रा.वि. तहमा लिम्बू विद्यार्थी कति प्रतिशत होलान् ?

क) कुल प्रतिशत ☐ ख) लिम्बू विद्यार्थी प्रतिशत ☐

२) लिम्बू विद्यार्थीका अभिभावकको विद्यालय प्रति सहयोग कतिको छ ?

क) राम्रो ☐ ख) अतिराम्रो ☐ ग) कम ☐ घ) धेरै कम

३) आफ्ना बालबालिकाको भविश्य प्रति लिम्बू विद्यार्थीका अभिभावकको चासो कस्तो छ ?

क)धेरै ☐ ख) कम ☐ ग) धैरैकम ☐ घ) धेरै वढी ☐

४) लिम्बू जातिका अभिभावकहरु स्कूलमा आएर उनीहरुको बारेमा कतिको छलफल र चासो राख्छन् ?

क) कम☐ ख) धेरै ☐ ग) ठीकै ☐ घ) एकदमकम ☐

५) विद्यालय व्यावस्थापन समितिमा लिम्बू अभिभावकको प्रतिनिधित्व कति छ ?

क) १ जना ☐ ख) २ जना ☐ ग) ३ जना ☐ घ) ३ भन्दाबढी ☐

६) तुलनात्मकरुपमा लिम्बू बालबालिकाको प्राथमिक तहको शिक्षामा सहभागिता कस्तो छ ?

क) राम्रो छ ☐ ख) मध्यम छ ☐ ग) नाजुक छ ☐

७) लिम्बू बालबालिकाको पढाइलेखाइ प्रतिको चासो के कस्तो छ ?

क) एकदम राम्रो ☐ ख) चासोनै छैन ☐ ग) अलिअलि छ ☐

८) लिम्बू बालबालिकाले विद्यालयबाट के कस्ता आर्थिक सहयोग पाएका छन् ?

क)..........................................................................................................

ख)..........................................................................................................

९) लिम्बू  बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता बढाउन व्यावस्थापन समितिको तर्फबाट के कस्ता कार्यक्रमहरु  गरिएका छन् ?

क)..........................................................................................................

ख)..........................................................................................................

१०) लिम्बू विद्यार्थीका घरयासि शैक्षिक समस्याहरु के के होलान ?

क)..........................................................................................................

ख)..........................................................................................................

११) लिम्बू बालबालिकाका विद्यालयमा पर्ने समस्याहरु के के हुनसक्छन् ?

क).........................................................................................................

ख)..........................................................................................................

१२) लिम्बू बालबालिकाको सहभागिता कम हुनका कारणहरु के के होलान ?

क).........................................................................................................

ख)..........................................................................................................

१३) लिम्बू बालबालिकालाई अरु बालबालिकाले कस्तो व्यवहार गर्दछन् ?

क)..........................................................................................................

ख)..........................................................................................................

१४) लिम्बू बालबालिकाको सहभागितालाई कुन कुन तत्वले प्रभाव पार्दछ ?

क)..........................................................................................................

ख)..........................................................................................................

१५) लिम्बू जातिका बालबालिकाको सहभागिता बढाउन के के गर्नु पर्छ ?

क)..........................................................................................................

ख.........................................................................................................

१६) प्राथमिक तहको सहभागितामा देखिएका समस्याहरू के के हुन् ?

क) .......................................................................................................

ख).......................................................................................................

१७) लिम्बू जातिका बालबालिबाको प्रा.वि. तहको शिक्षामा सहभागिता बढाउने सवालमा तपाईको व्यतिगत धारणा कस्तो छ ?

क)..........................................................................................................

ख).........................................................................................................

## प्राथमिक तहमा लिम्बू बालबालिकाको सहभागिता

## अनुसूची – २

### प्रधानाध्यापकका लागि प्रश्नावली

प्र.अ.को नाम......................................... तालिमप्राप्त/अप्राप्त.......

तालिमकोनाम...........................................................................................
.

बिद्यालयकोनाम........................................................................................

१) तपाईको विद्यालयमा प्रा.वि.तहमा कति प्रतिशत लिम्बू विद्यार्थीहरु होलान् ?

........................................................................................................

२) लिम्बूविद्यार्थीका अभिभावकहरुको विद्यालय प्रतिको सहयोग कतिको छ ?

क) राम्रो ☐ ख) अति राम्रो ☐ ग) कम ☐ घ) धेरैकम ☐

३) आफ्ना बालबालिकाको भविश्य प्रति लिम्बू विद्यार्थीका अविभावकको चासो कस्तो छ ?

क) धेरै ☐ ख) कम ☐ ग) धेरैकम ☐ घ) धेरै बढी ☐

४) लिम्बू बालबालिकाहरु कति अनुशासित छन् ?

क) धेरै ☐ ख) कम ☐ ग) धेरैकम ☐ घ) धेरै बढी ☐

५) पाठ्यपुस्तक वाहेक अन्य शैक्षिक सामग्रीहरु लिम्बू जातिका बालबालिकाहरूसँग छन त ?

क) थोरैसँग छन ☐ ख) सबैसँग छन ☐ ग) धेरैसँग छन् ☐

६) लिम्बू बालबालिका भर्ना ठीक समयमा हुन्छन कि हुदैनन् ?

क) समयमै हुन्छन ☐ ख) समयमा हुदैनन् ☐ ग) प्राय:समयमा हुन्छन् ☐

७) लिम्बू जातिका बालबालिकाको पढाइ लेखाइ प्रतिको चासो कस्तो छ ?

क) एकदम राम्रो छ ☐ ख) चासो छैन ☐ ग) अलिअलि छ ☐

८) तुलनात्मकरुपमा लिम्बू जातिका बालबालिकाको सहभागिता कस्तो छ ?

क) राम्रो छ ☐ ख) मध्यम छ ☐ ग) नाजुक छ ☐

९) लिम्बू जातिका बालबालिकाहरुले गृहकार्य कतिको गर्छन् ?

क) प्रायः गर्छन् ☐ ख) गर्दैनन् ☐ ग) कहिलेकाहीँ मात्र गर्छन् ☐

१०) लिम्बू जातिका बालबालिकाले विद्यालयबाट के कस्ता सहयोग पाएका छन् ?

क)..........................................................................................................

ख)..........................................................................................................

११) लिम्बू बालबालिकाका घरयासी समस्याहरु के के छन् ?

क)..........................................................................................................

ख)..........................................................................................................

१२) लिम्बू बालबालिकालाई विद्यालयमा पर्ने समस्याहरु के के हुन सक्छन् ?

क)..........................................................................................................

ख)..........................................................................................................

१३) लिम्बू बालबालिकालाई अरुबालबालिकाले कस्तो व्यावहार गर्छन ?

क)..........................................................................................................

ख)..........................................................................................................

१४) लिम्बू बालबालिकाको शिक्षामा सहभागिता कम हुनको कारण के हो ?

क)..........................................................................................................

ख)..........................................................................................................

१५)लिम्बू विद्यार्थीको शिक्षामा सहभागिता बढाउन गर्नु पर्ने कार्यहरु के के हुनसक्छन् ?

क)..........................................................................................................

ख)..........................................................................................................

१६) लिम्बूजाति प्रतिको सामाजिक दृष्टिकोण कस्तो छ ?

क)..........................................................................................................

ख)..........................................................................................................

१७ प्राथमिक तहको सहभागितामा देखिएका समस्याहरू के के हुन् ?

क) ........................................................................................................

ख)..........................................................................................................

१८) लिम्बू जातिको शिक्षामा सहभागितालाई कुन कुन तत्वले प्रभाव पार्छ ?
क)..........................................................................................................
ख)..........................................................................................................

## प्राथमिक तहमा लिम्बू बालबालिकाको सहभागिता

## अनुसूची - ३

स्रोतकेन्द्रमा लिम्बू विद्यार्थीहरुको शैक्षिक सहभागितामा प्रभावपार्ने तत्वहरुको अध्ययन गर्न विद्यालय निरीक्षकका लागि तयार पारीएको अन्तर्वाता फाराम

नाम.......................................योग्यता.......................तालिमप्राप्त/अप्राप्त.......

स्रोतकेन्द्रको नाम........................... तालिमको नाम.......................................

१) तपाईको स्रोतकेन्द्रमा जम्मा लिम्बू विद्यार्थी प्रतिशत कति होलान ?

..........................................................................................................................

२) लिम्बू बिद्यार्थीका अविभावकको विद्यालयप्रति चासो कस्तो छ ?

क) घेरै ☐ ख) कम ☐ ग) घेरै कम ☐

३) लिम्बू विद्यार्थीका अविभावकहरुको विद्यालयप्रतिको सहयोग कतिको छ ?

क) राम्रो ☐ ख) अति राम्रो ☐ ग) कम ☐ घ) अतिकम ☐

४) आफ्ना बालबालिकाको भविश्य प्रति लिम्बूबालबालिकाका अभिभावकहरुको चासो कतिको छ ?

क) थोरै ☐ ख) कम ☐ ग) घेरै कम ☐ घ) घेरैबढी ☐

५) विद्यालय व्यावस्थापन समितिमा लिम्बू अभिभावकको प्रतिनिधित्व कति छ ?

क) १जना ☐ ख) २ जना ☐ ग) ३ जना ☐ घ) ३ भन्दा बढी ☐

६) लिम्बू अभिभावकहरु उनीहरुका बालबालिकाकोबारेमा कतिको चासो राख्छन् ?

क) कम ☐ ख) धेरै ☐ ग) ठीकै ☐ घ) एकदम कम ☐

७) लिम्बू बालबालिकाहरु पढाइ लेखाइ प्रति चासो कस्तो छ ?

क) एकदम राम्रो ☐ ख) चासोनै छैन ☐ ग) अलिअलि छ ☐

८) तुलनात्मकरुपमा लिम्बू बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता कस्तो छ ?

क) राम्रो छ ☐ ख) मध्यम छ ☐ ग) नाजुक छ ☐

९) लिम्बू बालबालिकाहरु कतिको अनुशासित छन ?

क) कम ☐ ख) धेरै ☐ ग) ठिकठिकै ☐ घ) एकदमकम ☐

१०) लिम्बू बालबालिकासंग पाठ्यपुस्तक बाहेक अन्य शैक्षिक सामग्री छन त ?

क) धेरैसंग छन ☐ ख) सबैसंग छन ☐ ग) थोरैसंग छन ☐

११) लिम्बू बालबालिकाले बिद्यालयबाट के कस्ता आर्थिक सहयोग पाएका छन,?

क)..........................................................................................................

ख)..........................................................................................................

१२) लिम्बू बालबालिकाहरुलाइ विद्यालयमा पर्ने समस्याहरु के के हुन सक्छन् ?

क)..........................................................................................................

ख)..........................................................................................................

१३) लिम्बू बालबालिकाहरुलाई अरु बालबालिकाहरुले कस्तो व्यावहार गर्छन् ?

क)..........................................................................................................

ख)..........................................................................................................

१४) लिम्बू जाति प्रति सामाजिक दृष्टिकोण कस्तो छ ?

क)..........................................................................................................

ख)..........................................................................................................

१५) लिम्बू बालबालिकाको शिक्षामा सहभागिता कम हुनका कारणहरु के के हुन सक्छन् ?

क)..........................................................................................................

ख)..........................................................................................................

१६) लिम्बू बालबालिकाको शिक्षामा सहभागितालाई कुन कुन तत्वले प्रभाव पार्दछ ?

क)..........................................................................................................

ख)..........................................................................................................

१७) प्राथमिक तहको सहभागितामा देखिएका समस्याहरू के के हुन् ?

क) ..........................................................................................................

ख)..........................................................................................................

१८) लिम्बू विद्यार्थीको प्राथमिक तहको शिक्षामा सहभागिता बढाउन गर्नु पर्ने कार्यहरु के के हुन् ?

क)..........................................................................................................

ख)..........................................................................................................

१९) समग्रमा लिम्बू बालबालिकाको प्राथमिक तहको शिक्षामा सहभागिता बढाउने सवालमा तपाईको आफ्नो व्यतिगत धारणा कस्तो छ ?

क)..........................................................................................................

ख)..........................................................................................................

## प्राथमिक तहमा लिम्बू बालबालिकाको सहभागिता

## अनुसूची – ४

## अभिभावकका लागि प्रश्नावली

१) नाम.......................................२) ठेगाना.......................वार्डन.........

३) उमेर..................४) लिङ्ग....................

५) क) शिक्षा .............................. साक्षरता / निरक्षरता

ख) औपचारिक भए :– प्रा.वि.तह ☐ नि.मा. वि. तह ☐ मा. वि. तह ☐ एस.एल.सी. वा सोभन्दा माथि ☐

६) वैवाहिक स्थिति

क) विवाहित ☐ ख) अविवाहित ☐

७) विवाहित भए सन्तान कति छन् ? क ) छोरा.......... ख )छोरी..........

८) परीवाका सदस्य संख्या कति छन् ?

पुरुष ............. महिला .............

९) परीवारको मूख्य आय स्रोत के हो ?

क ) कृषि ☐ ख) व्यापार ☐ ग) नोकरी☐ घ) अन्य व्यावसाय ☐

१०) विद्यालय नजाने उमेरका केटाकेटीहरु

| वर्ष | ५(६ | ७(८ | ९-१० | ११-१२ | १३-१४ | १५-१६ | १६ भन्दामाथि |
|---|---|---|---|---|---|---|---|
| केटा | | | | | | | |
| केटी | | | | | | | |

११) विद्यालयजाने उमेरका केटा केटीहरु

| वर्ष | ५-६ | ७-८ | ९-१० | ११-१२ | १३-१४ | १५-१६ | १६ भन्दा माथि |
|---|---|---|---|---|---|---|---|
| केटा | | | | | | | |
| केटी | | | | | | | |

११) लिम्बू जातिका बालबालिकाको शिक्षामा सहभागिता वढाउन के गर्नु पर्ला ?

क) .......................................................................................................

ख) .......................................................................................................

## प्राथमिक तहमा लिम्बू बालबालिकाको सहभागिता

## अनुसुची - ५

## शिक्षकका लागि प्रश्नावली

शिक्षकको नाम.........................................तालिम प्राप्त/अप्राप्त....................

तालिम प्राप्त भए किसिम.......................

विद्यालयको नाम................................

१) लिम्बू विद्यार्थीको शिक्षामा सहभागिता कस्तो छ ?

क) उत्तम ☐ ख) मध्यम ☐ ग) सामान्य ☐ घ) नाजुक ☐

२) लिम्बू विद्यार्थीको कक्षा नियममितता कस्तो छ ?

क) थोरै ☐ ख) सामान्य ☐ ग) कम ☐ घ) धेरै कम ☐

३) तपाईको विद्यालयमा कति प्रतिशत लिम्बू छन् ?

.........................................................................................................

४) लिम्बू जातिका बालबालिकाहरुले कतिको गृहकार्य गर्छन् ?

क) केहीले गर्छन् ☐ ख) सबैले गर्छन् ☐ ग) गर्दैनन् ☐ घ) धेरैले गर्दछन् ☐

५) लिम्बू विद्यार्थीसँग पुस्तक छन् कि छैनन् ?

क) सबैसँग छ ☐ ख) केहीसँग छ ☐ ग) प्रायसँग छ ☐

६) स्कुलमा लिम्बू विद्यार्थीहरुले कपी, कलम र किताब ल्याउँछन् त ?

क) सबैले ल्याउँछन् ☐ ख) अधिकांशले ल्याउँदैनन् ☐ ग) केहीले मात्र ल्याउछन् ☐

७) उनीहरुले गृहकार्य नगर्नुको कारण के हो ?

क) घरयासि कामले ☐ ख) बढी खेल्नाले ☐ ग) गृहकार्य परीक्षण नहुनाले ☐ घ) हेलचेकेइ गर्नाले ☐

८) सिकाइ प्रति इच्छा लिम्बू विद्यार्थीको कस्तो छ ?

क) तिब्र छ ☐ ख) कम छ ☐ ग) अत्यन्त राम्रो ☐ घ) पटक्कै छैन ☐

९) लिम्बू बालबालिकाहरु कतिको अनुशासित छन् ?

क) राम्रो ☐ ख) नराम्रो ☐ ग) ठीक ☐ घ) अत्यन्त राम्रो ☐

१०) लिम्बू लिद्यार्थीले अति गाऱ्हो भन्ने विषय कुन हो ?

क) अंग्रेजी ☐ ख) गणित ☐ ग) विज्ञान ☐ घ) अन्य ☐

११) आफ्ना बालबालिकाका बारेमा लिम्बू बालबालिकाका आमाबाबुले तँपाइसँग सोध्ने र छलफल गर्ने गर्छन् ?

क) कसै कसैले गर्छन् ☐ ख) कसैले पनि गर्दैनन् ☐ ग) प्राय धेरैले गर्छन् ☐ घ) बाटाघाटामा भेटघाट गर्दा गर्छन् ☐

१२) लिम्बू विद्यार्थीका विद्यालयमा पर्ने समस्याहरु के के हुन् ?

क)..........................................................................................................

ख)..........................................................................................................

१३) शैक्षिक दृष्टिले लिम्बूहरुको घरयासी अवस्था कस्तो छ ?

क)..........................................................................................................
ख)..........................................................................................................

१४) लिम्बू बालबालिकाको प्राथमिक तहको शिक्षामा सहभागिता कम हुनुको कारण के होला ?

क) ........................................................................................................

ख)..........................................................................................................

१५) प्राथमिक तहको सहभागितामा देखिएका समस्याहरू के के हुन् ?

क) ........................................................................................................

ख)........................................................................................................

१६) लिम्बू बालबालिकाहरुको शिक्षामा सहभागिता बढाउन के गर्नु पर्ला ?

क) ........................................................................................................

ख) ........................................................................................................

प्राथमिक तहमा लिम्बू बालबालिकाको सहभागिता

## अनुसूची - ६

## विद्यार्थीका लागि प्रश्नावली

नाम....................................... कक्षा............
रोल्नं...........

छात्र........... छात्रा...........
उमेर...........

१) तिम्रो घरमा परिवार संख्या जम्मा कति छ ? (            )

२) तिम्रो घरमा स्कुलजाने बालबालिकाको संख्या कति छ ? (            )

३) ५-१६ वर्ष सम्म उमेर समुहका स्कुल नजाने बालबालिका कतिजना छन् ? (            )

४) तिम्रो घरमा साक्षर र निरक्षर कति जना छन् ?

क) साक्षर................ ख) निरक्षर ..................

५) साक्षर भए औपचारिक र अनौपचारिक शिक्षा पाएका कति छन् ?

क) औपचारिक.................................... ख) अनौपचारिक .........................

६) औपचारिक शिक्षा पाएका मध्ये कति जनाले कुन तह सम्मको शिक्षा पाएका छन् ?

क) प्रा.वि. तह ☐ ख) नि.मा.वि. तह ☐ ग) मा वि. तह ☐

७) विहान बेलुका पढ्न तिमीलाई सहयोग गर्छन कि गर्दैनन् ?

क) सहयोग गर्छन् ☐ ख) सहयोग गर्दैनन् ☐ ग) पढ्ने वातावरण दिन्छन् ☐

घ) पढ्ने वातावरण दिदैंनन् ☐

८) पढाइ बाहेक घरमा कतिको काम गर्छौ ?

क) कहिले काहीं गर्छु ☐ ख) कहिलेपनि गर्दिन ☐ ग) विहान मात्र गर्छु ☐ घ) बेलुका मात्र गर्छु ☐

९) अन्य काममा कुन काम गर्छौ ?

क) खेतवारीमा काम ☐ ख) भाइबहिनी हेर्छु ☐ ग) खाना पकाउछु ☐ घ) दाउरा घाँसमा जान्छु ☐

१०) तिमी समयमै विद्यालय जान्छौ ?

क) जान्छु ☐ ख) जान्न ☐

११) तिम्रो घरमा खाना खाने समय ठीक हन्छ ?

क) हुन्छ ☐ ख) हुँदैन ☐ ग) कहिलेकाहीं हुन्छ ☐ घ) कहिले काहीँ हुदैन ☐

१२) दिँउसो विद्यालयमा खानाको व्यवस्था कस्तो छ ?

क) खाजा खान्न ☐ ख) किनेर खान्छु ☐ ग) घरमै गएर खान्छु ☐ घ) घरबाट ल्याएर खान्छु ☐

१३) घरमा तिमी कतिको खेल्छौ ?

क) कहिलेकाहीँ खेल्छु ☐ ख) सँधै खेल्छु ☐ ग) कहिले पनि खेल्दिन ☐

१४) तिमीलाई घरमा पनि खेलकुदको सामान किनिदिनु हुन्छ ?

क) किनिदिनु हुन्छ ☐ ख) किनिदिनु हुन्न ☐ ग) कहिले काहीँ मात्र ☐

१५) के तिम्रो घरमा ठुलाले रक्सी पिँउछन् ?

क) निक्कै पिँउनु हुन्छ ☐ ख) कहिलेकाहीँ पिउँनु हुन्छ ☐ ग) चार्डपर्वमा पिउँनु हुन्छ ☐ घ) कहिले पनि पिउँनु हुन्न ☐

१६) तिम्रो घरमा आमाबाबु कतिको झगडा गर्नु हुन्छ ?

क ) गर्नु हुन्छ ☐ ख) गर्नु हुन्न ☐ ग) कहिलेकाहीँ गर्नुहुन्छ ☐

१७) तिमीलाई विद्यालय जान कस्तो लाग्छ ?

क) रमाइलो लाग्छ ☐ ख) रमाइलो लाग्दैन ☐

ग) कहिलेकाहीं मात्र जान मन लाग्छ ☐

१८) विद्यालय जान मन नलाग्नुको कारण के होला ?

क) नभ्याएर ☐ ख) शिक्षकले पिट्ने भएकाले ☐ ग) साथीहरुले हेलाभावले हेर्ने गरेकाले ☐ घ) मनोवल गिराएकाले ☐

१९) विद्यालयमा तिमीप्रति शिक्षकको व्यवहार कस्तो छ ?

क) सबैलाई समान व्यवहार गर्छन् ☐ ख) पिट्छन ☐ ग) हेला गर्छन् ☐

घ) मनोवल गिराउँछन् ☐

२०) तिमीलाई मन पर्ने विषय ................................

२१) तिमीलाइ मन पर्ने शिक्षक.................................

२२) तिमीले विद्यालयबाट कुनै छात्रबृत्ति पाएका छौ ?

क) छ ☐ ख) छैन ☐

२३) छात्रवृत्ति कति समयमा दिइएको छ ?

क) वर्षको एक पटक ☐ ख) २ वर्षको एक पटक ☐ ग) ३ वर्षको एक पटक☐

२४) तिमीलाई दोस्रो मन पर्ने विषय कुन हो ?

...........................................

२५) तिमीलाई अन्य कहिबाट शैक्षिक सामग्रीको सहयोग भएको छ भने कहाँबाट भएको छ ?

क) शिक्षकबाट ☐ ख) गैरसरकारी संस्थाबाट ☐ ग) सरकारी निकायबाट ☐

घ) विद्यालयबाट ☐

२६) विद्यालयबाट आर्थिक सहयोग पाएका छौ ?

क) पाएको छु ☐ ख) पाएको छैन ☐ ग) कहिलेकाहिँ पाएको छु ☐

२७) विद्यालयबाट समयमा नयाँ पाठ्यपुस्तक पाएका छौ ?

क) छ ☐ ख) छैन ☐

२८) तिमी दैनिक गृहकार्य गर्छौ ?

क) गर्छु ☐ ख) कहिले पनि गर्दिन ☐ ग) कहिलेकाहीँ गर्छु ☐ घ) कहिलेकाहीँ गर्दिन ☐

२९) गृहकार्य नगर्नुका कारणहरु के के हुन् ?

क) खेल्न जाँदा नभ्याएर ☐ ख) नबुझेर ☐ ग) घरयासी कारणले ☐ घ) अल्छि लागेर ☐

३०) तिम्रो कक्षामा सवै विषय पढाइ हुन्छ ?

क) हुन्छ ☐ ख) हुँदैन ☐ ग) कहिलेकाही मात्र हुन्छ ☐

३१) विद्यालयमा पढाएको कतिको बुझ्छौ ?

क) पुरै बुझ्छु ☐ ख) कहिलेकाही बुझ्दिन ☐ ग) केही पनि बुझ्दिन ☐

३२) विद्यालयमा तिमीलाई पर्ने समस्याहरु के के हुन् ?

क) ....................................................................

ख) ....................................................................

३३) तिम्रो पढाइका समस्याहरु के के हुन् ?

क) ....................................................................

ख) ....................................................................

३४) तिम्रो शैक्षिक गुणस्तर वृद्धिकालागि के गर्नु पर्ला ?

क) ....................................................................

ख) ....................................................................

३५)लिम्बू जातिका बालबालिकाकालागि सरकारी निकायबाट गरिनु पर्ने कार्यहरु के के हुन् ?

क) ....................................................................

ख) ....................................................................

३६) प्राथमिक तहमा लिम्बू बालबालिकाको सहभागिता कम हुनाका कारणहरु के के हुन् ?

क) ....................................................................

ख) ....................................................................

३७) प्राथमिक तहको सहभागितामा देखिएका समस्याहरू के के हुन् ?

क) .......................................................................

ख)........................................................................

३८) प्राथमिक तहमा लिम्बू बालबालिकाको सहभागिता बढाउन के गर्नु पर्छ ?

क) ................................................................

ख) ...............................................................

प्राथमिक तहमा लिम्बू बालबालिकाको सहभागिता

## अनुसूची – ७

## अध्ययनमा परेका जनसंख्याको नमूना

| क.सं. | विवरण | प्रतिविद्यालय | जम्मा |
|---|---|---|---|
| १ | प्रधानाध्यापक | १ | ५ |
| २ | शिक्षक | ३ | १५ |
| ३ | अभिभावक | ४ | २० |
| ४ | विद्यार्थी | ५ | २५ |
| ५ | विद्यालय | – | ५ |
| ६ | वि.व्य.स.अध्यक्ष | १ | ५ |
| ७ | वि .नि. | – | १ |
| | जम्मा | | ७१ |

# प्राथमिक तहमा लिम्बू बालबालिकाको सहभागिता

## अनुसूची - ८

## नमूना छनोटमा परेका जनसंख्याको विवरण

| क.स. | विद्यार्थीको नाम | कक्षा | शिक्षकको नाम | अभिभावकको नाम | विद्यालयको नाम |
|---|---|---|---|---|---|
| १ | रीता सुब्बा | ५ | विष्णु कुमारी राई | विर व. लिम्बू | श्री शहीद धर्मभक्त उ.मा.वि., तोपगाछी |
| २ | अमर मावो | ४ | लक्ष्मी बराल | ललित व. सुब्बा | श्री शहीद धर्मभक्त उ.मा.वि., तोपगाछी |
| ३ | मनाङ्ग तेयूङ | ४ | लहरी लुइटेल | एल.वि.सुब्बा | श्री शहीद धर्मभक्त उ.मा.वि., तोपगाछी |
| ४ | लिला थाम्सुहाङ्ग | ५ | - | महेन्द्र तेयूङ्ग | श्री शहीद धर्मभक्त उ.मा.वि., तोपगाछी |
| ५ | मधु लिम्बू | ५ | - | - | श्री शहीद धर्मभक्त उ.मा.वि., तोपगाछी |
| ६ | कमल कुरुङवाङ | ४ | थिरनाथ खनाल | पहलमान सावाँ | श्री लक्ष्मीनारायण उ.मा.वि., धरमपुर |
| ७ | सुनमाया लावती | ४ | टेक ब.रिमाल | अटल नेम्वाङ्ग | श्री लक्ष्मीनारायण उ.मा.वि., धरमपुर |
| ८ | भूमिका सुब्बा | ५ | अकल व. भुजेल | तिलक तेयूङ | श्री लक्ष्मीनारायण उ.मा.वि., धरमपुर |
| ९ | प्रकाश सुब्बा | ५ | - | भरत सुब्बा | श्री लक्ष्मीनारायण उ.मा.वि., धरमपुर |
| १० | डिक ब.सुब्बा | ५ | - | - | श्री लक्ष्मीनारायण उ.मा.वि., धरमपुर |
| ११ | मन ब. लिम्बू | ४ | लोक व. अधिकारी | मनकुमार खापुङ्ग | श्री सरस्वती नि.मा.वि., तोपगाछी |
| १२ | सरस्वती लिम्बू | ५ | विनादेवी शर्मा | धनरथी सुब्बा | श्री सरस्वती नि.मा.वि., तोपगाछी |
| १३ | सीता लावती | ५ | धान्य प्र.वराल | देशकुमार लिम्बू | श्री सरस्वती नि.मा.वि., तोपगाछी |
| १४ | निमेश साँवा | ४ | - | शशी मादेन | श्री सरस्वती नि.मा.वि., तोपगाछी |
| १५ | आइतरानी सुब्बा | ५ | - | - | श्री सरस्वती नि.मा.वि., तोपगाछी |
| १६ | कर्ण व. केरुङ्ग | ४ | यमकुमार दंगाल | कोपीमाया लिम्बू | श्री ज्योती प्रा.वि., तोपगाछी |
| १७ | अर्जुन सम्हाम्फे | ५ | ओम प्र. निरौला | सर्मिला नाल्वो | श्री ज्योती प्रा.वि., तोपगाछी |
| १८ | रुपक केरुङ्ग | ५ | यशोदा अधिकारी | सूर्यमान लिम्बू | श्री ज्योती प्रा.वि., तोपगाछी |
| १९ | सन्ध्या लिम्बू | ४ | - | वम व. थेवे | श्री ज्योती प्रा.वि., तोपगाछी |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | शान्ता खापुङ्ग | ५ | - | - | श्री ज्योती प्रा.वि., तोपगाछी |
| २१ | अभिषा लिम्बू | ४ | धर्मराज वस्नेत | दिलमाया लिम्बू | श्री मंगलमय उ.मा.वि., लखनपुर |
| २२ | विजु सुब्बा | ४ | लक्ष्मी ढकाल | तारा सुब्बा | श्री मंगलमय उ.मा.वि., लखनपुर |
| २३ | विकास रुम्दाली | ५ | रत्न थापा | तर्कराज सुब्बा | श्री मंगलमय उ.मा.वि., लखनपुर |
| २४ | पुजा सुब्बा | ५ | - | तिल विक्रम नेम्वाङ्ग | श्री मंगलमय उ.मा.वि., लखनपुर |
| २५ | भीम लिम्बू | ४ | - | - | श्री मंगलमय उ.मा.वि., लखनपुर |

| क.स. | प्र.अ. | वि.व्य.स.अध्यक्ष | विद्यालयको नाम | स्रोत व्यक्ति (वि.नि.) |
|---|---|---|---|---|
| १ | काजीमान पौड्याल | भीम प्र.राई | श्री शहीद धर्मभक्त उ.मा.वि. तोपगाछी | सूर्य प्र.सापकोटा |
| २ | कृष्ण तिम्सिना | जय ब. वि.क. | श्री लक्ष्मीनारायण उ.मा.वि., धरमपुर | - |
| ३ | दामोदर काफ्ले | प्रेम ब. राई | श्री सरस्वती नि.मा.वि., तोपगाछी | - |
| ४ | भक्ति प्र.रिजाल | सूर्य प्र राई | श्री ज्योती प्रा.वि., तोपगाछी | - |
| ५ | ओम प्र. खनाल | पदम कुमारी राई | श्री मंगलमय उ.मा.वि., लखनपुर | - |

# प्राथमिक तहमा लिम्बू बालबालिकाको सहभागिता

## अनुसूची -९

### शैक्षिक सत्र २०६७ को तोपगाछी स्रोतकेन्द्रमा भएका प्रा.वि. तहका विद्यार्थी भर्ना विवरण

| क. | विद्यालयको नाम | कक्षा १ | | | कक्षा २ | | | कक्षा ३ | | | कक्षा ४ | | | कक्षा ५ | | | १ देखि ५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स. | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | सम्मजम्मा |
| १ | श्री श.ध.उ.मा.वि. | ३५ | ४७ | ८२ | ३० | ३३ | ६३ | ३७ | ४० | ७७ | ४० | ३८ | ७८ | ४० | ४८ | ८८ | ३८८ |
| २ | श्री नरेन्द उ.मा.वि. | १८ | २४ | ४२ | १४ | १३ | २७ | १७ | २० | ३७ | २० | १८ | ३८ | ११ | २२ | ३३ | १७८ |
| ३ | श्री म.आ.कमला उ.मा.वि. | ३० | ३५ | ६५ | १९ | २० | ३९ | ३० | ३८ | ६८ | ३५ | ३३ | ६८ | ३५ | २८ | ६३ | ३०३ |
| ४ | श्री बाँसबारी नि.मा.वि. | २० | ३५ | ५५ | २७ | २४ | ५१ | २० | ३० | ५० | २९ | २६ | ५४ | १२ | ८ | २० | २३० |
| ५ | श्री कालिका प्रा.वि. | १७ | २० | २६ | १६ | १७ | ३३ | ९ | १० | १९ | १४ | १४ | २८ | ७ | १३ | २० | १३६ |
| ६ | श्री नवदुर्गे प्रा.वि. | १३ | २० | ३३ | ९ | ११ | २० | १२ | २० | ३२ | १५ | १३ | २८ | ९ | १२ | २१ | १३४ |
| ७ | श्री ज्योती मा.वि. | १४ | १६ | ३० | १८ | १८ | ३६ | १६ | १९ | ३५ | १८ | २८ | ४६ | १७ | २३ | ४० | १८७ |
| ८ | श्री ज्योती प्रा.वि. | ९ | ९ | १८ | ८ | १० | १८ | १८ | २१ | ३९ | १३ | १० | २३ | २१ | २० | ४१ | १३९ |
| ९ | श्री सरस्वती नि.मा.वि. | १८ | २० | ३८ | २० | ४४ | ४४ | २२ | २८ | ५० | २५ | ३० | ५५ | २९ | ३४ | ६३ | २५० |
| १० | श्री म.र.मा.वि. | २२ | २९ | ५१ | ९ | ९ | १८ | २६ | ३४ | ६० | ३२ | ३३ | ६५ | ३० | ३४ | ६४ | २५८ |
| ११ | श्री कञ्चनजङ्घा प्रा.वि. | २३ | २९ | ५२ | २० | २५ | ४५ | २५ | २५ | ५० | २४ | २९ | ५३ | २१ | २२ | ४३ | २४३ |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | श्री शान्ति प्रा.वि. | ३० | ४५ | ७५ | ३० | ३३ | ६३ | १८ | २४ | ४२ | २३ | २३ | ४६ | १४ | १८ | ३२ | २५८ |
| १३ | श्री मंगलमय मा.वि. | ४३ | ४२ | ८५ | २७ | २४ | ५१ | ४५ | ५७ | १०२ | ३५ | ३२ | ६७ | ९१ | १०० | १९१ | ४९६ |
| १४ | श्री शहीद रत्न प्रा.वि. | १९ | २० | ३९ | १५ | १४ | २९ | १५ | २३ | ३८ | १५ | १७ | ३२ | १२ | २३ | ३५ | १७३ |
| १५ | श्री लक्ष्मीनारायण उ.मा.वि | ४५ | ५३ | ९८ | ४२ | ४० | ८२ | ३९ | ४९ | ८८ | ५० | ४४ | ९४ | ३८ | ५० | ८८ | ४५० |
| १६ | श्री भानु उ.मा.वि. | १९ | ३० | ४९ | १८ | २० | ३८ | १८ | ३० | ४८ | २५ | २० | ४५ | २८ | २५ | ५३ | २३३ |
| १७ | श्री सिद्ध देवी प्रा.वि. | १५ | ११ | २६ | २० | २० | ४० | ११ | ९ | २० | १२ | ११ | २३ | १० | ११ | २१ | १३० |
| १८ | श्री सिंहदेवी प्रा.वि. | १५ | १४ | २९ | १० | ८ | १८ | ११ | १० | २१ | ७ | १२ | १९ | १० | ८ | १८ | १०५ |
| १९ | श्री अरनीको प्रा.वि. | ४० | ४५ | ८५ | १५ | १८ | ३३ | १७ | १३ | ३० | ८ | ९ | १७ | १० | १० | २० | १८५ |
| २० | श्री पञ्चकन्या प्रा.वि. | १४ | १८ | ३२ | १० | १४ | २४ | ७ | १० | १७ | ११ | ९ | २० | ७ | १३ | २० | ११३ |
| २१ | श्री हिमालय प्रा.वि | १५ | २० | ३५ | १९ | १४ | ३५ | २३ | २० | ४३ | २४ | १९ | ४३ | १९ | २१ | ४० | १९६ |
| २२ | श्री वणी मा.वि | २७ | ३० | ५७ | २५ | २० | ४५ | ३१ | ३० | ६१ | ४० | ४५ | ८५ | ३९ | ३६ | ७५ | ३२३ |
| २३ | श्री पीङडाँडा प्रा.वि. | १७ | १७ | ३४ | १२ | १४ | २६ | १६ | १३ | २९ | १७ | १७ | ३४ | ११ | १३ | २४ | १४७ |
| २४ | श्री गुहेश्वरी नि.मा.वि. | ४० | ३३ | ७३ | २५ | २० | ४५ | ३९ | ४४ | ८३ | ४३ | ३४ | ७७ | ३२ | २८ | ६० | ३३८ |
| २५ | श्री पाथीभरा प्रा.वि. | १५ | १३ | २८ | १८ | १२ | ३० | २० | १५ | ३५ | १८ | २१ | ३९ | १४ | १६ | ३० | १६२ |
| २६ | श्री मोती मा.वि. | २३ | २२ | ४५ | २४ | २६ | ५० | ३७ | ४१ | ७८ | ४२ | ३३ | ७५ | ३७ | ५० | ८७ | ३३५ |
| २७ | श्री सरस्वती मा.वि. | ४७ | ५० | ९७ | ३९ | ४० | ७९ | ४५ | ४३ | ८८ | ४० | ४५ | ९४ | ४५ | ४३ | ८८ | ४४६ |
| | जम्मा | ६६३ | ७२९ | १४२८ | ५५३ | ५५८ | ११११ | ६४३ | ७३५ | १३७८ | ६९० | ६८८ | १३७८ | ६६९ | ७२३ | १४१३ | ६७०८ |

स्रोतः–तोपगाछी स्रोतकेन्द्र, २०६७